साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३० ✪ अङ्क ४९ ✪ १० पुस २०८०, मङ्गलबार ✪ 26 Dec., 2023, Tuesday ✪ मूल्य रू. १०।-

## क्रान्तिबिना निर्वाचनबाट समाजवाद नआउने

भक्तपुर । विश्व कम्युनिस्ट आन्दोलनका एक महान् नेता स्तालिनको १४५ औँ जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी, भक्तपुर नगर समितिले बिहीबार कार्यकर्ता प्रशिक्षण कार्यक्रम गरेको छ ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले पुँजीवादी सरकारमा जाने एमाले, माओवादीजस्ता तथाकथित कम्युनिस्ट पार्टीहरू रुसका मेन्सेभिक पार्टीजस्ता हुन् भन्नुभयो ।

उहाँले भन्नुभयो, "मेन्सेभिकहरूले सशस्त्र सङ्घर्ष नगरेर चुनावबाटै समाजवादी व्यवस्था ल्याउने कुरा गरे । मेन्सेभिकहरूले पुँजीपतिवर्गसँग मिल्ने र राजा जारसँग पनि मिल्ने नीति लिए ।"

नेपालका कम्युनिस्ट आन्दोलनमा डा. माझीले राजा महेन्द्रको २०१७ सालको कदमको विरोध नगरेको उदाहरण राख्दै उहाँले डा. माझी पछि गएर राजसभाको सभापतिसमेत भएको घटना मेन्सेभिक प्रवृत्ति हो भन्नुभयो ।

अध्यक्ष रोहितले समाजवादको नारा दिने तर सार्वजनिक संस्थानहरू तथा उद्योगहरू बन्द गराउने शासक पार्टीहरू समाजवादी हुन नसक्ने भन्दै समाजवादी व्यवस्थाको निम्ति सशस्त्र सङ्घर्ष नै गर्नुपर्ने विचार राख्नुभयो ।

उहाँले भन्नुभयो, "क्रान्ति नगरी निर्वाचनबाट समाजवाद आउँदैन । प्रगतिशील कर प्रणाली लागू गरेर पनि समाजवाद आउँदैन ।" कम्युनिस्टहरूले गणतन्त्र मात्र भनेर नपुग्ने बरु समाजवादी गणतन्त्र नै भन्नुपर्ने उहाँको जोड थियो ।

अध्यक्ष रोहितले विचारधाराले नै मानिस सही वा गलत हुने तर्क गर्नुभयो । उहाँले जसरी पनि पैसा कमाउने उद्देश्य राख्ने मानिस कम्युनिस्ट हुन नसक्ने बताउनुभयो । व्यापक जनताको हितको निम्ति काम गर्नुपर्ने भन्दै उहाँले खराब वा गलत मानिसलाई समयमै पार्टीबाट निष्काशन गर्नुपर्ने उल्लेख गर्नुभयो ।

व्यक्तिगत स्वार्थ नहेर्नु नै स्तालिनको शिक्षा हो भन्दै अध्यक्ष रोहितले सहकारी संस्थाहरूलाई व्यक्तिगत हितमा दुरुपयोग गर्नु गलत भएको भनाइ राख्नुभयो । सहकारी संस्थाले गरिब किसानको सेवा गर्नुपर्ने भन्दै उहाँले व्यक्तिको हितको कुरा कहिल्यै टुङ्गिन्न तर समाजकै हितको कुरा गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाई स्तालिनको

बाँकी पृष्ठ १२ मा

## "जबसम्म जनता सचेत हुँदैनन् तबसम्म देश जोगाउन कठिन हुन्छ"




काठमाडौँ । नेपाल मजदुर किसान पार्टी कोसी प्रदेश समितिको आयोजनामा शनिबार कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भारतीय एकाधिकार पुँजी र भारतीय विस्तारवादको विरोध नगर्ने कम्युनिस्ट हुन नसक्ने बताउनुभयो ।

नेपालको शासक दलका नेताहरूको बरोबर दिल्ली दौडाइले देश जोगाउन नसक्ने र जबसम्म जनता सचेत हुँदैनन् तबसम्म देश जोगाउन कठिन हुने विचार व्यक्त गर्दै उहाँले राजनैतिक चेतनाको अभाव र निर्वाचनमा पैसाको लोभमा मत दिएर पार्टीलाई जिताउन नहुने विचार व्यक्त गर्नुभयो ।

बङ्गलादेशको स्वतन्त्रता आन्दोलनमा भारतीय सेना पठाउनु बङ्गलादेशको आन्तरिक मामिलामा ठाडो हस्तक्षेप भएको बताउँदै उहाँले नेपालको राजनीतिक मामिलामा पनि भारतीय विस्तारवादको निरन्तर हस्तक्षेप भइरहेको तर्फ सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले काठमाडौँ उपत्यकामा भएका सबैखाले सहुलियत देशका सबै क्षेत्रमा हुनुपर्ने र त्यसो भएमा ती क्षेत्रका मानिसहरू पनि आत्मनिर्भर हुने बताउनुभयो ।

सरकारले अहिले गरिरहेको काम देशको हितमा नभएको तर्फ सङ्केत गर्दै उहाँले सरकारले अहिले गरिरहेको काम आफैँले गरिरहेको हो या अरू कसैले योजनाबद्ध तरिकाले गराइरहेको हो, त्यसतर्फ सबै जनता सचेत हुनुपर्ने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र प्रवेश गरेर निर्वाचनलाई वर्गीय र राजनैतिक सङ्घर्षको रूपमा उपयोग गर्ने लेनिवादी सिद्धान्तअनुसार त्यहाँभित्र भएका सकारात्मक पक्षको वकालत र नकारात्मक पक्षको विरोध गर्ने नीतिका साथ नेपाल मजदुर किसान पार्टी अघि बढेको भएको बताउनुभयो ।

पार्टी स्थापनाको आधार मजदुर किसानको हितमा काम नगर्ने नीतिको विमति पनि रहेको उल्लेख गर्दै उहाँले नेपाल मजदुर किसान पार्टीको विचार र सिद्धान्त नै मजदुर र किसानको हितमा राजनीति गर्नु हो भन्नुभयो ।

उहाँले सबै पुँजीपतिवर्ग विदेशी दलाल नहुने चर्चा गर्दै समाजमा भएका हरेक प्रकारका नकारात्मक कुरा र विचारलाई सच्याएर जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देश विदेशीहरूको इसारामा चलिरहेकोतर्फ चिन्ता व्यक्त गर्दै उहाँले सरकारले गर्ने हरेक प्रकारका गलत कामको निरन्तर विरोध र आलोचना गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले सङ्गठित शक्तिले अरू शक्तिलाई हराउन सक्ने हुँदा जनताको चेतनास्तर बढाउनुपर्ने पनि बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी कोसी प्रदेशका संयोजक उकेश कवांले अहिलेसम्म सरकारमा गएका राजनीतिक दलले सिद्धान्त त्यागेर पद, पैसा र कुर्सीको लागि मात्र राजनीति गरिरहेको बताउनुभयो ।

कोसी प्रदेश संयोजक उकेश कवांको सभापतित्वमा सम्पन्न कार्यक्रममा दिनेश खड्गीले इजरायलले प्यालेस्टाइनमा गरेको अमानवीय हमला र रामेश्वर मचामसीले पार्टीको इतिहास, स्थापनाको आधारको विषयमा बताउनुभएको थियो । कार्यक्रममा नेक्रायुसङ्घका महेन्द्र बखुन्छेले पनि बोल्नुभएको थियो ।

## "साम्राज्यवादी आक्रमणको नेपाली जनताले विरोध गर्नु जरुरी छ"




भक्तपुर । "नेपाल मजदुर किसान पार्टीले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा आवाज उठाउँदै आएको छ । दुवाकोट र नगरकोट सडक निर्माण विलम्ब भएको विषय हामीले सडक र संसद्मा पटक पटक उठाएका छौँ ।"

उक्त भनाइ इजरायली फासीवादले प्यालेस्टिनमा मच्चाएको नरसंहारविरुद्ध नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घले शुक्रबार चाँगुमा गरेको प्रदर्शन तथा विरोध सभामा पार्टीका सचिव तथा सांसद प्रेम सुवालले राख्नुभएको हो ।

मेलम्चीको खानेपानी काठमाडौँ ल्याउने भनी एसियाली विकास बैङ्कसँग ६० अर्ब रुपैयाँ ऋण ल्याएर काम गरेको तर पानी आउने अवस्था नभएको उहाँले बताउनुभयो ।

सांसद सुवालले भन्नुभयो, "बैङ्क र वित्तीय संस्थाबाट ऋण प्रवाह भएको ४८ खर्ब रुपैयाँमध्ये साना उद्योगको लागि १ खर्ब मात्र गएको सार्वजनिक भयो । पुँजीवाद भनेको केही व्यक्तिको हातमा देशको स्रोत साधन कब्जा हुने हो । २०११ सालमा लोटा लिएर नेपाल पसेकाहरू नै अहिले देशको सबभन्दा धनीमा गनिएका छन् । त्यस्ता व्यक्तिहरू शासक पार्टीहरूको नजिक मात्र होइन सांसदसमेत बनेका छन् ।"

"कम्युनिस्टहरूले कामदारवर्गको सरकार बनाउँछन्, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्छन् । देशभित्र योग्यताअनुसार काम र कामअनुसार ज्यालाको व्यवस्था गर्छन्, शोषणको अन्त्य गर्छन् । एक व्यक्तिले अर्को व्यक्तिमा हुने शोषण अन्त्य भएपछि एक देशले अर्को देशमाथि हुने शोषण पनि अन्त्य हुन्छ । सरकारमा गएका नेपालका कम्युनिस्टहरूले यी काम गरेनन् । यसकारण, ती सबै नक्कली कम्युनिस्ट हुन्", सांसद सुवालले स्पष्ट पार्दै भन्नुभयो ।

उहाँले भन्नुभयो, "प्यालेस्टिनमा इजरायली फासीवाद र अमेरिकी साम्राज्यवादको कब्जा र जातीय नरसंहार हो । असोज ५ गते प्यालेस्टिनको नक्सा मेटेर इजरायली प्रम नेतन्याहुले संरा सङ्घमा मध्यपूर्वको नयाँ नक्सा देखाएका थिए । उक्त घटनामा नेपाली विद्यार्थी १० जनाको इजरायलमा ज्यान गुम्यो र १ जना विद्यार्थी बेपत्ता छ । युद्धभूमि इजरायलमा नेपाली युवा विद्यार्थीलाई काममा पठाउने प्रधानमन्त्री, मन्त्री, सचिव र म्यानपावर कम्पनीका सञ्चालकहरू दोषी छन् ।"

"हमासविरुद्धको लडाइँको निहुँमा अमेरिकी हतियार ल्याएर इजरायलले २० हजारभन्दा बढी प्यालेस्टिनीको नरसंहार, ९७ जना पत्रकार र ३१० स्वास्थ्य कार्यकर्ताको हत्या गऱ्यो । अस्पतालमुनि हमास लुकेको भनी इजरायलले गाजापट्टीका ३६ मध्ये २६ ओटा अस्पतालहरू ध्वस्त पाऱ्यो", उहाँले भन्नुभयो ।

प्यालेस्टिनमा इजरायली र अमेरिकी आक्रमण र जातीय नरसंहारको

बाँकी पृष्ठ १२ मा

## सिंहदरबारको नेतृत्वमा बस्नेहरूले गुनासो होइन, काम गरेर देखाउनुपर्छ

काठमाडौँ । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको परराष्ट्र सम्बन्ध र पर्यटन समितिको बिहीबारको बैठकमा नेपालका वायु सेवाहरूलाई युरोपेली सङ्घले कालोसूचीमा राखेको त्यस सङ्घको दादागिरी नै भएको समितिमा उपस्थित जानकारहरूले नै बताएको उल्लेख गर्नुभयो ।

सांसद सुवालले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीलाई युरोपेली सङ्घको नेपालविरुद्धको दादागिरीलाई जवाफ दिन आग्रह गर्दै खुट्टा नकमाउन सचेत गराउनुभयो ।

युरोपेली सङ्घको कालोसूचीविरुद्ध दस वर्षयताका प्रधानमन्त्री र मन्त्रीहरूले कस्तो प्रतिवेदन पेस गरे; एक वर्षको आफ्नो कार्यकालमा मन्त्रीबाट नेपालका विमान सेवालाई कालोसूचीबाट हटाउन के कस्तो काम भयो ? जनतालाई स्पष्ट बताउनुपर्ने उल्लेख गर्दै सांसद सुवालले सिंहदरबारको नेतृत्वमा बस्नेहरूले गरेर देखाउने हो, गुनासो गरेर बस्ने होइन, सिंहदरबारमा बस्नुको औचित्य देखाउन सक्नुपर्छ भन्नुभयो ।

"जानकारहरू कतिपयले लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल भैरहवाको लागि इन्डियन सरकारले नेपाललाई उडान अनुमति नदिने पनि स्पष्टसँग राख्नुभयो । अब मन्त्रीले त्यस्तो ठाउँमा अर्बौं अर्ब रुपैयाँ खर्च गरी विमानस्थल किन बनाउन लगाइयो ? छानबिन गराउनु जरुरी छ ।" सांसद सुवालले उल्लेख गर्नुभयो

सांसद सुवालले थप्नुभयो, "३८ लाख रुपैयाँ पुँजीमा ६५ वर्ष अगाडि स्थापना भएको नेपालको विमान सेवाको अहिले ४९ अर्ब रुपैयाँ ऋण कसरी लाग्यो ? एउटा लोटा लिएर नेपाल आएको मानिस यही समयमा नेपालको सबभन्दा धनी मान्छे हुन्छ ! नेपाल वायु सेवा निगमको अर्बौं अर्ब रुपैयाँ ऋण किन हुन्छ ? यो विषयबारे मन्त्रीले जनतालाई स्पष्टसँग बताउनु जरुरी छ ।"

"नेपाल वायु सेवा निगमलाई व्यवस्थापन करारमा दिने र प्राधिकरणलाई नियमन र सञ्चालन गरी अलग हुनुपर्ने सुझाव आएको मन्त्रीले उल्लेख गर्नुभयो । तर, प्रदेशको व्यवस्था भएपछि देश विकास हुने दाबी गरिएको थियो । अहिले मुख्य मन्त्रीहरू नै सन्तुष्ट नभएको र प्रदेश नै खारेज गर्नुपर्नेतर्फ जनताको आवाज उठिरहेको छ । मन्त्रालय, प्राधिकरण र निगमभित्रका गोमन सर्प नियन्त्रण नभएसम्म नेपाली वायु सेवा राम्रोसँग चल्नेछैन । मन्त्री आफैँ गोमन सर्पसँग

बाँकी पृष्ठ १२ मा

## अर्थतन्त्र गिर्नुमा कृषिपछि असन्तुलित उद्योग र वाणिज्य मुख्य कारण

काठमाडौँ । देशको उद्योगको उत्पादन र निर्यातको कमीकै कारण देशको अर्थतन्त्र झन्झन् तल झर्दै गएको कारणमध्ये कृषिपछि उद्योग र वाणिज्यको असन्तुलन मुख्य कारण हो । उद्योगपतिहरूले जनताको तुलनामा विद्युत् आपूर्तिको सबै सुविधा लिने तर तिर्नुपर्ने रकम नतिर्ने अड्डी लिएपछि प्रम पुष्पकमल दाहालले 'बक्यौता नतिर्नेको लाइन काट्ने' निर्देशन दिए । *(नागरिक, ६ पुस २०८०)*

शनिबारको 'नागरिक' ले लेख्यो - 'चार ठुला उद्योगको बिजुली काटियो ।' 'प्राधिकरणले उद्योगको बिजुली काटेसँगै उद्योगपति आक्रोशित', 'उद्योग व्यवसायीहरूले राज्यसँग जोरी खोज्दै अनेक निहुँ खोज्दै प्रतिशोधमा उत्रिने धम्की दिए ।' ८ पुस २०८० को 'राजधानी' ले लेख्यो - 'तिर्न मानेनन् झन्डै २२ अर्ब रुपैयाँ ।'

एमाले र एमाओवादीहरूको प्रभाव रहेको संसद् र सरकार कति निरीह छ र 'कम्युनिस्ट' भन्नेहरूले मजदुरहरूको हित नहेर्दा देश कसरी भड्खालोमा पर्छ भन्ने एक उदाहरण हो यो ।

बाँकी पृष्ठ १२ मा

## जलस्रोत

देशमा भूगोलविद्हरूको कमी भए जस्तै जलस्रोतविद् तथा भूगर्भशास्त्रीहरूको अभाव पनि त्यत्तिकै अनुभव गरिएको कुरो हो । हाम्रो देशलाई जलस्रोतमा धनी भनिन्छ तर आजसम्म देशका ३० प्रतिशत जनताले मात्रै खानेपानी र विद्युत् उपभोग गर्न पाइरहेका छन् । साथै, खिम्ती र मर्स्याङ्दीजस्ता ठूल्ठूला विद्युत् आयोजनामा विदेशी पुँजीले सयौं मेगावाट जलविद्युत् उत्पादन गर्दै छन् तर बरोबर विद्युत् वितरण बन्द (लोडसेडिङ) भइरहन्छ; बिजुलीको महसुल बढ्दै छ । चीन, श्रीलङ्का, भुटान र भारतमा भन्दा पनि हाम्रो देशमा बिजुली महँगो छ । जलस्रोतको धनी देशमा, डिजेलले उत्पादन गरेको बिजुलीभन्दा जलविद्युत् किन महँगो हुन्छ र जलविद्युत्को उत्पादन बढ्दै गए पनि नेपालमा विद्युत्को कमी किन हुँदै छ भन्ने प्रश्न टड्कारो छ ।

कम लागतमा बिजुली उत्पादन हुने ठाउँमा विदेशी पुँजीलाई लगानी गर्न दिने अनि बढी पुँजी आवश्यक हुने ठाउँमा नेपालले लगानी गरेको हुँदा बिजुलीको उत्पादनको मूल्य बढ्नु स्वाभाविक छ । विदेशी ऋण लिई लगानी गर्दा विदेशी सल्लाहकार र प्राविधिकहरूलाई नेपालीलाई भन्दा १०/२० गुना कमिसन र पारिश्रमिक दिनुपर्दा पनि बिजुलीको मूल्य बढ्छ । त्यस्तै, उच्च ब्याजमा डलर लिई डलरमै ब्याज तिर्दा पनि बिजुलीको मूल्य मात्रै बढ्ने होइन, देश नै विदेशी ऋणको पासोमा पर्दै छ । नेपालका सीमाहरूमा पनि एक रातमा १० पटक निभ्ने डिजेलद्वारा उत्पादित भारतको महँगो बिजुली नेपाल भित्र्याएर नेपालको सस्तो जलविद्युत् भारतलाई आपूर्ति गर्दै आइएको छ । साथै, भारतसँग लिनुपर्ने करोडौं-करोड विद्युत् महसुल नेपालले असुल गर्न सकेको छैन । नेपाललाई अप्ठेरो पारेका यस्ता कुराहरू समेत विद्युत् प्राधिकरण वा जलस्रोत मन्त्रालयले नेपाली जनताबाट लुकाउँदै आएका छन् ।

त्यति मात्रै होइन, नेपालकै नदीहरूबाट भारतको अत्यन्त ठूलो भूभाग सिँचाइ भई उत्पादनमा अत्यधिक वृद्धि हुँदै छ भने कोशी, गण्डक, महाकाली र टनकपुरजस्ता असमान सन्धिहरूका कारण नेपाली भूमि सिँचाइ नभई बाँझो छ । नेपालका नदी-नाला र नहरहरूको सबै साँचो भारतको हातमा छ । त्यस्तै, लक्ष्मणपुर बाँध, रसियावाल-खुर्दलोटन बाँध, कोइलाबास बाँध आदि ठाउँ र जिल्लाका सीमाहरूमा भारतले एकतर्फी बाँधहरू बनाएको हुँदा नेपालतर्फको हजारौं हेक्टर खेतीयोग्य जमिन डुबान क्षेत्रमा परिणत भइरहेको छ । वर्षाको बेला हाम्रो धेरै भूभाग बाढीको चपेटामा पर्छन् र सुख्खा याममा हामीसँग एकथोपा पानी हुँदैन । कोशी बाँधको नेपालतर्फको नहर भारतले नखोल्दा त्यस क्षेत्रका हजारौं-हजार बिघाको धानखेती सुक्ने गरेको छ ।

नेपालका देशभक्त जनता र राजनीतिक पार्टीहरूले भारतको त्यस मिचाहा प्रवृत्तिको विरोध गर्दै अन्तर्राष्ट्रिय सन्धिविपरीत बनेका भारतीय बाँधहरू भत्काउन आवाज उठाए । तिनीहरूले सदन र सडकमा आवाज उठाए । त्यस्तै, संसद्को परराष्ट्र एवम् मानव अधिकार समितिले पनि ती बाँधहरू भत्काउनुपर्ने निर्णय संसद्मा प्रस्तुत गऱ्यो ।

भारतका माथिल्ला कर्मचारी र प्राविधिकहरू नेपालमा जतिसुकै ठूलो बाढी आए पनि नेपालको भूभाग नडुब्ने असत्य कुरा अगाडि सार्छन् ।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी–४

✍ हरिबहादुर श्रेष्ठ

तिनीहरूले भारतमा बनेको नेपालका मुख्य-मुख्य नदीनालाका नमुना वा हाइड्रोल्याबबाट जानेका कुरा बताउँछन् । नेपालका नदी-नालाहरूमा के-कति पानी पर्दा कुन-कुन नदीले कहाँ के-कति क्षति पुऱ्याउँछ भन्ने अध्ययन गर्ने जलस्रोतसम्बन्धी प्रयोगशाला वा हाइड्रोल्याब नेपालमा बनेको छैन । कोशी, गण्डकी, कर्णाली वा अन्य ठूल्ठूला नदीको बाढीले गर्ने क्षतिको अनुमान गर्न नेपाल सरकारले जर्मनीमा वा भारतमा बनेका नेपालसम्बन्धी हाइड्रोल्याबको सल्लाहमा बस्नुपर्ने स्थिति छ । त्यसमा पनि भारतमा भएका दुई हाइड्रोल्याबमध्ये एउटा आफ्नो रक्षासम्बन्धी भन्छन् । विदेशी र नेपालीलाई देखाउने अर्को ल्याब कति सही छ, त्यो नेपालीहरूलाई थाहा छैन । त्यस्तै, जर्मनीमा एकजना व्यक्तिलाई एकचोटी हाइड्रोल्याब हेरेर आउन ३-४ लाख रुपियाँ खर्च लाग्छ । यसो हेर्दा नेपालको ढुकुटीको साँचो विदेशमा छ भनेमा फरक पर्दैन ।

नेपालमा कैयौं जलस्रोतमन्त्रीहरू बनिसकेका छन् । तर, तिनीहरू कसैले पनि नेपालमा हाइड्रोल्याब बनाउने काम गरेनन् । आजसम्मका सबै सरकार वा पञ्चायतकालीन सरकारहरू, नेकांका भट्टराई, गिरिजा वा देउवा तथा एमालेका ९ महिनाको मनमोहन अधिकारीको सरकार, माओवादीको सरकार वा अनेक संयुक्त सरकारहरूको समेत यस विषयमा ध्यान नजाँदा हरेक संवेदनशील नेपालीको चित्त दुख्नु स्वाभाविकै हो । ती सरकार र नेताहरूप्रति संवेदनशील जनताको आक्रोश देखिनु पनि त्यत्तिकै स्वाभाविक छ ।

त्यति मात्रै होइन, हिजो नेपालमा २-३ जना मात्रै इन्जिनियरहरू हुँदा र जलस्रोतविद्हरू नहुँदा वा साह्रै कम हुँदा भारतले जुन-जुन खेस्रा लिएर आउँथ्यो त्यसैमा नेपाली प्रतिनिधिहरूले हस्ताक्षर गर्थे । बाटोघाटोको अभाव र कठिन भूगोलको कारण नेपाली प्राविधिक र कर्मचारीहरूलाई आफ्नै देशका नदी-नालाबारे राम्रो जानकारी थिएन, नेपाल हरेक सन्धि-सम्झौतामा ठगिँदै गयो ।

आज पनि नेपालमा जलस्रोतविद्हरूको कमी छ । नेपालका नदी-नालाहरूको हरेक महिना र मौसमको पानीको मात्रा, प्रवाह वा तल-माथिका सबै तथ्याङ्क भारतलाई थाहा हुन्छ तर नेपालको सरकारलाई थाहा हुँदैन । सन् २०२५ सम्ममा भारतको जनसङ्ख्या दोब्बर हुने अनुमान छ; जनसङ्ख्याअनुसार खाद्यान्न उत्पादन बढाउनु जरुरी छ । त्यसको निम्ति सिँचाइ र पानी प्राथमिक वस्तु हुन् । सन् २०१२ सम्ममा नेपालका सबै नदी-नाला आफ्नो हातमा लिने भारतीय पक्षको सोचबारे व्यापक चर्चा सबैले सुनेकै हो । भारतमा बग्ने सबै नदीको पानीमध्ये ४० प्रतिशत पानी नेपालबाट बग्ने नदीहरूको हो । नेपालको बाढीको पानीसमेत विभिन्न नहर र अन्य बन्दोवस्तमार्फत दक्षिण भारतसम्म पुऱ्याउने भारतको योजना छ । तर, अन्तर्राष्ट्रिय नियमअनुसार नदीको माथिल्लो भाग र तल्लो भागका अधिकारहरूबारे ध्यान दिन अत्यावश्यक छ । संरा अमेरिका र क्यानडा तथा ब्राजिल र पाराग्वे भन्ने देशबिचको पानीको बाँडफाँटको सन्धि-सम्झौताबारे जानकारी आवश्यक छ । ती देशहरूबिच भएका सन्धि-सम्झौताअनुसार संरा अमेरिका र ब्राजिलले क्रमशः क्यानडा र पाराग्वेलाई हरेक वर्ष अत्यन्त ठूलो रकम दिने गर्छन् । नेपालबाट भारतमा बग्ने पानीको सिँचाइबाट हुने कृषि उत्पादन वृद्धि वा जलविद्युत्बाट हुने आम्दानीको केही भाग नेपालले पनि पाउनुपर्ने आवाज केही वर्षदेखि उठ्दै आएको छ । तर, नेपालका सरकारहरू असहाय देखिन्छन् भने भारतको मिचाहा नीति झन्-झन् आक्रामक हुँदै छ ।

माथिका सबै कुराले नेपाल जलस्रोतले सम्पन्न देश भएर पनि जलस्रोतविद्हरूको कमीका कारणले जलस्रोतबाट हुने अनेक फाइदा लिन सकिएको छैन भन्ने थाहा हुन्छ । जल-यातायातको सम्भावना, मत्स्यपालन आदि विषय पनि यथावत छ । यसकारण, देशको यस्तो महत्त्वपूर्ण स्रोतको उपयोगका निम्ति पनि हजारौं-हजार भाइबहिनीले जलस्रोतबारे अध्ययनमा आफ्नो ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

## पत्रकारिता

**भाइ राजु र बहिनी दीपा,**

तिमीहरूले पत्रमा पत्रकारिताको महत्त्वबारे पनि विद्यार्थीहरूमाझ छलफल भइरहेको कुरा उठाएका छौ ।



हो चि मिन्ह

युग अगाडि बढ्दै गएपछि पत्रकारिताको महत्त्व पनि बढ्दै जानु स्वाभाविक हो । पहिले माथिल्ला व्यक्तिहरूको भ्रमण, राजा-महाराजा तथा सरकारीस्तरका समाचारहरू, ठूल्ठूला घटना, मानव आश्चर्य र चमत्कारका दुर्लभ विषयहरू नै समाचारका विषय बन्थे । पत्रकारिताको विकास हुँदै गएपछि अहिले विज्ञान, प्रविधि, साहित्य, यात्रा, जाति-जनजाति, तिनीहरूका रीतिरिवाज, चाल-चलन वा संस्कृति, कला, पशुपन्छी, कृषि, वन, जङ्गल र औद्योगिक उत्पादन, व्यापारिक गतिविधि, सहरदेखि गाउँ र राजधानीदेखि दुर्गम जिल्लासम्मका शिक्षा, स्वास्थ्य, प्रगति एवम् विकास-निर्माणका गतिविधिसमेत समाचारका विषय बन्दै गयो ।

हुन पनि पत्रकारिताको विकासले अत्यन्त महत्त्वपूर्ण तर कसैको ध्यानसमेत नगएको विषयलाई समेत समाजको अगाडि उजिल्याई जनतालाई जानकारी दियो । पत्रकारिता नहुँदो हो त प्रचार गर्नुपर्ने वा जनतालाई सुसूचित गर्नुपर्ने विषय पनि जनता वा सरकारलाई समेत साह्रै पछि मात्रै थाहा हुने थियो । यसकारण, पत्रकारिताको महत्त्व स्पष्ट हुन्छ ।

पत्रकारिता आस्था र व्यावसायिक गरी दुई भागमा विभाजित छ । आस्था वा मिसन पत्रकारिता एउटा निश्चित वैचारिक उद्देश्य लिएर अगाडि बढेको हुन्छ भने व्यावसायिक पत्रकारितामा रोजगारी, उद्योग, व्यापार वा नाफाको निम्ति पुँजी लगानी गरिएको हुन्छ । आस्थाको पत्रकारिताले प्रजातन्त्र, समाजवाद वा साम्यवादजस्तो कुनै एउटा राजनीतिक दर्शनको आधारमा एक आदर्श समाज निर्माण गर्न, समाजका विकृतिमा सुधार ल्याउन एवम् शिक्षा तथा स्वास्थ्यको निम्ति आफूलाई समर्पित गर्ने गर्छ भने व्यावसायिक पत्रकारिताले साहु-महाजन, उद्योगपति वा व्यापारीहरूसँग रक्सी, जाँड, चुरोट, कोकाकोलाजस्ता पेय पदार्थ र अन्य वस्तुको विज्ञापन लिएर वा प्रचार गरेर केहीलाई रोजगारी उपलब्ध गराउँछ र नाफालाई प्राथमिकता दिन्छ । व्यावसायिक पत्रकारिता पहिले पत्रिकालाई व्यापारिक ढङ्गले नाफामा चलाउन सुरु हुन्छ भने पछि एक सेवा उद्योगको रूपमा अगाडि बढ्छ । त्यसले उद्योग वा अन्य विषयको प्रचार वा विज्ञापनकै निम्ति पत्रकारितालाई अगाडि बढाउँछ - रङ्गीन गरेर होस् वा विविध सामग्री दिएर होस् वा अश्लिल फोटो राखेरै किन नहोस् ।

व्यावसायिक पत्रकारिताले एक प्रकारको पुँजीपति वर्ग वा सत्तामा बस्ने अल्पतन्त्रवादीहरूको अङ्गको रूपमा काम गर्छन् । अन्त्यमा व्यावसायिक प्रचारमाध्यमहरू विदेशी पुँजीकै एक भाग हुन थाल्छन् । नेपालमा पनि कतिपय छापा तथा विद्युतीय प्रचारमाध्यम विदेशी पुँजीबाट सञ्चालित छन् र तिनले निश्चित वर्ग एवम् राजनीतिक पक्षको सेवा गर्दै छन् । ती बहुराष्ट्रिय कम्पनीका प्रचारमाध्यमले जनमतलाई पहिले आफ्नो पक्षमा लिन्छन् र पछि साम्राज्यवादी हस्तक्षेप एवम् आक्रमणको वकालत गर्न पुग्छन् ।

तिमीहरूले केही उदाहरणीय पत्रकारहरूको बारे जिज्ञासा राखेका थियौ । त्यसो त मार्क्स र एँगेल्सले पनि जर्मनीको क्रान्तिको बेला 'राइन समाचार' (राइनिश्चे जाइटुङ) पत्रिका प्रकाशित गरेर त्यसलाई समाजमा क्रान्तिको दूत बनाउनुभएको थियो भने लेनिनले 'फिलिङ्गो' (इस्क्रा) पत्रिका प्रकाशन गर्नुभयो र पेशाका हिसाबले आफूलाई उहाँ एक पत्रकार नै सम्झनुहुन्थ्यो । त्यस्तै, स्तालिन र माओ त्से-तुङले पनि समाचारपत्रदेखि पार्टी मुखपत्रसम्मका प्रकाशनमा काम गर्नुहुन्थ्यो भने हो चि-मिन्हले संवाददाता भई अल्जेरियामा काम गर्नुभयो ।

## जोन रिड

पत्रकारकै हिसाबले एकजना कहलिएका व्यक्ति जोन रिड पनि हुन् । संरा अमेरिकाको एक सम्पन्न परिवारका युवक विश्वविद्यालयमा समाजवादी विचारसँग परिचित भए । परिवारले त्यसलाई उनको युवासुलभ भावना सम्झे र पछि पारिवारिक सम्पत्ति एवम् सम्पन्नता थाहा पाएपछि आफ्नो विचार बदल्ने अनुमान गरे । तर, उनले पत्रकार भई मेक्सिकोको किसान आन्दोलनबारे समाचारमार्फत संसारलाई सुसूचित गर्दै गए; खानी र कारखाना वा जहाँ-जहाँ आन्दोलन र सङ्घर्ष हुन्छ, त्यहाँ-त्यहाँ पुगेर वास्तविक स्थिति उदङ्ग्याउँदै कामदार वर्गमाथि भइरहको अन्याय, अत्याचार र शोषणलाई सबैको सामुन्ने प्रस्ट पार्ने काम गर्दै गए ।

सन् १९१७ मा रुसमा मजदुर वर्गको पार्टी बोल्सेभिकको नेतृत्वमा समाजवादी क्रान्तिको पहिलो बन्दुक पड्क्यो । जोन रिडले पुँजीपति वर्गको स्वार्थ बोक्ने करेन्स्कीको सरकारका प्रमुख व्यक्तिहरूका दरबार र कार्यालयहरू तथा बोल्शेभिक नेताहरूको सङ्घर्षको थलो र गुप्त ठाउँहरूमा समेत पुगेर लडाइँको वास्तविक स्थितिबारे संसारलाई सुसूचित गर्दै गए । गोली हानाहान भइरहेको ठाउँबाट एक सडक हुँदै अर्को सडक, एक गल्लीबाट अर्को गल्ली तथा एक प्रान्त, जिल्ला र गाउँबाट अर्को प्रान्त, जिल्ला र गाउँ पुगेर क्रान्तिको स्थिति, जनताको मनोभावना तथा क्रान्तिकारी र क्रान्तिविरोधीहरूको हार-जितबारे 'न्युयोर्क टाइम्स' भन्ने समाचारपत्रलाई खबर पठाउँदै गए ।

रुसी अक्टोबर क्रान्तिका ती सबै नागबेली बाटो, हार-जित र रगताम्य सङ्घर्षबारे प्राप्त सबै दस्तावेज एवम् समाचारहरूका कागजपत्रको



जोन रिड


अध्ययन गरी जोन रिडले 'संसारलाई हल्लाउने ती दश दिन' शीर्षकको पुस्तक लेखेर विश्वका जनतामाझ त्यसबेला आँखाले देखेका घटनाहरूको वर्णन प्रस्तुत गरे । त्यो पुस्तक संसारभरि नै एक अति महत्त्वपूर्ण पुस्तक बन्यो । पत्रकारिताको जगतमा नयाँ जाज्वल्यमान् कृति थपियो । लेनिनले मन पराउनुभएका पुस्तकमध्ये त्यो एउटा थियो । यात्रा वर्णन, उपन्यास र लघुकथामात्रै पाठ्यसामग्री सम्झिने युरोपमा र बाइबलपछि फ्रान्सेली क्रान्तिबारे मात्र बढी पढिने संसारमा 'संसारलाई हल्लाउने ती दश दिन' एउटा उत्कृष्ट र अत्यन्त महत्त्वपूर्ण पठनीय सामग्री बन्यो । अक्टोबर क्रान्तिले साहित्य संसारमा पनि नयाँ क्रान्ति ल्यायो ।

त्यस्तै, युवा अवस्थामै अमेरिकाको प्रवासमा रहेका पत्रकार अल्बर्ट रीस विलियम्सले 'अक्टोबर क्रान्ति' नामक पुस्तक लेखेर बोल्सेभिकहरूको मानवीय गुण, रुसी जनताको भावनाका साथै प्रतिक्रियावादी वर्गका सबै क्रान्तिविरोधी जालसाजीहरू उदङ्ग्याइदिए । बोल्सेभिक क्रान्तिबारे यस्ता राम्रा-राम्रा पुस्तक वा रिपोर्टहरू त्यसबेला नलेखिएका भए संसारका जनताले धेरैपछि मात्रै रुसी समाजवादी अक्टोबर क्रान्तिको वास्तविकता थाहा पाउँथे ।

## एड्गर स्नो

एड्गर स्नो पनि अमेरिकी पत्रकार हुन् । चिनियाँ क्रान्तिको समयमा चिनियाँ जनताले आफ्ना नेताहरूबारे जानकारी पाइसकेका थिएनन् । त्यस्तो बेला अनेक पहाड र नदी-नाला पार गर्दै चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरू अध्यक्ष माओ त्से-तुङ, चाउ एन-लाइ र अन्य नेताहरूसँग गुफा-गुफामा गई भेटेर संसारलाई त्यसबारे जानकारी दिने व्यक्ति नै एड्गर स्नो थिए । पहिले समाचारको रूपमा अमेरिकी समाचारपत्रमा पठाएकै रिपोर्टलाई 'चीनको आकाशमा रातो तारा' भन्ने पुस्तकको रूप दिई संसारलाई चिनियाँ क्रान्तिको उद्देश्य, उपाय र त्यसका अग्रदूतहरूबारे जानकारी दिने व्यक्ति नै एड्गर स्नो हुन् । उनले चीनजस्तो विशाल, विकट र रहस्यमयी देशको क्रान्तिको स्पष्ट तस्बिर खिचेर पत्रकार र लेखकको रूपमा चीनबारे अनेक रचनाहरू दिएर चीनको आजको दिनको चित्र कोरेका थिए ।

उनको योगदानलाई चिनियाँ कम्युनिस्ट पार्टी, सरकार र चिनियाँ जनताले बिर्सेका थिएनन् । भियतनाम युद्धको अन्त्यतिर भियतनामले संरा अमेरिकालाई आच्छु-आच्छु पारिरहेको थियो । अमेरिकाको चीनसँग कूटनीतिक सम्बन्ध थिएन । चीनको सहयोगविना भियतनामबाट अमेरिका बाहिर निस्कन सक्ने सम्भावना थिएन । संसारलाई हात-हतियार र डलरले जित्न खोज्ने अमेरिकी साम्राज्यवाद चीनसँग कूटनीतिक सम्बन्ध राख्न अति छट्पटाइरहेको थियो । तर, सूत्र पाइनसकेको बेला एड्गर स्नोलाई अमेरिकी राष्ट्रपतिले स्वीट्जरल्यान्डबाट झिकाई चीनमा आफ्नो सन्देशबाहक बन्न आग्रह गरे किनभने अमेरिकी सरकारले प्रस्ताव राखेका अनेक व्यक्तिहरूलाई चीनले भीसा (प्रवेशाज्ञा) दिएको थिएन । तर, एड्गर स्नोको नाम पाउनासाथ चिनियाँ सरकारले हरियो बत्ती देखायो र झन्डै २० वर्षदेखि विच्छेद भएको सम्बन्ध जोड्नमा एड्गर स्नो उपयुक्त पुल साबित भए ।



# माओ त्से तुङ विचारधाराको सार– एक दृष्टि

✍ समा

अध्यक्ष माओ त्सेतुङ भन्नुहुन्थ्यो - 'जनताको सेवा गर ।' यो केवल एउटा भनाइ होइन चिनियाँ कम्युनिस्ट पार्टीको उद्देश्य र प्रत्येक पार्टी कार्यकर्ताहरूको जीवनपद्धति या व्यवहार बन्यो । करोडौं करोड चिनियाँ जनताको निम्ति महत्त्वपूर्ण मार्गदर्शन बन्यो । चिनियाँ क्रान्तिको ऊर्जा बन्यो । आज चीनमा विद्यालयदेखि विश्वविद्यालयका भित्ताहरूमा मात्र होइन नयाँ पुस्ताको हृदयहृदयमा 'जनताको सेवा गर' भन्ने विचार सल्बलाइरहेको पाइन्छ । अध्यक्ष माओको विचारको आभा चीन र चिनियाँ जनताले आज पनि तेजिलो महसुस गर्दै छन् ।

अध्यक्ष माओको विचारबाट दीक्षित क्रान्तिकारी किसान र मजदुरहरूकै बलमा चीनको भूमिमा जापानी उपनिवेशविरुद्धको देशभक्तिपूर्ण सङ्घर्ष तथा समाजवादी क्रान्ति सफल भएको हो । समाजवादी व्यवस्था निर्माणको सुरुआती महत्त्वपूर्ण चरणमा अध्यक्ष माओको शिक्षा या विचार कति सशक्त थियो भन्नेबारे आजको विश्व चर्चा चालू राख्दै छ । अध्यक्ष माओको विचार विश्व कम्युनिस्ट आन्दोलनको निमित्त महत्त्वपूर्ण शिक्षा हो भने आजको शक्तिशाली चीन त्यही वैचारिक आधारशिलामा उभिएको छ । अध्यक्ष माओको विचार, जीवनदर्शन, नेतृत्वकौशल तथा व्यवहारको उपज हो आजको चीन । चीनको भूमिमा माओ विचारधारा मार्क्सवाद, लेनिनवादको माटो सुहाउँदो या व्यावहारिक प्रयोग हो भनी स्वयम् अध्यक्ष माओले भन्नुभएको छ । उहाँले




चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्व कसरी गर्नुभयो ? सरल किसानहरूलाई कसरी कम्युनिस्ट बनाउनुभयो ? सेना, कार्यकर्ता र पार्टी नेतृत्वलाई उहाँले कसरी तालिम दिनुभयो ? अध्यक्ष माओ र उहाँको विचारधाराको अध्ययन गर्दा उठ्ने जिज्ञासाहरू हुन् यी । यी जिज्ञासा उहाँकै रचनाहरूबाट मेटिन्छ । पुस्तक 'Secleted Readings from the works of Mao Tsetung' अध्यक्ष माओको विचार र कार्यशैली बुझ्न सघाउने महत्त्वपूर्ण कृति हो ।

आज डिसेम्बर २६ अर्थात् माओको जन्मदिवसको अवसरमा उहाँका रचनाहरूबारे चर्चा गर्नु अझ बढी सामयिक होला । 'माओका सङ्कलित रचनाहरू'को यस भागमा चिनियाँ समाजको वर्ग विश्लेषणदेखि हुनान किसान आन्दोलनका किस्साहरू छन् । देशको मुक्ति आन्दोलनदेखि समाजवादी क्रान्तिका केही चरणहरूको जानकारी छ । सामन्तवादी समाजदेखि समाजवादी समाज व्यवस्था निर्माणका दौरान भएका सैद्धान्तिक तथा वैचारिक सङ्घर्षका अध्यायहरू छन् । विश्वलाई हेर्ने दृष्टिकोण पुस्तकमा छ । सबैभन्दा महत्त्वपूर्ण यस भागमा पार्टी सङ्गठन, नेतृत्व, कार्यकर्ता, अध्ययन, व्यवहार र पार्टी अनुशासनबारे अध्यक्ष माओको धारणा सङ्ग्रहित छ ।

देशभित्र र बाहिरका वैचारिक विरोधाभाषहरूको गाँठो सुल्झाउन अध्यक्ष माओ कति पोख्त हुनुहुन्थ्यो भन्ने थाहा पाउन यो पुस्तक नपढी हुन्न । क्रान्ति र निर्माणका लागि चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका नै चीनको गर्विलो इतिहास हो भन्ने महसुस गराउँछ यस कृतिले । तत्कालीन समयको राष्ट्रिय सङ्घर्षमा कम्युनिस्ट पार्टीको भूमिका जापानी उपनिवेश र साम्राज्यवादीहरूलाई लखेटेर नयाँ चीन निर्माण गर्नु मात्र होइन चीनमा जरा गाडेर बसेको सामन्तवादी व्यवस्थालाई निर्मूल पार्नु पनि थियो । समाजवादी अर्थात् कम्युनिस्ट आन्दोलन नै चीनको मुक्ति मार्ग हो भन्ने तय भइसकेपछि प्रतिक्रियावादीहरूले चिकपातिर 'देशभक्ति कि अन्तर्राष्ट्रवाद ?' भन्ने प्रश्न तेर्साए । एक जना कम्युनिस्ट जो अन्तर्राष्ट्रवादी हुन्छन्, के उनी देशभक्त हुन सक्छन् ? अध्यक्ष माओले जवाफ दिनुभयो - "एकजना अन्तर्राष्ट्रवादी कम्युनिस्ट देशभक्त हुनु अनिवार्य छ ।" जापानी आक्रमणकारीहरूले भनेको देशभक्ति या हिटलरको राष्ट्रवाद दुवै विरुद्ध लड्नु चिनियाँ जानताको देशभक्ति हो । जापान र जर्मनीका कम्युनिस्टहरू चीनमाथिको आक्रमणविरुद्ध आफ्नै देशबाट चिनियाँ जनताप्रति ऐक्यबद्धता जनाउँदै थिए । त्यसकारण चीनको मुक्तिको बाटोमा अन्तर्राष्ट्रिय भावनासँगै देशभक्ति अनिवार्य छ भन्ने सन्देश अध्यक्ष माओले सञ्चार गर्नुभयो । कम्युनिस्टहरू देशभक्त हुँदैनन् भन्ने प्रतिक्रियावादीहरूको मनोवैज्ञानिक युद्धविरुद्ध अध्यक्ष माओले आफ्नो सेना र कार्यकर्ताहरूलाई ऊर्जा दिनुभएको सन्दर्भ निकै रोचक छ । उहाँले भन्नुभयो -"कम्युनिस्टहरू राष्ट्रिय सङ्घर्षहरूमा राम्रो उदाहरण बन्नुपर्छ । कम्युनिस्टहरू नै वास्तवमा देशभक्तिपूर्ण आन्दोलनहरू र वर्गीय लडाईंका अगुवा हुन्छन् ।"

राष्ट्रिय चेतना, राष्ट्रिय गौरव, स्वाभिमान, सार्वभौमिकताप्रतिको प्रेम र आत्मविश्वास कम्युनिस्टहरूको प्राथमिकता हो । त्यतिबेला चीनको सेना बलियो थिएन, अर्थतन्त्रमा चीन निकै पिछडिएको थियो । राजनीतिक व्यवस्था प्रजातान्त्रिक थिएन, भ्रष्टाचार र निरासा व्याप्त थियो । जनताको एकता थिएन । त्यस्तो समयमा कम्युनिस्टहरूले नै क्रान्तिको अगुवाइ गरेको इतिहास नै चीनको इतिहास हो ।

कम्युनिस्टहरूसँग देश र जनताको निम्ति बहादुरीपूर्वक लड्ने, पार्टीको फलामे अनुशासनमा बस्ने, राजनीतिक सुझबुझसहित सैद्धान्तिक रूपमा खारिने ऊर्जा हुनुपर्छ । कम्युनिस्टहरू जनताका सच्चा मित्र हुन्छन्, सेवक हुन्छन्, कामरेडली भावना या प्रेमले भिजेका हुन्छन् । कम्युनिस्ट नि:स्वार्थी, निडर तथा इमानदार हुन्छन् । व्यक्तिगत स्वार्थ, रहर, परिवार, सम्पत्तिलाई प्राथमिकतामा राख्नेहरू कम्युनिस्ट बन्न सक्दैनन् । कम्युनिस्टहरूसँग पुरानो सोच र अन्धविश्वास हुनु हुँदैन । समाजको परिवर्तन या क्रान्तिको बाटोमा हिँड्ने कम्युनिस्टहरू त्यागी मात्र नभई दूरदर्शी पनि हुन्छन् । सिकाइ र अध्ययनमा सदैव उत्सुक र अब्बल नभई क्रान्तिको बाटोमा ऊर्जावान् हुन गाह्रो हुन्छ । शत्रु परास्त गर्न सारा जनतालाई एकतामा ल्याउन अहोरात्र मेहनत गर्ने व्यक्तित्व आवश्यक हुन्छ कम्युनिस्ट आन्दोलनका लागि । कोठाभित्र बसेर सिद्धान्तको फलाकोबाजी गर्ने होइन जनताको बिचमा गई सङ्गठन गर्ने, पार्टीलाई विशाल र विराट बनाउन दिनरात खट्ने कार्यकर्ता कम्युनिस्ट




आन्दोलनको लागि खाँचो हुन्छ । यो अध्यक्ष माओको विचार हो ।

त्यतिबेला राष्ट्रिय लडाइँका लागि कोमिन्ताङसँगको मोर्चा र पार्टीको स्वतन्त्र अस्तित्व दुवै जोगाउने वैचारिकरूपले सबल कार्यकर्ताहरू नेता माओले तयार गर्नुभएको थियो । वर्गीय सङ्घर्ष र राष्ट्रिय सङ्घर्षलाई सँगसँगै लान सक्ने कम्युनिस्टहरू तयार गर्नुभएको थियो । पार्टी निर्णयमा बहुमतको पक्ष लिने, अल्पमतको कदर अर्थात् रचनात्मक सुझावहरूको कदर हुन्थ्यो । पार्टीको छुट्टै कार्यकर्ता नीति थियो । पार्टीको कार्यशैलीबारे पुस्तकको विभिन्न शीर्षकमा चर्चा छ । चिनियाँ कम्युनिस्ट पार्टीले ठूलो सङ्ख्यामा कार्यकर्ताको तयारीविना क्रान्ति गर्न सक्दैनथ्यो । त्यसकारण कार्यकर्ताको बौद्धिक एवम् शारीरिक क्षमता अभिवृद्धि गर्न थुप्रै तालिमहरू सञ्चालन गरियो । कार्यकर्ताको राम्रो हेरचाह गर्नु र तिनलाई सही ठाउँमा काम गराउनु नेतृत्वको जिम्मेवारी हुन्छ । कुनै पनि राजनीतिक निर्णयपछि त्यसलाई पूर्णता दिन, व्यवहारमा उतार्न कार्यकर्ताहरूको खतन निकै आवश्यक हुन्छ । त्यसकारण अध्यक्ष माओ योजनाबद्ध ढङ्गबाट कार्यकर्तालाई तालिमको आयोजना गर्नुहुन्थ्यो । उहाँले किसानहरूका निम्ति पार्टी कक्षा एवम् पार्टी स्कुल सञ्चालन गर्नुभयो । कहिल्यै विद्यालय नदेखेका किसानहरू माओका कक्षाहरूमा चीनको इतिहासदेखि विश्वका किसान र मजदुर आन्दोलनहरू पढ्थे । भूगोल, राजनीतिशास्त्र र अर्थशास्त्र पढ्थे । उहाँले युवा किसानहरूलाई युद्ध रणनीति पढाउनुभयो । किसानहरूलाई सरल भाषामा मार्क्सवाद, लेनिनवाद तथा वैज्ञानिक समाजवाद पढाउनुभयो ।

पार्टी बाहिरका क्षमतावान् र बौद्धिक व्यक्तित्वहरूसँग अध्यक्ष माओ राम्रो सम्बन्ध राख्नुहुन्थ्यो । तिनीहरूबाट पनि पार्टीको लागि सहयोग लिने वातावरण बनाउन उहाँ पारङ्गत हुनुहुन्थ्यो । कम्युनिस्टहरू हार्दिकता र अनुग्रहको भावनाले सुसज्जित हुनुपर्छ भनी कार्यकर्तालाई सिकाउनुहुन्थ्यो । द्वेष र आवेगले शत्रु परास्त नहुने बरु पार्टीको विचारले प्रभावित पार्टी समर्थक पनि एक कोस टाढा जान सक्ने व्यावहारिक शिक्षा दिनुहुन्थ्यो ।

कार्यकर्ताको मूल्याङ्कन कसरी गर्ने ? उहाँ कार्यकर्ताको मूल्याङ्कन छोटो अवधि र एउटा घटनाबाट गर्नुहुन्नथ्यो । कार्यकर्ताको जीवन, काम, व्यक्तित्व र विचारका आधारमा मूल्याङ्कन गरिन्थ्यो । कार्यकर्तालाई नेतृत्वले क्षमतानुसार सही जिम्मेवारी दिएको खण्डमा उसले बढी काम गर्न सक्ने कुरा व्यवहार सिद्ध भयो । नेतृत्वले सदैब पार्टीको विचार या योजनाको विकाससँगै कार्यकर्ताको उचित खटनमा ध्यान दिन सक्नुपर्ने तर्क नेता माओको हो । कार्यकर्तालाई आदेश धम्की या गालीबाट होइन कामका लागि उत्साहित गर्न सक्नु नेतृत्व क्षमता हो । कुनै पनि काममा नियुक्तिका लागि नातावाद र कृपावाद होइन क्षमता नै हुनुपर्छ भन्ने नीति चिकपाभित्र थियो ।

एक इमानदार कार्यकर्ता नेता र जनसमुदायबिच सम्बन्धको सेतु हुने गर्छन् । त्यसकारण कार्यकर्ता पार्टी लाइनमा एकदम स्पष्ट, पार्टी अनुशासनमा प्रतिबद्ध, जनसम्पर्कमा चुस्त, सक्रिय, मेहेनती र नि:स्वार्थी हुनुपर्छ । कार्यकर्ताहरूको पनि परीक्षा हुन्छ । नेतृत्वले नियमित मूल्याङ्कन गरिरहेको हुन्छ । सरल, सक्षम कार्यकर्ताहरू पार्टीका माथिल्ला समितिहरूमा चढ्दै जानु काममा प्रमोसन जस्तै हो ।

कार्यकर्ता पार्टीका सङ्गठक र प्रचारक मात्र होइन देशकै रक्षक पनि हुन् । तिनले पार्टीको र तिनलाई पार्टीले हेरचाह गरेकै हुनुपर्छ । कार्यकर्ताको हेरचाह कसरी गर्ने भन्ने प्रश्नमा अध्यक्ष माओले लेख्नुभएको छ, "कार्यकर्तालाई मार्गनिर्देशन गर, पार्टी लाइनबाट दीक्षित बनाऊ ।" कार्यकर्ताको स्तरवृद्धि हुनु निकै जरुरी हुन्छ । पार्टी शिक्षा र सिद्धान्तसँगै मार्क्सवादी साहित्य अध्ययन र व्यावहारिक ज्ञानले कार्यकर्ताको बौद्धिकस्तर वृद्धि हुन्छ । कार्यकर्ताको काम गर्ने शैली र कार्यमाथि नियमन आवश्यक हुन्छ । काममा कठिनाइ भए नेताहरूले सघाउनुपर्छ । कार्यकर्ताले अञ्जानमा गल्ती गरे भने गालीभन्दा पनि सप्रेम सम्झाउने र आलोचना गर्नुपर्छ भन्ने विचार माओको हो । एकजना कार्यकर्ता तयारीमा नेताको समय र धैर्यको ठूलो लगानी परेको हुन्छ । कार्यकर्ताहरूको अप्ठ्यारो स्थितिमा पार्टीका नेताहरूले ख्याल राख्नुपर्छ । बिरामी पर्दा, घरेलु समस्यालगायतका समयमा अभिभावकत्वको भूमिका निर्वाह हुनुपर्छ । यो नेता माओको विचारमात्र होइन निर्देशन पनि थियो ।

पार्टी अनुशासन के हो र पार्टी अनुशासन उल्लङ्घनको परिणाम के हुन्छ ? भन्नेबारे माओको शिक्षा आज पनि सान्दर्भिक छ । एक जना व्यक्ति या कार्यकर्ता सदैव सङ्गठनको अधिनस्थ रहन्छ । व्यक्ति सङ्गठनभन्दा माथि हुन सक्दैन । जहिले पनि अल्पमत बहुमतको अधिनस्थ रहन्छ । यद्यपि, अल्पमतको कदर पार्टी संस्कार हो । प्रारम्भिक तल्ला समितिहरू माथिल्ला समितिहरूको अधिनस्थ रहन्छ । समग्र पार्टी सदस्यता पार्टी केन्द्रको अधिनस्थ रहने अनुशासन चिनियाँ कम्युनिस्ट पार्टीको हो । पार्टी अनुशासन उल्लङ्घन पार्टी र नेतृत्वप्रतिको अपमान मात्र नभई तत्कालीन क्रान्तिको समयमा, सङ्घर्षको मोर्चामा एक किसिमको विश्वासघात हुन्थ्यो । त्यसकारण अनुशासनहीनता क्षम्य हुँदैन । कम्युनिस्ट पार्टीको सुन्दरतम पक्ष भनेकै पार्टी अनुशासन हो । कम्युनिस्ट पार्टीभित्र प्रजातन्त्र पनि हुन्छ, अभिव्यक्तिको प्रजातन्त्र । अनुशासनमा केन्द्रीयता पार्टीको विशेषता हो । यसर्थ कम्युनिस्ट पार्टीभित्र प्रजातान्त्रिक केन्द्रीयता हुन्छ । विचारको प्रवाह माथिबाट तल हुन्छ भन्ने जनअपेक्षा या सुझावहरूको सङ्कलन तल्लो तहबाट गरिन्छ ।

चिकपाले कार्यकर्तालाई मार्क्सवाद र लेनिनवादको वैचारिक हतियार प्रदान गऱ्यो । दक्षिणपन्थी तथा वामपन्थी अवसरवादविरुद्ध लड्ने हतियार थियो त्यो । वामपन्थी आवेग र दक्षिणपन्थी निराशा चिर्दै जापानी उपनिवेशबाट देशलाई मुक्त बनाउन माओका सिपाहीहरू सफल भएको गौरवपूर्ण इतिहास छ । अध्यक्ष माओले कार्यकर्तालाई कम्युनिस्ट बनाउन उदारवादको विरोध गर्न सिकाउनुभयो । उदारवादले विचारधारात्मक हतियारहरूको विरोध गर्छ । उदारवादले सिद्धान्तमा सम्झौता गर्न बाध्य पार्छ । नाता या साथीभाइको मित्रमण्डलीलाई सङ्गठन र विचारभन्दा माथि राख्नु उदारता हो । सत्य र सही कुरा सम्बन्धित मान्छेको सामु नभनी पछाडि कुरा काट्नु उदारता हो । बैठक या मिटिङमा विचार नपोखी चिया पसल र साथीभाइसँग गलफती गर्नु उदारवाद हो । सामुहिक जीवनभन्दा व्यक्तिवादी सोचको बिजारोपण हो उदारवाद । आफूलाई हानी नगर्ने विषय भए त्यतिकै छोड्नु गल्ती हो । अरूको विचार नसुन्ने आफ्नो कुरा मात्र लाद्ने प्रवृत्ति पनि उदारवाद हो । अरूलाई आदर नदिने आफू विशेष सम्मान खोज्ने मानसिकता कम्युनिस्टहरूमा हुनुहुँदैन । सैद्धान्तिक बहस छोडेर एकजना व्यक्तिमाथि प्रतिशोधको भावना साँध्नु गलत मानसिकता हो । जनविरोधी कामको विरोध नगर्नु उदारवाद हो । पार्टीको उद्देश्यमा हृदयदेखि समर्पित नहुनु र सानोतिनो काम गरेर क्रान्तिको निम्ति ठूलै काम गरेको फलाकोबाजी गर्नु उदारवाद हो । आफ्ना कमजोरीहरू थाहा हुँदा हुँदै नसच्याउनु र सधैँभरी प्रकाशमा आउन खोज्नु उदारवाद हो । अध्यक्ष माओका अनुसार उदारवादी प्रवृत्ति प्रतिक्रान्तिकारी हुन्छ । तसर्थ उदार प्रवृत्तिका व्यक्ति न त क्रान्तिकारी बन्न सक्छन् न त कम्युनिस्ट । उदारवादले पार्टीको एकता, गरिमा खलबल्याई मतभेद निम्त्याउँछ । पार्टीभित्रको निम्न पुँजीवादी सोचसँगै वैचारिक, राजनीतिक तथा साङ्गठनिक उदारताविरुद्ध लड्न माओले सधैं उत्साहित गर्नुभयो । उदार मानिसहरू अवसरवादका शिकार हुन्छन् । मार्क्सवाद लेनिनवादका कलङ्क हुन्छन् । कम्युनिस्टको मुकुण्डोमा यस्ता उदार व्यक्तिहरू क्रान्तिका लागि हानिकारक हुन्छन् । नेता माओको सन्देश यही हो ।

अध्ययन नगर्ने कार्यकर्ताको बौद्धिक स्तरवृद्धि सम्भव हुन्छ ? अध्ययनका धेरै उपायहरू हुन्छन् । मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिनसँगै इतिहास, वर्तमान परिस्थितिबारे राम्रो प्रशिक्षण कार्यकर्ताको निम्ति गुल्कोज जस्तै हो र माओले भन्नुभएको छ - "मार्क्सवाद र लेनिनवाद क्रान्तिको विज्ञान हो । गहिरो अध्ययन गर ।" कन्फ्युसियसदेखि सनयातसेनसम्मको विचारधारात्मक योगदानको अध्ययन गर्न माओ उत्साहित गर्नुहुन्थ्यो । मार्क्सवादको माटो सुहाउँदो प्रयोगका लागि स्वदेशी इतिहास र सङ्घर्षको कथा पढ्न अनिवार्य हुन्छ । चिनियाँ विशेषतासहितको क्रान्तिको लागि वस्तुस्थितिको अध्ययन महत्त्वपूर्ण पक्ष हो अन्यथा मार्क्सवाद र लेनिनवाद केवल अमूर्त आदर्शमात्र बन्छ भन्ने तर्क माओको हो । कार्यकर्तालाई कुनै एउटा विषयको गहिराइमा अध्ययन गर्न र अध्ययनबाट कहिल्यै सन्तुष्ट नबन्न सुझाब दिनुहुन्थ्यो । उहाँ भन्नुहुन्छ - "सन्तोष अध्ययनको शत्रु हो ।" अध्ययन र व्यवहारको तालमेल नमिले त्यो अध्ययनको अर्थ हुँदैन । किताब पढ्ने तर सङ्गठन नगर्ने, क्रान्तिको मोर्चामा सहभागी नबन्ने मानसिकता गलत हो । उहाँले भन्नुभएको छ -"किताबको पुजा गलत हो, यसको विरोध गर ।" किताबका भनाइहरूको रटान लगाउने, हरेक कुरालाई किताबको कुन पृष्ठमा छ भनी सोध्ने, किताबको सङ्ख्याले ज्ञानको मापन गर्ने प्रवृत्तिको विरोध गर्नुभयो अध्यक्ष माओले । समाज विज्ञानको अध्ययन निकै विराट र गाह्रो कार्य हो । समस्याहरूको अध्ययन पुस्तकबाट मात्र समाधान हुँदैन । पार्टी अगुवाहरूको अनुभव सयौं किताबभन्दा ओजनदार हुन्छ । सतही ज्ञानमा रमाउनु एक किसिमको रोग हो । समस्याको गहिराइमा पुग्न अनुसन्धान अनिवार्य चरण हो । सत्य तथ्य र समाधानका लागि वैज्ञानिक एवम् व्यावहारिक अनुसन्धानको आवश्यकताबारे माओले कार्यकर्तालाई प्रशिक्षण दिनुभएको छ । आन्दोलन र क्रान्तिको समयमा किताब च्यापेर बस्नु पनि एक किसिमको रोग हो । वर्गसङ्घर्ष र भूगोल, कम्युनिस्ट आचरण पुस्तकभन्दा बाहिर जनताबाट सिक्न सकिन्छ । पार्टी कार्यकर्ता जनताबाट सिक्न र जनताको सेवा गर्न सदैव तत्पर रहनुपर्ने सन्देश पनि पुस्तकमा छ ।

वर्गीय समाजमा वर्गसङ्घर्ष अनिवार्य सर्त हो । कम्युनिस्ट पार्टीको नेतृत्वमा साम्राज्यवाद विरोधी सङ्घर्ष र समाजवादी क्रान्ति सम्भव हुन्छ । पार्टी बलियो बनाउन कार्यकर्तामा कम्युनिस्ट आचरण हुनुपर्छ, विचार हुनुपर्छ । कार्यकर्ता पार्टी नेतृत्वप्रति बफादार रहनुपर्छ । पार्टी नेतृत्वको सम्मान र सेवा कार्यकर्ताको कर्तव्य हो भन्ने विचार आज पनि उत्तिकै सान्दर्भिक र जीवन्त छ । 'देश र जनताको सेवा गर' 'समाजवादको सेवा गर' भन्ने माओको विचार यो शताब्दीका लागि अझ सामयिक छ । एक साम्राज्यवादविरोधी योद्धा, चिनियाँ क्रान्तिका नायक, मार्क्सवादी सिद्धान्तका चिन्तक, सैन्य रणनीतिज्ञ एमव् क्रान्तिकारी साहित्यकार अध्यक्ष माओलाई थप चिनाउने यस पुस्तक निकै पठनीय मात्र होइन सङ्ग्रहणीय समेत छ । सर्वहारावर्गका गुरु अध्यक्ष माओको शिक्षा संसारका सम्पूर्ण कम्युनिस्ट पार्टी र कम्युनिस्टहरूको निम्ति अनिवार्य पाठ्यक्रम हो भन्दा अतिशयोक्ति नहोला । उहाँका सङ्कलित रचनाहरूको गहन अध्ययनले समाजवादी आचरणबारे ज्ञान दिने मात्र होइन व्यवहारमा लागु गर्दै आमूल परिवर्तनमा भूमिका निर्वाह गर्न ऊर्जा प्रदान गर्नेछ ।

# ख्वपका उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान

भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा शैक्षिक वर्ष २०७५/७६ मा स्नातक तहअन्तर्गत बीबीएस., बीए, बीएस्सी, बीएड, बीबीएम कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूको बिदाइ तथा त्रिवि परीक्षा नतिजातर्फ एमए अङ्ग्रेजीमा सर्वोत्कृष्ट र बीबीएम आठौँ सेमेस्टरमा उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यार्थीहरूलाई सम्मान कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले विदेशमा उच्च शिक्षा हासिल गरेर पनि नेपाल र नेपाली जनताको सेवा गर्ने भावनाले विद्यार्थीहरूले अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपालमा भएका विषयहरू नेपालमै अध्ययन गर्नुपर्ने र विदेशमा उच्च शिक्षा हासिल गरेर पनि देशको विकासमा आफ्नो ज्ञान र सीप प्रयोग गरी देशको सेवा गर्नुपर्नेमा जोड दिँदै उहाँले संसारका विभिन्न देशमा भएका क्रान्ति र विकासबारे सिक्दै नयाँ पुस्ता अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले विद्यार्थीहरूले सिक्ने विषयमा कहिल्यै विचलित हुन नहुने धारणा राख्नुभयो ।

विद्यार्थीहरूलाई देश विदेशको राजनीति र त्यहाँको क्रान्तिबाट सधैँ प्रशिक्षित गर्नुपर्ने धारणा राख्दै उहाँले आफू जुनसुकै पदमा बसेर काम गरे पनि आफ्नो समाजप्रति उत्तरदायी भएर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान् र योग्य जनशक्ति उत्पादन भइरहेको बताउनुभयो ।

हरेक महिना १० हजारभन्दा बढी विद्यार्थी विदेश पढ्न गएको तथ्याङ्कले हाम्रो शिक्षा नीतिमाथि नै गम्भीर प्रश्न उठिरहेको चर्चा गर्दै उहाँले विद्यार्थी विदेश पलायन हुनुमा सरकार र विश्वविद्यालयहरूका पदाधिकारी जिम्मेवार भएको बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरूले आफ्नो अध्ययन र अनुसन्धानको क्रमलाई चालु राख्न मार्गनिर्देश गर्दै विद्यार्थीहरूको सफलता नै कलेजको उपलब्धि भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य, ख्वप कलेजका उपप्राचार्य डा. राजेशकुमार श्रेष्ठ, शिक्षक कमिनिका न्याईच्याई र एम.ए. अङ्ग्रेजीमा स्वर्णपदक हासिल गरेकी पलिस्था रन्जितकारले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले ख्वप कलेजअन्तर्गत बीबीएम आठौँ सेमेस्टरमा 'फो सीजीपीए' ल्याउन सफल विद्यार्थीहरू अल्का मानन्धर, नविना जति र निकिता वयजू र एम.ए. अङ्ग्रेजी साहित्यमा '३.९१ सीजीपीए' ल्याउन सफल विद्यार्थी पलिस्था रन्जितकारलाई सम्मान गर्नुभएको थियो ।




**क्रान्तिबिना...**

योगदान र स्तालिनविरुद्धको दुष्प्रचारबारे प्रस्तुति राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य सृजना सैँजुले स्तालिनको जीवन र योगदानबारे बोल्नुभएको थियो ।

नेमकिपा, भक्तपुर नगर समितिका अध्यक्ष एनबीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपप्राध्यापक विश्वमोहन जोशीले दोस्रो विश्वयुद्धमा स्तालिनको भूमिकाबारे प्रस्ट पार्नुभएको थियो ।

कार्यक्रममा मीरा दुगुजूले स्तालिनको जन्मदिवसको कार्यक्रमको औचित्यबारे बोल्नुभएको थियो ।

**अर्थतन्त्र...**

'आठ अर्ब ७४ करोड विद्युत् महसुल नतिर्ने चार उद्योगको लाइन काटियो ।' देश लोडसेडिङको चरम मारमा रहेको बेला ६१ उद्योगले डेडिकेटेड फिडर र ट्रङ्क लाइनमार्फत उपयोग गरेको विद्युत्को २१ अर्ब ८८ करोड बक्यौता छ । 'प्रधानमन्त्रीको निर्देशनलगत्तै विद्युत् प्राधिकरणले बक्यौता उठाउन आक्रामक पहल थालेको हो ।' *(नयाँ पत्रिका, ७ पुस २०८०)*

'नयाँ पत्रिका' का अनुसार जगदम्बा स्टिलको ४ अर्ब १४ करोड, रिलायन्स स्पिनिङ मिल्सको १ अर्ब ९४ करोड, घोराही सिमेन्टको १ अर्ब ३६ करोड र अर्घाखाँची सिमेन्टको बक्यौता रकम १ अर्ब ३० करोड छ ।

'नेपाल-बेलायत मैत्री सन्धि सय वर्ष पूरा' ६ पुस २०८० को 'नेपाल समाचारपत्र' ले लेख्यो । 'सन्धिमा हस्ताक्षर भएकै स्थानमा दोहोऱ्याइयो मित्रताको प्रतिबद्धता' उपशीर्षकले नेपाली जनतालाई झस्कायो । सन् १८१६ मा भएको सुगौली सन्धिले नेपालले बेलायतको एक अर्धउपनिवेश स्वीकारेको थियो भने सय वर्षअगाडि सन् १९२३ डिसेम्बर २१ मा तत्कालीन श्री ३ महाराज अर्थात् प्रम चन्द्रशमशेर राणा र बेलायतका राजदूत लेफ्टिनेन्ट कर्णेल विलियम फ्रेडरिक ट्राभर्स ओकनोरबिच सिंहदरबारको बेलायती बैठकमा 'नेपाल-बेलायत शान्ति तथा मैत्री सन्धि' मा हस्ताक्षर भएको थियो ।

१०० वर्ष अगाडि सिंहदरबारको बेलायती बैठकमा 'नेपाल-बेलायत शान्ति तथा मैत्री सन्धि' मा हस्ताक्षरको अर्थ हो - त्यस बेलादेखि नेपाल 'स्वतन्त्र र सार्वभौम' देश बन्यो, त्यो पनि बेलायती साम्राज्यवादसँग सङ्घर्ष गरेर स्वतन्त्रता प्राप्त गरेको थिएन बरु बेलायतले दिएको भन्ने अर्थ लाग्छ ! बैठकसमेत सिंहदरबारको बेलायती बैठकमा बसेर पुन: मैत्री सम्बन्धलाई निरन्तरता दिनुको अर्थ गोर्खा भर्तीकेन्द्र 'ब्रिटिश गोर्खा' लाई निरन्तरता दिएको अर्थ लाग्छ ।

नयाँ सन्धिले नेपालले १०० वर्षपछि पनि बेलायती उपनिवेशवादको 'नवउपनिवेश' कायम छ भन्ने अर्थ लाग्छ । त्यसैले साम्राज्यवादी शक्तिहरू नेपालमा 'युवा नेताहरू' चाहन्छन्, जसले तिनीहरूले नै खेस्रा गरेको सन्धि-सम्झौतामा हस्ताक्षर गरुन् ।

XXX

श्रम मन्त्रालयको बेथितिबारे ६ पुस २०८० को 'नेपाल समाचारपत्र' ले लेख्यो - 'मन्त्री र सचिवलाई दिन भन्दै १०-१० लाख उठाइएको आरोप ।' समाचारमा बताइएको छ - 'श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी तथा सचिव केवल भण्डारीलाई रकम दिनुपर्ने भन्दै मन्त्रीनिकट केही व्यक्तिहरूले प्रत्येक म्यानपावर कम्पनी अर्थात् 'नयाँ गल्लावालहरूले २ सय म्यानपावरबाट २० करोड उठाउने योजना बनाइएको छ ।' 'सेवा शुल्क १० हजारबाट ३० हजार पुऱ्याउँदै अभिमुखीकरण तालिम शुल्क तीन गुणा वृद्धि गर्ने' तथा 'फ्रि टिकट र भिसा हटाउन लबिङ' भइरहेको समाचारले बतायो ।

विदेशमा नेपाली युवाहरूलाई श्रमिकको रूपमा पठाउने योजना पहिलोचोटि प्रस्तुत गर्ने मन्त्री डा. रामशरण महत थिए - राणा कालमा नेपाली युवाहरूलाई 'ब्रिटिश गोर्खा' मा पठाएजस्तै । यसबाट थाहा हुन्छ, नेपालमा प्रजातन्त्र स्थापना भए पनि राणा कालको बाँकी बक्यौता कायम गर्ने काम नेपाली काङ्ग्रेसले बोक्दै छ । यसकारण, मन्त्री बन्नुभन्दा पहिले मन्त्री बन्ने युवाहरूले के गर्नु हुन्छ र हुँदैन भन्नेबारे प्रस्ट हुनु आवश्यक छ भन्नेबारे जनतामा चर्चा व्यापक छ ।

जाडोबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरीक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**सिंहदरबारको...**

मित लगाएर बस्नुभएन", सांसद सुवालले उल्लेख गर्नुभयो ।

"इजरायली सरकारले प्यालेस्टिनी भूमि गाजापट्टीका अस्पतालहरूमुनि हमासले कमान्ड सेन्टर सञ्चालन गरेको झूटो आरोप लगाई बमबारी गरी ध्वस्त पारेझैँ, सर्वसाधारण प्यालेस्टिनी नागरिकको घर आवास विध्वंस गरी नरसंहार गरेझैँ अहिले युरोपेली सङ्घले नेपालको आकाश सुरक्षित नभएको आरोप लगाई नेपालको वायु सेवा समाप्त पार्न लागेको त होइन ? यसतर्फ मन्त्री सचेत हुनु जरुरी छ", सांसद सुवालले मन्त्री किराँतीको ध्यानाकर्षण गराउनुभयो ।

"विश्व व्यापार सङ्गठनको सदस्य नेपाल भएपछि सार्वजनिक संस्थान निजीकरण गर्ने र विदेशी पुँजीलाई साँढेजस्तै पस्न दिने काम गरियो । हात्तीले मात्र रुख खान सक्छ, गाईवस्तुले पात मात्र खान्छन् । नेपालको अर्थतन्त्रलाई विश्व व्यापार सङ्गठनको सदस्य र निजीकरण उपयुक्त छैन । के बीपीको समाजवाद असान्दर्भिक भएको हो र ? के व्यवस्थापन करार भनेर सिंहदरबार र देशै ठेक्का दिने हो र ? मन्त्रीको मन्त्रालय नै ठेक्का दिने भए, मन्त्रीको काम बाँकी हुन्छ र ?" सांसद सुवालले प्रश्न गर्नुभयो ।

"आफू केही गर्न नसक्नेहरू व्यवस्थापन करार भनी कुद्छन् । पानीमरुवाहरूले सिंहदरबार पनि ठेक्कामा दिनेछन् । कि सिंहदरबारको नेतृत्वमा बसेको दाबी गरेकाहरूले स्वीकारनामा लेख्नुपऱ्यो, 'हामी पानीमरुवा हौँ !' भनेर हवाइजहाज दुर्घटना भएपछि प्रधानमन्त्री र मन्त्रीले जिम्मेवारी लिनु जरुरी छ । उड्डयन प्राधिकरण, वायु सेवा निगम र पाइलटलाई दोष पन्छाउन मिल्दैन ।" सांसद सुवालले सचेत गराउनुभयो ।

"चिनियाँ जहाज किन्दा ठीक तर अहिले भूमिस्थ राखी बिक्री गर्ने भनी टेन्डर आह्वान किन गरियो ? यसको छानबिन हुनु जरुरी छ । नभए मन्त्रीले पैसा खान खोजेको आरोप लाग्नेछ । राम्रो सिक्कालाई नक्कली सिक्काले लोप गराउने 'ग्राम्सनको नियम' हो । सरकारी स्वामित्वको नेपाल वायु सेवा निगमलाई विदेशी पुँजीका विमान सेवाले समाप्त पार्न खोज्दै छ । त्यसो हुन दिनुभएन", सांसद सुवालले स्पष्टसँग राख्नुभयो ।

**साम्राज्यवादी...**

संसारभरि विरोध भइरहेको चर्चा गर्दै सचिव सुवालले नेपाली जनताले पनि इजरायली फासीवाद र अमेरिकी साम्राज्यवादको विरोध गर्नु जरुरी रहेको बताउनुभयो ।

"अमेरिकी साम्राज्यवादले नै युक्रेनलाई हतियार दिएर रुसविरुद्ध लडाएको हो । अमेरिकी सरकारले नाटोमा चाहेमा युक्रेन र प्यालेस्टिनमा आक्रमण तत्काल रोकिनेछ", उहाँले भन्नुभयो ।

"इन्डियाले नेपालसमेत गाभेर अखण्ड भारतको नक्सा ससद् भवनमा अङ्कित गरेको छ । एमसीसी सम्झौतामा अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने व्यवस्था छ । एसपीपीअनुसार अमेरिकी सेनाले नेपालको सैनिक ब्यारेक कब्जा गर्नेछ । यसकारण, नेपाली जनताले युद्धको विरोध गर्नु जरुरी छ । नेपाली युवालाई भाडाको सिपाहीँ बनाउने गोर्खा भर्ती खारेज गराउन आवाज उठाउनुपर्छ", सांसद सुवालले भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी तथा सचिव केवल भण्डारीलगायतलाई रकम दिनुपर्ने भन्दै मन्त्री निकटका केही व्यक्तिहरूले म्यानपावर कम्पनीसँग रू. १० लाखसम्म उठाएको समाचार प्रकाशित हुनु खेदजनक रहेको उल्लेख गर्दै शासक दलका नेताहरू बहुराष्ट्रिय कम्पनीका दलाल साबित भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय उपाध्यक्ष सुरेश परियारले इजरायली फासीवादले जातिवादलाई प्रश्रय दिएर प्यालेस्टिनमा जातीय नरसंहार मच्चाइरहेको उल्लेख गर्दै नेपाली जनताले पनि जातीय भेदभावलाई अन्त्य गर्नु जरुरी रहेको बताउनुभयो ।

चाँगुनारायण नपा वडा नं ३, झौखेल, दाहालगाउँबाट सुरु भएको ऱ्याली गेलाल गाउँ हुँदै न्यौपाने गाउँस्थित चाँगुनारायण मावि अगाडि पिपलबोटमा पुगेर सभामा परिणत भएको थियो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका सुष्मा बाटा, राजन फुयाँलले पनि बोल्नुभएको थियो भने सपना शाही र टेरेसा विकले गीत प्रस्तुत गर्नुभएको थियो ।

**एकक्षण** | **क्रिश्चिना**

## के पुँजीवाद राक्षसी व्यवस्था होइन ?

दुई महिनादेखि इजरायलले संयुक्त राज्य अमेरिकाका राष्ट्रपति बाइडेन र अमेरिकी प्रशासनको सहयोगमा काठमाडौँ उपत्यका जतिकै भूभागमा बसिरहेका २७ लाख गाजाका प्यालेस्टिनी जनतालाई दूरमारकयन्त्र र हवाईजहाजबाट बम खसालेर, ट्याङ्कले घर, अस्पतालमा प्रहार गरेर हजारौँ जनता मारिरहेको छ । यस्तो भयावह दृश्य देखिँदा संयुक्त राज्य अमेरिका र युरोपका विभिन्न देशका जनता आआफ्ना राजधानी र नगरहरूमा तथा एसिया, अफ्रिका र ल्याटिन अमेरिकी जनताले अमेरिकी राष्ट्रपति र इजरायली प्रधानमन्त्री नेतन्याहुलाई निन्दा र विरोध गर्दै यहुदी जातिवादको विरोध गर्दै छन् ।

युक्रेनले २०१४ देखि नै रुसी भाषा बोल्ने जनताका दुई प्रदेश र रुसमाथि गरेको आक्रमणको प्रतिकार गर्न पुटिन सरकारले युक्रेनको ज्यादतीको विरोधमा प्रत्याक्रमण गर्‍यो । संयुक्त राज्य अमेरिका र युरोपेली देशहरूको सैनिक सङ्गठन नाटोको पूरै सहयोगले रुसमाथि आक्रमण गर्दै छ । त्यसकारण, संरा अमेरिकाले युरोपेली देशहरू आपसमा एक हुन नपाऊन् भन्ने दुराशयबाट युक्रेनमार्फत रुसमाथि हमला गर्न दिएको प्रस्टै छ । साथै संरा अमेरिकाले जर्मनी र फ्रान्सजस्ता युरोपेली देशहरूलाई रुससँग तेल र ग्यास तथा अन्य सस्तो सामान पनि किन्न नदिई २५ प्रतिशत बढी मूल्यमा जाडो मौसममा आफ्नै अमेरिकी तेल र ग्यास किन्न बाध्य पार्दै छ । दोस्रो विश्वयुद्धपछि युरोपका विभिन्न देशमा अमेरिकी सेनाले पालो-पहरा दिँदै छ । मानौँ, युरोपेली देशहरू अमेरिकी साम्राज्यवादकै उपनिवेश हुन् ।

इजरायल, युक्रेन, संयुक्त राज्य अमेरिका, बेलायतजस्तै अन्य युरोपेली देशहरूमा पनि पुँजीवादी व्यवस्था छ । दुई वर्षअगाडि संयुक्त राज्य अमेरिकामा जर्ज फ्लोयड भन्ने अमेरिकी अश्वेत नागरिकलाई श्वेत प्रहरीले घाँटीमा घुँडाले थिचेर मारेको समाचार प्रचार भएपछि अमेरिकाको ५० राज्यको अधिकांश राज्यका सहर र राजधानी वासिङ्टन र न्युयोर्कमा समेत ठुला ठुला विरोध प्रदर्शन एवं विशाल विरोध सभा भए । त्यसको असर युरोपेली राजधानी र सहरहरूमा एसियादेखि अफ्रिकी जनताले पनि जातीय भेदभाव र व्यापक जनताको विरोध प्रदर्शनहरू तथा अमेरिकी प्रजातन्त्र जनताको हत्या गर्ने 'राक्षसी' प्रजातन्त्र हो भन्ने प्रस्ट पारे ।

प्यालेस्टिनको गाजापट्टीमा बालबालिका र महिलाहरूमाथि गरेको हत्या र हिंसाले सारा संसार स्तब्ध भयो । संसारभर त्यस 'राक्षसी' हमलाको निन्दा गरियो । अमेरिकी र युरोपेली जनताले टाढाको देश कोरिया, भियतनाम, लावस र कम्बोडियामा भएको अमेरिकी अत्याचारबारे त्यसबेला साधारण जनतासम्म कम प्रचार भयो । तर, सञ्चारमाध्यमको विकासले हरेक क्षण गाजामा गरेको अत्याचारको दृश्य टीभी र मोबाइलहरूमा तत्काल हेर्दै गर्दा इजरायलका प्रधानमन्त्री नेतन्याहु र अमेरिकी राष्ट्रपति बाइडेनले 'राक्षसी' कारबाही गर्न कसरी सकेको भन्ने युरोपेली जनता सास रोकेर तस्बिरहरू हेर्दै छन् र त्यसको विरोध गर्दै छन् । अस्पतालमै हत्याकाण्ड मच्चाउँदै बगाएको रगतको खोलो, बिरामी र बिरामी कुरुवा आफन्तहरूलाई दनादन गोली हानेर मारेको, अस्पतालको तलतिर आँगनमा बस्ने केटाकेटी र रोगीहरूलाई समेत बुलडोजर र ट्रकले किचेर मारेको तस्वीर संसारभर जनताले हेर्दै छन् ।

ती घटनाहरूले अमेरिका युरोपेली देशहरू र इजरायलको राजनैतिक व्यवस्था पुँजीवादी भएको कारणले यस्तो अमानवीय र क्रूरहत्या गर्न सकेको जानकारी संसारले थाहा पायो । त्यसकारणले नै होला, सायद काठमाडौँमा आएर जर्मनीका पुँजीवादी इतिहासकार र राजनीतिशास्त्री राइनर जिटलम्यानको 'पुँजीवादको पक्ष' भन्ने नयाँ पुस्तकको नेपाली अनुवाद नेपालमा सार्वजनिकीकरण गर्न आएका छन् । (कान्तिपुर-कोसेली, ३० मङ्सिर २०८०) । उनी 'पुँजीवादलाई राक्षसी बनाउनु गलत' मान्छन् ।

जगदीश्वर पाण्डेको एक प्रश्नको उत्तरमा उनले भने, सन् २००० को सुरुआतमा करिब ५०० अर्बपति थिए । आज संसारमा २७०० अर्बपति छन् । यसकारण, उनी भन्छन्, "पुँजीवाद गरिबहरूको उत्तम व्यवस्था हो ।" यसरी उनी पुँजीवादलाई समर्थन गर्छन् ।

पुँजीवाद गरिबहरूको निम्ति उत्तम व्यवस्था हो भने भारतमा करोडौँ जनता आज किन गरिबीमा छन् ? चीनले कसरी २२ करोड जनतालाई गरिबीको रेखाबाट माथि पुऱ्यायो ? २७०० अर्बपतिहरू संसारको जनसङ्ख्यामा कति प्रतिशत हो ? जर्मनीको जनसङ्ख्यामा २७०० अर्बपति कति प्रतिशत हो ? यसकारण, राइनर जिटलम्यानले बुझ्नुपर्ने हो, संसारका पुँजीवादी व्यवस्था भएका देशहरूमा अत्यन्त बढी गरिबी कायम छ । तब पुँजीवाद कसरी गरिबहरूको हित हुन्छ ?

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३



*क्रान्तिकारी जनताको पक्षमा जो लाग्छ उही नै क्रान्तिकारी हो । जो साम्राज्यवाद, सामन्तवाद, नोकरशाही पुँजीवादको पक्ष लिन्छ ऊ प्रतिक्रान्तिकारी हो ।*

–माओ त्सेतुङ

## सम्पादकीय

# नेपाली जनताको शत्रु चिनौं !

सिंहदरबारको निर्णय बरोबर स्थिर नहुँदा पर्यवेक्षकहरू त्यसका दुई कारण भएको अनुमान गर्छन् - एक, सरकारले अर्थात् प्रधानमन्त्री र मन्त्रीहरू चित्तमा लागेको कुरा छिटछिटो निर्णय गर्छन् । दुई, सरकारले गर्ने निर्णयहरूलाई बाहिरका मानिसहरू वा साथीहरूले अनेक दबाब दिएर पछि आउने सरकारहरूलाई पुराना निर्णयहरू फेर्न लगाउँछन् । त्यसमा मन्त्रालयका कर्मचारीतन्त्र वा भित्रकै मानिसहरूको सहयोग हुने गर्छ ।

सत्य यही हो भने देशमा नागरिक प्रजातन्त्र अफापसिद्ध हुने काम गर्ने कुनै विदेशी तत्त्व सक्रिय रहेको अनुमान गर्न सकिन्छ । विदेशी तत्त्व भन्नाले विदेशी पुँजीका पिछलग्गू वा विदेशी पुँजीबाट आर्थिक लाभ लिनेहरू भन्ने बुझिन्छ । यस्ता तत्त्वहरू पूर्वउपनिवेश र अर्ध-उपनिवेशका आर्थिक पक्षहरू (उद्योगपति र व्यापारीहरू) तथा माथिल्ला कर्मचारीहरू, प्राविधिक र विशेषज्ञहरू हुन्छन् ।

यसको पछिल्लो उदाहरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा थन्किएका चिनियाँ जहाजहरू हुन् । वार्षिक खर्च २० करोड बताइन्छ । ('थन्किएका चिनियाँ जहाज लिलामीमा', अन्नपूर्ण- ६ पुस २०८०)

६ वटा विमानमध्ये दुईवटा चीन सरकारले अनुदान दिएको थियो भने अरू चार वटा जहाज चीनकै बैङ्कसँग सहुलियतपूर्ण ऋणमा नेपाल सरकारले किनेको थियो ।

यहाँ प्रश्न उठ्छ - के नेपाल सरकारले केही सोच्दै नसोची चीनसँग चार वटा विमान किनेको होला ? सत्य यही हो भने कुन सरकारले किन किन्यो र त्यसमा सल्लाह दिने र हस्ताक्षर गर्नेहरू को-को हुन् ? जनताको सामुने आउनु आवश्यक छ ।

दुई वटा अनुदानमा आएको जहाज पनि नेपालले नमागीकनै आएको होला भनी पत्याउनु गाह्रो छ । तर, आएका ६ वटै जहाज चालु गराउँदा अरू जहाजलाई यात्रुहरू नपुगी निजी जहाजहरूको एकाधिकार समाप्त हुन्छ भन्ने हेतुले चिनियाँ जहाज चलाउन नदिने तत्त्वहरू निश्चय पनि विदेशी जहाजहरूकै तर्फबाट जालसाजी भएकै हुनुपर्छ । यसको गम्भीर जाँचबुझ आवश्यक छ । होइन भने लामो समय सिंहदरबारमै बसी अनेक सरकारहरूलाई असफल पार्ने कर्मचारीतन्त्र देशप्रति बफादार छन् या कुनै अन्य विदेशी एकाधिकार जहाज कम्पनीबाट प्रभावित छन्, सोचनीय छ ।

नेपालमा रुसी हेलिकप्टरले जनताको राम्रै सेवा गर्दै थियो । केही विदेशी जहाजका पक्षपातीहरूले अनेक झूटा कुरा फैलाएर ती रुसी हेलिकप्टर बन्द गराइयो र अस्ट्रेलियाको सानो हेलिकप्टर ल्याइयो । तर, सानो हेलिकप्टर रुसी हेलिकप्टरको दाँजोमा आउने कुरै थिएन । एक सांसद आफैं अगाडि सरेर अस्ट्रेलियाली कम्पनीसँग मिलेर ल्याइएको हेलिकप्टर आज कहाँ छ, थाहा छैन र ती सांसद पनि अहिले बितिसके भन्ने व्यापक चर्चा छ ।

हरेक दिन हामीले फूलमाला लगाइदिएका व्यक्ति राजा हुने देशमा भोलिपल्ट नयाँ राजा मरेको हुन्थ्यो । एकजना बुझ्ने राजा भने हातमा तरबार लिएर बस्दा महारानीको नाकबाट दुइटा काला सर्पहरू निस्कँदा तिनले दुवै सर्प मारेपछि त्यो देशमा स्थिर शासन गर्ने राजा भयो भन्ने कथा सुनिन्छ ।

नेपालको सन्दर्भमा ती दुइटा काला सर्पहरू कर्मचारीतन्त्र र विदेशी पुँजीका एजेन्टहरूले देशको शासन अस्थिर बनाएका हुन् भने निर्म्योल गर्न गाह्रो हुनेछैन । सरकारमा बसेका हरेक प्रधानमन्त्री र मन्त्रीहरूलाई ती दुई काला सर्पहरूको नामबारे राम्रो जानकारी होला तर ती मन्त्रीहरूले कहिले ती सर्पहरू नाम बाहिर नल्याउनु अत्यन्त विडम्बनाको विषय हो ।

अर्थ मन्त्रालयको मध्यस्थतामा सहुलियतपूर्ण ऋणमा जहाज खरिद गरिएको थियो । सारमा निगमले उडान भर्न नसक्ने निर्णय गऱ्यो । जहाजको मूल्य चार अर्ब रुपैयाँ छ र उडान भरेको पाँच वर्षपछि दुई अर्ब घाटा भएको बताइएको सुनिन्छ ।

चिनियाँ जहाज उडान प्रक्रिया प्रशिक्षित पाइलट नभएको, तालिम र अन्य खर्च चारगुणा बढी हुने, तालिम दिने प्रशिक्षक पाइलट नपाउनु र बीमा शुल्क महँगोलगायतका कारणले ६ वटै जहाज थन्काइएको हो ।

सत्य यही हो भने केही नबुझी चिनियाँ जहाज किन्ने निर्णय कसले गर्‍यो ? पाइलटलाई तालिममा पठाएर जहाज चलाउन सकिन्थ्यो । त्यसलाई रोक्ने काम कसले गर्‍यो ? भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । छिमेकी मित्र राष्ट्रसँग दुई वटा विमान अनुदानमा र चारवटा जहाज सहुलियतपूर्ण ऋणमा ल्याएर पनि विभिन्न निहुँमा थन्क्याएको कारण नेपालमा चिनियाँ जहाज चलाउन नदिने विदेशी विमान कम्पनीकै जालसाजी हुनुपर्छ भन्ने अड्कल जनमानसमा छ । अथवा, मित्र देशलाई ठग्ने र मित्रतामा खलल पार्ने तत्त्वहरूसँग नेपाल र नेपाली जनता सचेत हुनुपर्ने देखिन्छ ।

# सार्वजनिक संस्थानहरू निजीकरण गर्नु सरकारको कायरता हो

✍ प्रेम सुवाल

**सिंहदरबारमा पुगेर केही गर्न नसक्ने कायरहरू मात्र व्यवस्थापन करार भनी कुद्छन् । सिंहदरबार चलाउँछौं भनी गएकाहरूले अब निधारमा "हामी कायर हौँ" भनी लेख्ने त होइन ? प्रधानमन्त्री र मन्त्रीहरू कायर भएपछि देश र जनताको हित हुने छैन । हवाइजहाज दुर्घटना भएपछि प्रधानमन्त्री र मन्त्रीले जिम्मेवारी लिन सक्नु पर्दछ । उड्डयन प्राधिकरण, वायु सेवा निगम र पाइलटलाई दोष पन्छाउन मिल्दैन ।**



युरोपेली सङ्घले सन् २०१३ यता नेपालका हवाइजहाजहरूलाई कालोसूचीमा राखेको छ । जानकारहरूले यसलाई युरोपेली सङ्घको दादागिरी बताए ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीले युरोपेली सङ्घको नेपालविरुद्धको हवाइ उडानमा दादागिरीलाई जवाफ दिन सक्नुपर्दछ । खुट्टा कमाउनु हुँदैन ।

युरोपेली सङ्घको कालोसूचीविरुद्ध दस वर्षयताका प्रधानमन्त्री र मन्त्रीहरूले के कस्तो कारबाही अघि बढाए ? एक वर्षयता मन्त्री आफैंबाट नेपालका विमान सेवाहरूलाई कालोसूचीबाट हटाउन के कस्तो काम भयो ? जनतालाई स्पष्ट बताउनु जरुरी छ । सिंहदरबारको नेतृत्व गर्नेहरूले गरेर देखाउने हो, गुनासो गर्ने होइन । सिंहदरबारमा बस्नेहरूले आफ्नो उपस्थितिको औचित्य देखाउनु आवश्यक छ ।

कतिपय जानकारहरूले लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवाको लागि इन्डियन सरकारले कुनै हालतमा उडान अनुमति नदिने ठोकुवा गरे । त्यस्तो ठाउँमा अर्बौं अर्ब रुपैयाँ खर्च गरी विमानस्थल किन बनाइयो ? मन्त्रीले छानबिन गराई दोषीलाई कारबाही गर्ने साहस देखाउनु आवश्यक छ ।

३८ लाख रुपैयाँको पुँजीमा ६५ वर्षअगाडि स्थापना भएको नेपाल वायु सेवा निगमको अहिले ४९ अर्ब रुपैयाँ ऋण कसरी लाग्यो ? ७० वर्षअघि एउटा लोटा लिएर नेपाल आएका मानिस अहिले नेपालको सबभन्दा धनी मान्छे भए ! नेपाल वायु सेवा निगमको अर्बौं अर्ब रुपैयाँ ऋण कसरी भयो ? यसको कारण भ्रष्टाचार नै होइन ? यसबारे पनि मन्त्रीले जनतालाई स्पष्टसँग बताउनु जरुरी छ ।

नेपाल वायु सेवा निगमलाई व्यवस्थापन करारमा दिने र प्राधिकरणलाई नियमन निकाय र सञ्चालन निकाय गरी अलग अलग बनाउने प्रतिवेदन पेश भएको मन्त्रीले उल्लेख गरे । यो त प्रदेशको व्यवस्था भएपछि देश विकास हुने दाबी गरिएझैं भयो । अहिले मुख्य मन्त्रीहरू आफै सन्तुष्ट छैनन् भने जनता प्रदेश नै खारेज गर्नुपर्ने आवाज उठाउँदै छन् । मन्त्रालय, प्राधिकरण र निगमभित्रका 'गोमन साँप' नियन्त्रण नभएसम्म नेपाली वायु सेवा निगम चुस्त हुने छैन । मन्त्री आफैं 'गोमन साँप' सँग मित लगाएर बस्नुभएन । भ्रष्टाचारको विरुद्ध खरो रूपमा उत्रनु आवश्यक छ ।

प्यालेस्टिनी भूमि गाजापट्टीका अस्पतालहरूमुनि हमासले कमान्ड सेन्टर बनाएको आरोप लगाई इजरायली सरकारले त्यहाँ बमबारी गर्दै छ र सर्वसाधारण प्यालेस्टिनी नागरिकको घर आवास ध्वस्त पारी जातीय नरसंहार गर्दै छ । ठीक त्यसरी नै अहिले युरोपेली सङ्घले नेपालको आकाश सुरक्षित नभएको आरोप लगाई नेपालका वायु सेवाहरू समाप्त पार्न खोज्दै छ । यसतर्फ मन्त्री सचेत हुनु जरुरी छ ।


विश्व व्यापार सङ्गठनमा नेपाल सदस्य भएपछि सरकारहरू सार्वजनिक संस्थानहरू निजीकरण गर्ने र विदेशी पुँजीलाई साँढेजस्तै नेपालमा पस्न दिने काम भयो । परिणाम नेपालको अर्थतन्त्रमा सङ्कट गहिरिँदै आयो । हात्तीले रुख खान सक्छ तर गाईवस्तुले पात मात्र खान्छन् । ठीक त्यसरी नै नेपालको अर्थतन्त्रमा विश्व व्यापार सङ्गठनको सदस्यता र निजीकरण उपयुक्त छैन । के बीपीको समाजवाद असान्दर्भिक भएको हो र ? के व्यवस्थापन करार भनेर सिंहदरबारसँगै देश नै ठेक्का दिने हो र ? मन्त्रीको मन्त्रालय नै ठेक्कामा गए मन्त्रीको काम के बाँकी हुन्छ ?

सिंहदरबारमा पुगेर केही गर्न नसक्ने कायरहरू मात्र व्यवस्थापन करार भनी कुद्छन् । सिंहदरबार चलाउँछौं भनी गएकाहरूले अब निधारमा "हामी कायर हौँ" भनी लेख्ने त होइन ? प्रधानमन्त्री र मन्त्रीहरू कायर भएपछि देश र जनताको हित हुने छैन । हवाइजहाज दुर्घटना भएपछि प्रधानमन्त्री र मन्त्रीले जिम्मेवारी लिन सक्नु पर्दछ । उड्डयन प्राधिकरण, वायु सेवा निगम र पाइलटलाई दोष पन्छाउन मिल्दैन ।

चिनियाँ जहाज किनेको बेला ठीक हुने अहिले बेठीक भनी भूमिस्थ राखी बिक्रीको टेन्डर आह्वान किन गरियो ? यसको छानबिन हुनु जरुरी छ । छानबिन नभए अन्य विमान कम्पनीसँग मन्त्रीले पैसा खाएर चिनियाँ जहाज बिक्री गर्न लागेको भन्ने प्रश्न उठ्नेछ । सक्कली सिक्कालाई खोटो सिक्काले बजारबाट फाल्ने 'ग्राम्सनको नियम' हो । सरकारी स्वामित्वको नेपाल वायु सेवा निगमलाई विदेशी पुँजीका विमान सेवाहरूले समाप्त पार्न खोज्दै छन् । यसबारे सरकार सचेत हुनु आवश्यक छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाअन्तर्गतको परराष्ट्र सम्बन्ध तथा पर्यटन समितिमा २०८० पुस ५ गते युरोपेली सङ्घले नेपाल वायु सेवा निगमलाई कालोसूचीमा राखेको बारे छलफलमा राख्नुभएको मन्तव्यको सार-सं)*

# जलवायु परिवर्तनमा पुँजीवादी देशहरूको दादागिरी




शत्रु

अत्यधिक कार्बन उत्सर्जनले विश्वको तापक्रम वृद्धि भइरहेको छ । यसका दोषी पुँजीवादी देशहरू नै हुन् । जलवायु परिवर्तनसम्बन्धी २८ औं अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८) ले सन् २०५० सम्म कार्बन उत्सर्जन पूर्णरूपमा अन्त्य गर्ने उद्घोष गऱ्यो । भारतले सन् २०१९ को तुलनामा सन् २०३० मा ४३ प्रतिशतले कार्बन उत्सर्जन कम गर्ने प्रतिबद्धता जनायो । सन् २०२३ मा भारतको कार्बन उत्सर्जन ८ प्रतिशतले वृद्धि भएको तथ्याङ्क सार्वजनिक भयो । अमेरिकालगायत साम्राज्यवादी देशहरूले आणविक हतियार बनाउँदा कार्बन उत्सर्जन तीव्ररूपमा बढिरहेको छ ।

कार्बन उत्सर्जनमा अमेरिका, भारत, युरोपेली युनियनलगायतको ६० प्रतिशत हिस्सा ओगटेको बताइन्छ । जी-२० मा आबद्ध देशहरूको हिस्सा ६७ प्रतिशत भएको बताइन्छ । अति कम विकसित देशहरूको कार्बन उत्सर्जन हिस्सा ३.८ प्रतिशत मात्र रहेको बताइन्छ ।

कार्बन उत्सर्जन कोइलाले १.१ प्रतिशत, तेलले १.५ प्रतिशत, ग्यासले ०.५ प्रतिशतले बढाउने प्रक्षेपण गरिएको छ । कार्बन उत्सर्जन कम गर्न नसक्ने मानव समुदायको जीवनयापन, जीविकोपार्जन र भविष्यमा ठूलो क्षति पुग्नेछ । अति कम विकसित मुलुकहरू जलवायु परिवर्तनको मारमा परेको हुँदा 'एक रूपान्तरण कोष' खडा गर्ने सहमति कोप-२८ ले गऱ्यो । तत्काललाई सो कोष परिचालन गर्ने जिम्मा विश्व बैङ्कलाई दिइयो । सम्मेलनको पहिलो दिनमै कोषमा कुन कुन देशले के कति सहयोग गर्ने भनी प्रतिबद्धता मागियो ।

युरोपेली युनियनले कोषमा १०० मिलियन डलर सहयोग गर्ने प्रतिबद्धता जनायो । फ्रान्सले १०९ मिलियन डलर, इटालीले १०८ मिलियन डलर, जर्मनीले १०० मिलियन डलर, बेलायतले ५० मिलियन डलर, क्यानाडाले १२ मिलियन डलर, जापानले १० मिलियन डलर, चीनले १० मिलियन डलर सहयोग गर्ने प्रतिबद्धता जनाए । बढी कार्बन उत्सर्जन गर्नेमध्येमा पर्ने भारतले भने कुनै प्रतिबद्धता जनाएन ।

प्रभावित देशहरूलाई सहयोग गर्न वार्षिक ४ सय बिलियन डलर आवश्यक हुने विज्ञहरूको मत छ । सन् २०३० सम्ममा ५ सय ८० बिलियन डलर आवश्यक हुने अनुमान गरिएको छ । सम्मेलनमा १०० बिलियन डलर जम्मा हुने अपेक्षा गरिएकोमा ७ सय मिलियन डलरको मात्र प्रतिबद्धता आएको छ । यसले जलवायु परिवर्तनमा पुँजीवादी देशहरूको दादागिरी भएको पुष्टि भयो । कार्बन उत्सर्जन कम गर्न पेट्रोलियम पदार्थको प्रयोग कम गर्नुपर्दछ भने विद्युतीय, सौर्य वा हावाको ऊर्जा बढाउनुपर्दछ । चीनले पेट्रोलियम पदार्थको प्रयोग कम गर्दै लगेको छ भने विद्युतीय, सौर्य वा हावाको ऊर्जाको प्रयोग बढाइरहेको छ । नेपालले पनि जलविद्युत् उत्पादन वृद्धि गरी भारतबाट खरिद गरिरहेको पेट्रोलियम पदार्थ कम गर्दै लानु आवश्यक छ ।

# संस्कृति मन्त्रीको गैरजिम्मेवार अभिव्यक्ति : धार्मिक द्वन्द्व निम्तिने खतरा

✍ विवेक

> ग्रामीण क्षेत्रहरूमा पैसा वा विभिन्न किसिमका सुविधाको लोभ देखाएर धर्म परिवर्तनका काम बेरोकतोक भइरहेका छन्। विशेषगरी आर्थिक रूपमा पछाडि परेका र दलित समुदाय त्यसप्रति आकर्षित भएको देखिन्छ। अधिकांश क्रिश्चियन धर्मावलम्बीहरूले गएको संसदीय निर्वाचनमा स्वतन्त्र पार्टीलाई मतदान गरेको भन्ने सार्वजनिक भयो। नेपालमा चर्चा नै स्वतन्त्र पार्टीको सङ्गठन भन्नेहरूको पनि कमी छैन। तर जे होस्, चर्चहरूमार्फत पश्चिमा देशहरूले आफ्नो प्रभाव क्षेत्र बढाउँदै लगेको भन्ने साँचो हो। यसले नेपाल धार्मिक द्वन्द्वमा फस्ने खतरा क्रमशः बढ्दै छ।

पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्री सुदन किराँती अहिले विवादमा परेका छन्। क्रिश्चियन समाजले आयोजना गरेको एउटा कार्यक्रममा बोलेको विषयलाई लिएर मन्त्री किराँती विवादित बनेका हुन्। उनले भनेका थिए – ‘क्रिश्चियन मान्दिनँ भन्नु संविधान नमान्नु हो। संविधान मान्दिनँ भन्नेहरू देशद्रोही हुन्। यदि कसैले देशद्रोह गर्छ भने त्यसलाई हतकडी लगाई जेलमा हाल्दिने हो।’

मन्त्री वा उच्च पदस्थ व्यक्तिहरूको अभिव्यक्ति सन्तुलित हुनुपर्छ। जो अगाडि छ, उसलाई रिझाउने कुरा गर्दा त्यहाँ अर्को पक्ष पनि छन् भने बिर्सनु हुँदैन। हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता भएको नेपालमा क्रिश्चियन धर्म नमान्नेहरू जति ‘संविधानविरोधी र देशद्रोही’ भन्नु मन्त्री किराँतीको राजनैतिक अपरिपक्वता र बालापन नै हो भन्दा फरक पर्ने छैन। किनभने, उनले संविधानमा उल्लेख भएको धर्म निरपेक्षताको अर्थ राम्रोसँग नबुझेकै देखिन्छ।

२०६५ साल जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले नेपाललाई धर्म निरपेक्ष र सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो। सङ्घीयताबारे पटक पटक छलफल भए पनि धर्म निरपेक्षताबारे तत्कालीन आन्दोलनरत सात दलबिच व्यापक छलफल नभएको सात दलमा सहभागीहरू नै बताउँछन्।

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाले संविधानसभाको पहिलो बैठकमा ५ बुँदे घोषणा वाचन गर्दै भनेका थिए – ‘सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी नेपाल आजकै मितिदेखि एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषणा गर्दछ।’

संविधानसभामा त्यतिबेला ५६४ सांसदहरूको उपस्थिति थियो। राप्रपा नेपालका ४ सांसदबाहेक सबैले गडगडाहत टेबुल ठटाएर समर्थन गरे र पाँचबुँदे घोषणा उपस्थित सभासदहरूको अत्यधिक बहुमतले पारित गर्यो। तर तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ‘धर्म निरपेक्षता’ को विषय संविधानसभामा पेश हुँदा ‘झसङ्ग’ भएको र उनी त्यसबारे मौन बसेकोमा त्यतिबेला चर्चाको विषय बनेको थियो।

नेपाली काङ्ग्रेस सुरुमा गणतन्त्रमा जान पनि तयार थिएन, माओवादीले गिरिजाप्रसाद कोइरालालाई नेपालको प्रथम राष्ट्रपति बनाउने आश्वासन दिएपछि मात्रै काङ्ग्रेस गणतन्त्रमा जान तयार भएको काङ्ग्रेसी नेताहरू नै बताउँछन्। काङ्ग्रेसका नेताहरू अहिले पनि हिन्दू राष्ट्रको कुरा बेलाबखत उठाउने गर्छन्। नेपालमा हिन्दू समुदाय धेरै भएको हुँदा जनमत आफूतिर आकर्षित गर्न त्यस्ता विषयहरू उठाउने गरेको देखिन्छ।

धर्म निरपेक्षताको अर्थ राज्यले कुनै धर्मको पक्ष लिँदैन भन्नु हो। राज्य धर्मको मामिलामा तटस्थ बस्नु नै धर्म निरपेक्षता हो। नागरिकहरू आआफ्नो आस्थाअनुसारको धर्म मान्न स्वतन्त्र हुन्छन्। नेपालको संविधानको धारा २६ मा धार्मिक स्वतन्त्रताको हकमा भनिएको छ – ‘धर्ममा आस्था राख्ने प्रत्येक नागरिकलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ।’

मन्त्रीजीको भनाइअनुसार क्रिश्चियन नमान्नेहरू कसरी संविधानविरोधी र देशद्रोही हुन्छन्? अलि होस् पुर्याएर बोलेको भए मन्त्रीजी विवादमा पर्ने थिएनन्। हो, कम्युनिस्टहरू धर्मलाई आस्थाको विषय मान्छन्। मन्त्रीजस्तो सार्वजनिक ओहडामा बस्ने व्यक्तिले संविधान, कानुनको परिधिभित्र बसेर बोल्नुपर्थ्यो।

सन् १९९२ मा भारतको उत्तर प्रदेशमा बाबरी मस्जिद काण्ड भयो। त्यहाँ विश्व हिन्दू परिषद्का कार्यकर्ताहरूले रामको जन्मभूमिको दाबी गर्दै राम मन्दिर बनाउन मस्जिद भत्काए। भारतीय जनता पार्टीले त्यसलाई साथ दिए। भाजपाका नेता लालकृष्ण आदवाणीको नेतृत्वमा त्यहाँ राम रथयात्रा पनि गरे। लाखौँ जनता सहभागी रथ यात्रा र त्यसपछि भड्केको दङ्गामा हजारौँ मान्छेले ज्यान गुमाए। हिन्दू मुस्लिमबिचको त्यो द्वन्द्व भारतीय अदालतसम्म पुग्यो। भारतीय जनता पार्टी भारतमा रहेका हिन्दुहरूलाई धर्मको माध्यमबाट एकीकृत गर्न चाहन्थ्यो। त्यसैको परिणाम सन् १९८९ मा भएको निर्वाचनमा राजीव गान्धीद्वारा नेतृत्व गरिएको भारतीय काङ्ग्रेस नराम्ररी पराजित भयो भने भारतीय जनता पार्टी २ सिटबाट ८८ सिट जित्न सफल भयो। अहिले भारतीय जनता पार्टी नरेन्द्र मोदीको नेतृत्वमा बहुमतका साथ सरकार चलाइरहेको छ। धेरैजसो प्रान्तीय सरकारमा पनि भाजपाले बहुमत प्राप्त गरी सरकार चलाइरहेको छ। धार्मिक द्वन्द्व र त्यसको परिणाम कस्तो हुन्छ भन्ने त्यो एक उदाहरण हो।

केही समयअघि धरानमा पनि झण्डै त्यस्तै घटना घट्ने सम्भावना देखिएको थियो। केही क्रिश्चियन धर्मावलम्बीहरूले हिन्दुहरूको मन्दिरसँगै चर्च निर्माण गर्न लागे। त्यहाँ विवाद बढ्दै गयो। थप हिन्दूमन्दिरसँगै गाई काटेको समाचार पनि आयो। कति हिन्दू धर्मका पक्षपातीहरू हतियारसहित र्याली गर्न समेत आह्वान गर्न पुगे। तत्काल त्यहाँका जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी र विभिन्न सङ्घ संस्थाले शान्ति र सद्भाव र्यालीको आयोजना गरी द्वन्द्व व्यवस्थापन नगरेको भए घटनाले अर्कै रूप लिने प्राय: निश्चित थियो। धन्न! त्यसबाट धरान मात्रै होइन देश नै धार्मिक द्वन्द्वमा जानबाट रोकियो। विश्व सर्वहारा वर्गको महान् गुरु कार्ल मार्क्सले ‘धर्म अफिम हो’ भनेर त्यतिकै भन्नुभएको होइन होला।

पश्चिमा देशहरू धर्मकै माध्यमबाट नेपालमा आफ्नो प्रभाव विस्तार गर्न खोज्दै छन्। नेपाल पश्चिमाहरूको दबाबमा धर्म निरपेक्ष राज्य घोषणा भएकोबारे कुनै शङ्का छैन। धर्म निरपेक्षताबाट सबैभन्दा बढी कोही खुशी छन् भने ती पश्चिमा देशकाहरू नै छन्। अहिले गाउँ, सहर जताततै चर्चहरू निर्माण गर्दै धर्म परिवर्तन गराउँदै गरेको पाइन्छ। नेपालको संविधानले ‘कसैले धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पार्ने काम गराउन’ निषेध गरेको छ। त्यस्तो गर्नेलाई कानुनबमोजिम दण्ड गर्ने पनि व्यवस्था संविधानमा छ।

ग्रामीण क्षेत्रहरूमा पैसा वा विभिन्न किसिमका सुविधाको लोभ देखाएर धर्म परिवर्तनका काम बेरोकतोक भइरहेका छन्। विशेषगरी आर्थिक रूपमा पछाडि परेका र दलित समुदाय त्यसप्रति आकर्षित भएको देखिन्छ। अधिकांश क्रिश्चियन धर्मावलम्बीहरूले गएको संसदीय निर्वाचनमा स्वतन्त्र पार्टीलाई मतदान गरेको भन्ने सार्वजनिक भयो। नेपालमा चर्चा नै स्वतन्त्र पार्टीको सङ्गठन भन्नेहरूको पनि कमी छैन। तर जे होस्, चर्चहरूमार्फत पश्चिमा देशहरूले आफ्नो प्रभाव क्षेत्र बढाउँदै लगेको भन्ने साँचो हो। यसले नेपाल धार्मिक द्वन्द्वमा फस्ने खतरा क्रमश: बढ्दै छ।

नेपाल बहुधर्मिक, बहुभाषिक र बहु सांस्कृतिक भएको देश हुँदा सबै धर्म र जातिलाई राज्यले सन्तुलनमा राख्न आवश्यक हुन्छ नत्र द्वन्द्वकै कारण देशको अस्तित्व सङ्कटमा पर्न सक्छ। धेरै धर्म, भाषा र संस्कृति हुनु पनि सम्पन्नता हो। राज्यले त्यसलाई सम्पत्तिको रूपमा ग्रहण गर्दै संरक्षण गर्ने नीति लिनुपर्छ। एउटालाई प्राथमिकता दिएर अर्कोलाई बेवास्ता गर्ने बित्तिकै त्यहाँ अकल्पनीय घटना घट्न सक्ने सम्भावना हुन्छ। धर्म जस्तै जातीय द्वन्द्व पनि त्यतिकै खतरनाक हुन्छ। अफ्रिकी देश रुवान्डा त्यसको एक उदाहरण हो।

सन् १९९० मा रुवान्डामा हुतु र तुत्सी जातिबिच द्वन्द्व भयो। हुतुहरू बहुमत भएको त्यस देशमा उनीहरूको गरिबी र दु:खको कारण तुत्सी जाति भएको प्रचार गरियो। जातीय सफायाको आन्दोलन चलाइयो। हुतुहरूलाई फ्रान्सको साथ थियो।

शिक्षकले विद्यार्थी, चिकित्सकले बिरामी र नवजात शिशुको हत्या गर्ने, गिरिजाघरमा जम्मा भएकाहरूलाई पादरीहरूले सामूहिक हत्या गर्न थाले। शिक्षक, प्राध्यापक, बद्धिजीवी सबै त्यस द्वन्द्वमा सहभागी भएका थिए। १ वर्षमा झण्डै १० लाख नागरिकहरूको द्वन्द्वमा मारिएको बताइन्छ। करिब १ करोड जनसङ्ख्या भएको उक्त देशमा एकै वर्ष १० प्रतिशत जनसङ्ख्या हत्या हुनु इतिहासकै नराम्रो घटना थियो। यसमा पनि धार्मिक द्वेष फैलाइएको थियो।

मन्त्री किराँती एउटा जातिबाट आएको भए पनि मन्त्री सार्वजनिक पद हो। सार्वजनिक पदमा बस्नेहरूले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्ने हुन्छ। एक सामान्य नागरिकले झैं स्वतन्त्र अभिव्यक्ति दिँदा विवादमा परिन्छ। धर्म निरपेक्ष राज्यमा राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरू मन्दिर मन्दिरमा गएर टीका लगाउने र फूलमाला लगाएर प्रसाद ग्रहण गर्ने गरेको दृश्यलाई पनि नेपाली जनताले आलोचनात्मक दृष्टिले हेर्दै छन्।

अहिले मन्त्री किराँतीको विरुद्ध नाराबाजी गर्दै सडकमा उत्रेकाहरूले उनको राजीनामासमेत माग्न थालेका छन्। प्रचण्ड नेतृत्वको सरकार एक वर्ष पुग्न लागेकै बेला मन्त्रिमण्डलमा हेरफेर गर्ने सङ्केत पनि दिइदैछ। साँच्चै मन्त्रिमण्डल पुनर्गठन हुने भए संस्कृति मन्त्रीको पद जाने प्राय: निश्चित देखिन्छ। किनभने, पुनर्गठित मन्त्रिमण्डलमा किराँतीको नाम समावेश भएमा अहिले आन्दोलन गर्नेहरूले प्रचण्डकै विरुद्ध आन्दोलन गर्ने सम्भावना रहन्छ। जिम्मेवार पदमा बस्नेहरूले सस्तो लोकप्रियतामा भन्दा जनताको समस्यातिर ध्यान दिनु उचित हुनेछ।

# नेपाल वायुसेवा निगम डुबाउनेहरूलाई जेल थुन्नु पर्दैन ?

✍ रामरतन चौधरी

नेपाल वायुसेवा निगमले छोटो रनवे भएको विमानस्थलमा अवतरण गर्न सक्ने ३ ओटा विमान (Stol Aircraft) खरिद गर्नको लागि २०२३ अक्टोबर २२ (२०८० कार्तिक ५) मा बोलपत्र आह्वान (Invitation for Bids) गर्‍यो। यो बोलपत्र आह्वान गरेर नेपाल वायुसेवा निगमले आफ्नै आर्थिक विनियमावली, २०६५ विपरीत सबैभन्दा योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा सहभागी हुनै नदिने असान्दर्भिक मापदण्ड (Irrelevent criteria) राखेको समाचार छ। निगमले कमिसन खानकै लागि मापदण्ड बनाएको हुँदा कतिपय कम्पनीले बोलपत्र प्रक्रियामा भाग लिन नसक्ने अवस्था भएको गुनासो छ।

निगमको आर्थिक विनियमावली, २०६५ को बुँदा नं २३६१ (क) मा उल्लखे गरियो- “व्यवस्थापनबाट प्राप्त व्यापारिक रणनैतिक प्रतिवेदनको आधारमा कस्तो क्षमताको विमान खरिद गर्न उपयुक्त हुने हो यकिन गरि खरिद प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिले एउटा उपसमिति गठन गर्नेछ। उक्त उपसमितिको सिफारिसको आधारमा आवश्यक जाँचबुझ, विश्लेषण गरी समितिले कुनै दुई वा दुईभन्दा बढी विमान निर्माता कम्पनीबाट समितिले निर्धारण गरेको ढाँचामा बोलपत्र (RFP) प्रस्ताव प्राप्त गर्न पैँतालीस दिनको म्याद दिँदै व्यवस्थापनले सार्वजनिक सूचना तथा पत्राचारको माध्यमबाट विमान निर्माता कम्पनीहरूलाई जानकारी गराउनेछ।” तर, निगमले यो प्रावधानलाई मिचेर बोलपत्र प्रकाशित गर्‍यो। निगमद्वारा प्रकाशित बोलपत्रको प्राविधिक प्रस्ताव (technical offer) को बुँदा नं १४ मा निम्न लिखित कुरा उल्लेख छ :

aircraft must be able to operate 1500 ft (or less) short field - unable to operate 1500 ft (or less) short field is disqualified)

अर्थात् १५०० फिटभन्दा कमको धावनमार्गमा अवतरण गर्न सक्ने जहाज मात्र मापदण्डभित्र पर्ने भयो। नेपालमा सबभन्दा छोटो धावनमार्ग भएको विमानस्थल लुक्ला मात्र हो। यो विमानस्थलको धावनमार्गको लम्बाइ जम्मा १७२९ फिट छ। योभन्दा छोटो धावनमार्ग हालसम्म नेपालमा छैन र भविष्यमा पनि नहुने विज्ञहरू बताउँछन्।

हाल नेपालमा उडान भरिरहेका Dornier / Let जहाजले लुक्ला विमानस्थलमा सजिलै अवतरण गरिरहेका छन्। तर निगमले यी दुवै जहाज कम्पनीलाई खरिद प्रकृयामा सामेल हुन नसक्ने गरी मापदण्ड बनायो। यो मापदण्डको कारण विमान खरिद प्रक्रियामा टिव्नअटरले मात्र भाग लिन सक्छ। यसमा ठूलै कमिसनको लेनदेन हुने विज्ञहरू बताउँछन्। निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले विमान खरिदको प्रस्ताव निगमको सञ्चालक समितिसमक्ष प्रस्तुत गर्दा अर्थमन्त्रालयका प्रतिनिधि धनिराम शर्माले लिखित रूपमा नै सो प्रस्तावमाथि असहमति जनाएका थिए।

निगमका अधिकारीहरूले ठूलै भ्रष्टाचार गर्न एउटै मात्र विमान निर्माता कम्पनीका एजेन्टसँग साँठगाँठ गरेको समाचार छ। निगमका अधिकारीलाई सस्तो र राम्रो विमान गरिद गर्दा कमिसन नआउने भएकोले ८० करोड मूल्य पर्ने ट्विनअटर विमानको एजेन्टसँग सार्वजनिक खरिद ऐन र निगमको आर्थिक विनियम विपरीत प्रक्रिया अगाडि बढाइरहेको समाचारमा उल्लेख छ।

विमान खरिदको लागि बोलपत्र गर्दा Brand तोक्न नमिल्ने प्रावधान सार्वजनिक खरिद ऐन र निगमको आर्थिक विनियममा छ। तर, निगमले ट्विनअटर विमानसँग अतिरिक्त सामान (Spare Parts) मिल्नुपर्ने उल्लेख गरी खरिद ऐन उलङ्घन गर्‍यो। यसले निगमका अधिकारीको ट्विनअटरसँग कमिसनको भागवण्डा भएको अनुमान लगाउन सकिन्छ। केही समयअगाडि ट्विनअटर विमानका प्रतिनिधि योगेश गर्गले सिधै निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीसँग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बहिर्गमन ( Departure) कक्षमा भेटेर कमिसनको कुरा गरेको समाचार छ।

नेपाल वायुसेवा निगमले २०७१ सालमा ६ वटा चिनिया जहाज भित्र्याएको थियो। तीमध्ये एमआई ६० र वाई १२ मोडेलका २ वटा जहाज चीनले नेपाललाई अनुदानमा दिएको थियो। बाँकी ४ वटा जहाज जीटुजी प्रणालीअन्तर्गत चीनकै एक्जिम बैङ्कसँग सहुलियतपूर्ण ऋणमा खरिद गरेको थियो। तीन वर्षदेखि (०७७ साउन) त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा तीमध्ये ५ जहाजहरू थन्किएका छन्। अहिले ती ५ ओटा जहाज निगमले लिलामीमा राखेको छ। निगमको एउटा ट्विनअटर जहाज पनि १२ वर्षदेखि त्रिभुवन विमानस्थलमा ग्राउन्डेड छ। चिनियाँ जहाजहरू किन्दा क-कसले ठीक भने र उडाउँदै नउडाई ती जहाजहरू अहिले बेठीक ककसले भने? यसको छानविन गरी दोषीलाई जेल पठाउनु जरुरी छ।

हाल निगमसँग ३ वटा ट्विनअटर विमान छन्। तीमध्ये २ वटाले मात्र उडान भरिरहेका छन्। ग्राउन्डेड विमानहरूको लागि मात्र वार्षिक ४८ करोड रुपैयाँ खर्च हुने गरेको राष्ट्र बैङ्कका पूर्व गर्भनर दिपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा रहेको ‘नेपाल वायुसेवा निगमको संरचनागत एवम् व्यवस्थापकीय अध्ययन तथा सिफारिस समिति’ को एक अध्ययनले देखाएको छ।

जानकारहरूका अनुसार ग्राउन्डेड रहेको एउटा ट्विनअटर विमान मर्मतको निम्ति जम्मा ४-५ करोड मात्र लाग्ने देखिन्छ। तर, निगमका कार्यकारीले २० देखि २५ करोड रुपैयाँ लाग्ने अवास्तविक प्रतिवेदन सञ्चालक समितिसामु प्रस्तुत गरे। यसबाट पनि निगमका अधिकारीहरूको बदनियत छर्लङ्ग हुन्छ।

निगमले खरिद गर्न खोजेको ३ वटा ट्विनअटर विमानको अनुमानित खरिद मूल्य २ अर्ब ४० करोड र यसको Spare Parts को मूल्य २० करोडसमेत कूल २ अर्ब ६० करोड रुपैयाँ पर्छ। जबकि ३ वटा Dornier विमानको अनुमानित खरिद मूल्य १ अर्ब ९८ करोड र Spare Parts को २० करोडसमेत कूल २ अर्ब १८ करोड मात्र पर्छ। ३ वटा Let विमानको अनुमानित खरिद मूल्य १ अर्ब ८० करोड र अनुमानित Spare Parts को २० करोडसमेत कूल २ अर्ब रुपैयाँ पर्छ। यो हिसाबले हेर्दा ट्विनअटर विमान खरिद गर्दा निगमका अधिकारीहरूलाई करिब ३८-४० करोड रूपैयाँ कमिसन प्राप्त हुने देखिन्छ। निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले यो कमिसनको सम्झौता ट्विनअटर विमानका एजेन्ट योगेश गर्गसँग गरिसकेको निगमका कर्मचारीबीच चर्चा छ।

नेपाल वायुसेवा निगमका अधिकारीहरू आफूसँग भएको जहाज पूर्ण क्षमतामा चलाउने प्रयास गर्नुभन्दा नयाँ जहाज खरिद गरेर कमिसन खाने चक्करमा छन्। यसको चौतर्फी विरोध भइरहेको छ। ग्राउन्डेड जहाज मर्मत गरेर उडाउनेमा पनि निगमले चासो दिइरहेको छैन। निगमका जहाजहरू थन्क्याइएका छन् भने निजी वायुसेवा कम्पनीका जहाजले निरन्तर उडान भरिरहेका छन्। यसबाट निगमका अधिकारीहरू निजी विमान सेवासँग साँठगाँठ गरेर कमिसन खाने र नेपाल वायु सेवा निगमलाई डुबाउनेमा लागेको स्पष्ट हुन्छ।

*२०८० पुस ८ गते*

# प्यालेस्टिन जलेको नदेख्ने नेपाली शासकहरू या त कायर हुन् या विदेशी दलाल !



● सुरेन्द्रराज गोसाईं

**नेपाली विदेश जाने, नेपालका ठुलाठालुहरूको सम्पत्ति विदेश जाने, नाफा जति विदेश नै जाने ! अनि, विदेशीहरू यहाँ आउने, विदेशी सेना यहाँ आउने एमसीसीको नाउँमा, एसपीपीको नाउँमा, अनेक नाउँमा ! नागरिकता विधेयकको नाउँमा विदेशी नागरिकहरू यहाँ आउने ! तर, भुटानी शरणार्थीको नाउँमा नेपाली नागरिकहरू विदेश पठाउने ! यो के हुँदै छ ? यो कस्तो प्रजातन्त्र ? यो कस्तो गणतन्त्र हो ? के गणतन्त्रमा यस्तै हुनुपर्ने हो ? यस विषयमा प्राध्यापक, बुद्धिजीवी, जानकारहरूले बोल्नैपर्छ । हामीले ढिला गरिसक्यौँ ! बहुदल पुनःस्थापनाको यो ३० वर्षको अवधिमा हामीले जुन देख्यौँ त्यो स्वाभाविक होइन । यसमा विदेशी प्रभाव, विदेशी पिछलग्गूपन तथा दासता अझ बौद्धिक दासता, सांस्कृतिक दासता यसको निम्ति जिम्मेवार छ । यसलाई हामीले चिर्न आवश्यक छ ।**

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ आगामी दिनमा अझ सफलतातर्फ अगाडि बढ्ने विश्वाससहित शुभकामना व्यक्त गर्दछु । आजको दिनसम्म मेहनत गर्दै आउनुहुने सबै धन्यवादका पात्र हुनुहुन्छ । ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङलाई नजिकबाट हेरिरहँदा तथा सेवाका दुई दशक पूरा गरिरहँदा हर्षको अनुभव हुनु स्वाभाविक हो । यो भक्तपुरवासीका निम्ति मात्र होइन, देशवासीहरूकै निम्ति एउटा गर्व गर्नलायक विषय हो । आगामी दिनमा हाम्रा कलेजहरूले अझ सुखद खबरहरू तथा नयाँनयाँ उपलब्धिहरूका साथ जनताबिच प्रस्तुत हुन सफलता प्राप्त होस्, हार्दिक शुभकामना छ ।

ख्वपको चर्चा गरिरहँदा एउटा कुरा स्मरण हुन्छ । वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि भक्तपुरले एउटा फरक तर साहसिक निर्णय गऱ्यो । प्रजातन्त्र पुनर्स्थापनाको ५-६ वर्षपछि शिक्षाको क्षेत्रमा भक्तपुरले नयाँ बाटो लियो । देशका अन्य भाग या पालिकाहरूमा निजीकरणको नाउँमा शिक्षा र स्वास्थ्यलाई जनताको भावनाविपरीत व्यापारिक वस्तु बनाइयो । त्यो धारको विपरीत धार हामीले पकड्यौँ अर्थात् यहाँका अग्रजहरूले फरक धारको नेतृत्व गर्नुभयो । यो अविस्मरणीय विषय हो ।

त्यो सोच र विचार अर्थात् उद्देश्यको भिन्नता अत्यन्त महत्त्वपूर्ण छ । त्यो बुझ्न आवश्यक छ । त्यो भिन्नताको विषयमा छलफललाई निरन्तर अगाडि बढाउन आवश्यक छ । यदि हाम्रा अग्रजहरूले पनि यो बाटो नसमातीकन निजीकरणको बाटो, उदारीकरणको बाटो या भनौँ नाफामुखी बाटो नै रोजेका भए, देशमा यी उदाहरणीय संस्थाहरूको जन्म हुने थिएन ! त्यतिखेर के हामीसँग देखाउन लायक या गर्व गर्नलायक केही बाँकी हुन्थ्यो होला त ? तर, हाम्रा अग्रजहरूले कठिन बाटो रोज्नुभयो र सामूहिक हितको उद्देश्य लिनुभयो । आज हामी यो स्थितिमा छौँ । यो कोणबाट पनि चिन्तन–मनन गर्न र सोचविचार पुऱ्याउन आवश्यक छ ।

हाम्रो देशका युवा, बुद्धिजीवीहरू तथा महत्त्वपूर्ण जनशक्ति विदेश पलायन भइरहेको डरलाग्दो चित्रबारे यहाँ चिन्ता व्यक्त हुँदै छ । देश म्यानपावर कम्पनीका दलालहरूले सञ्चालन गर्दा, देशको बागडोर सम्हाल्नेहरू विदेशी पुँजीका एजेन्टहरू पर्नाले अर्थात् सिंहदरबार तिनीहरूको कब्जामा जानाले आज हामी यो कुरूप चित्र देख्दै छौँ । म्यानपावर कम्पनीका दलालहरूको हालीमुहाली हुँदा मानिसहरू विदेश पलायन हुनु त्यो अस्वाभाविक नहोला ! अब त्यो किन भयो ? विदेशी पुँजीका दलालहरू र म्यानपावर कम्पनी अथवा भनौँ मानव बेचबिखन कम्पनीका दलालहरूले सिंहदरबार कब्जा गर्नेसम्मको स्थिति कसरी आयो ? जनता त्यसका निम्ति कति दोषी छन् ? यो वर्तमान व्यवस्था त्यसका निम्ति कति दोषी छ ? त्यसको विषयमा पनि हामी सबैले छलफल गर्न आवश्यक छ ।

हामीले खबरहरू पनि सुन्दै आइरहेका छौँ, विदेश गइरहेको देश भनेर ! यो एकाएक आएको स्थिति होइन भन्नेबारे हामीलाई थाहा छ । यसको विरोध गर्ने कि यसैलाई सहेर बस्ने ? कि केही नभएको झैँ हामीले स्वीकारेर बस्ने ? ७०-८० लाख जनशक्ति बाहिर राखेर देश बनाउने कल्पना गर्दा त्यो बाटो कतिसम्म कठिन होला ? कति लामो होला ? त्यस विषयमा अब समाजशास्त्री, राजनीतिशास्त्री र अर्थशास्त्रीहरूले विश्लेषण गरी नेपाली जनतालाई यथार्थ बताउनैपर्छ । हाम्रो नेपाली समाजको बाटो अब कुन हुनुपर्छ भन्ने विषयमा हामीले वास्तविकता बताउनैपर्छ । हामीले हिजो गोर्खा भर्तीको कुरा गर्थ्यौँ । त्यसको विरोध वा समर्थन आदि इत्यादिको कुरा गर्थ्यौँ । आज संसारका विभिन्न देशको सेनामा नेपाली युवाहरू भर्ती भएको र त्यहाँ ज्यान गुमाइरहेको, अङ्गभङ्ग भइरहेको खबर आइरहेका छन् । यो स्थिति ल्याउनमा यो देशका नीतिनिर्माताहरू, अहिलेसम्म शासनसत्तामा जानेहरू, यो देशका ब्युरोक्राट्सहरू त्यसका निम्ति कति जिम्मेवार छन् ? यो विषयमा पनि हामीले सोचविचार पुऱ्याउन आवश्यक छ । निश्चय पनि यो स्थिति हाम्रो निम्ति स्वीकार्य छैन । एकप्रकारले यो राष्ट्रिय लज्जाको विषय हो । युवाहरू विदेशी पल्टनमा जाने, अनि विदेशी पल्टनमा गएर ज्यान गुमाउने अनि यहाँ आँसुको खोला बग्ने ! कतिञ्जेल सहने ? कहिलेसम्म त्यसलाई निरन्तरता दिने ? यसको अन्त्य कहिले हुने ?

देशका नीतिनिर्माताहरू स्कूल, कलेज, विश्वविद्यालय, अस्पताल, स्वास्थ्यचौकी बनाऔँ भन्नेतिर होइनन्, भैँसेपाटीमा दरबार निर्माणतर्फ लाग्दै छन् । त्यसकारण, आज देश आर्थिक, सांस्कृतिक, सामाजिक तथा राजनीतिकरूपमा कमजोर अवस्थामा छ । देशको यो ठुलो दुर्भाग्य र विडम्बना हो । जुन देशमा स्वास्थ्यचौकी, शिशुस्याहार केन्द्र, बालोद्यान, पाठशालाहरू, कलेजहरूको निर्माण गर्नुको सट्टा शासकहरूका निम्ति आलिशान महलहरू, शासकहरूका निम्ति दरबारहरू बनाइन्छन्, त्यो देश कसरी समृद्ध हुन्छ ? हिजो राणाहरूले पनि त्यही गरेका थिए, के फरक भयो ? प्रजातन्त्र, गणतन्त्रका शासकहरू राणाहरूकै बाटोमा गइरहँदा टुलुटुलु हेरेर बस्ने कि त्यसको विरोध गर्ने ? अब सचेत नेपाली दाजुभाइहरूसमक्ष यो एउटा यक्ष प्रश्नको रूपमा खडा छ । यसरी शासकहरूका निम्ति सारा चिज बन्ने तर जाजरकोटका भूकम्पपीडितहरूले अहिले पुस महिनासम्म पाल एउटा पनि नपाउने ? यसरी भइरहुञ्जेल शासकहरूका निम्ति बन्ने, जाजरकोट रुकुमका भूकम्पपीडितहरूले पुससम्म पनि एउटा पाल नपाउने ! हजारौँ हजार भूकम्पपीडितहरूको बिजोग भइरहँदा समेत शासकहरू, सिंहदरबार, बालुवाटार र शीतलनिवास यसमा मूकदर्शक छन् । नदेखेझैँ गर्छन्; केही नभएझैँ गर्छन् । अर्कै अर्कै काममा विदेश यात्रामा निस्कन्छन् । सर्वसाधारण मात्र विदेश होइन, मन्त्रीहरू फौजका फौज विदेश यात्रामा जाँदै छन् । स्वदेश उनलाई दुख्दैन । किन यस्तो भइरहेको छ ? किन यति विवेकहीन शासकहरू हामीले पाइरहेका छौँ ? त्यसका निम्ति हामी नेपाली, हामी मतदाता, हामी बुद्धिजीवीहरू कति जिम्मेवार छौँ ? हामीले सच्चाइको बाटो लिइरहेका छौँ कि छैनौँ ? त्यस विषयमा पनि अब हामीले सोचविचार पुऱ्याउन आवश्यक छ ।

नेपाली विदेश जाने, नेपालका ठुलाठालुहरूको सम्पत्ति विदेश जाने, नाफा जति विदेश नै जाने ! अनि, विदेशीहरू यहाँ आउने, विदेशी सेना यहाँ आउने एमसीसीको नाउँमा, एसपीपीको नाउँमा, अनेक नाउँमा ! नागरिकता विधेयकको नाउँमा विदेशी नागरिकहरू यहाँ आउने ! तर, भुटानी शरणार्थीको नाउँमा नेपाली नागरिकहरू विदेश पठाउने ! यो के हुँदै छ ? यो कस्तो प्रजातन्त्र ? यो कस्तो गणतन्त्र हो ? के गणतन्त्रमा यस्तै हुनुपर्ने हो ? यस विषयमा प्राध्यापक, बुद्धिजीवी, जानकारहरूले बोल्नैपर्छ । हामीले ढिला गरिसक्यौँ ! बहुदल पुनःस्थापनाको यो ३० वर्षको अवधिमा हामीले जुन देख्यौँ त्यो स्वाभाविक होइन । यसमा विदेशी प्रभाव, विदेशी पिछलग्गूपन तथा दासता अझ बौद्धिक दासता, सांस्कृतिक दासता यसको निम्ति जिम्मेवार छ । यसलाई हामीले चिर्न आवश्यक छ ।

हाम्रो देशमा त कुनै देशको बम प्रहार भइरहेको स्थिति होइन । बमबारी यहाँ भएकै छैन । तर, देश छोड्नेहरूको लर्को निकै लामो छ । त्रिभुवन विश्वविद्यालयतिर नभई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलतर्फ जब युवाहरूको लर्को लामो हुन्छ तब देशको भविष्य कसरी उज्यालो हुन्छ ? सोचनीय छ । तर, त्यसको ठीकविपरीत उता प्यालेस्टिनको गाजापट्टीमा बमबारी भइरहेको छ । तर, त्यहाँका डाक्टरहरू आआफ्नो जिम्मेवारीमा अहोरात्र खटिरहेका छन् । ती स्वास्थ्यकर्मीहरू भन्दै छन्, "हामी हाम्रो धर्म छौड्दैनौँ । हाम्रो माटो छौड्दैनौँ । अन्तिम दमसम्म पनि यही माटोमा बसेर हाम्रा नागरिकहरूको जीवन जोगाउनका निम्ति सास रहेसम्म लड्छौँ, भिड्छौँ ।" त्यहाँ चिकित्सकहरू लडिरहेका छन् । लडाकुहरू लडिरहेका छन् । पत्रकारहरू भिडिरहेका छन् । लगभग ३१० जना डाक्टर, नर्स तथा स्वास्थ्यकर्मीहरू इजरायली बम प्रहारबाट मारिए । तर, त्यहाँका चिकित्सकहरूले आफ्नो जिम्मेवारी छोडेर भागेनन् । लडाइँ जारी छ । त्यो परिस्थिति र हाम्रो परिस्थितिबिच तुलना गरेर हेरौँ ! हाम्रो प्रवृत्ति र त्यहाँको प्रवृत्तिबिच तुलना गरौँ ! त्यहाँ त्यो कसरी सम्भव भयो ? बमबारी हुँदा तिनीहरू लड्दै छन् तर त्यस्तो बिपत्को स्थिति नहुँदै हामी भाग्दै छौँ ! कहाँनिर हाम्रो कमजोरी, खराबी भयो ? कहाँनिर खोट भयो ? त्यस विषयमा हाम्रा विद्यालयमा, हाम्रो विश्वविद्यालयमा गहन छलफल चलाउन आवश्यक छ । हाम्रो चिन्तनको दरिद्रताको कारण पत्ता लगाउन आवश्यक छ । हरेक व्यक्तिले सोच्न आवश्यक छ ।

गाजापट्टीमा ९७ जना सञ्चारकर्मीहरूको हत्या भइसकेको छ । परिवारका सबै सदस्य गुमाइसकेकाहरू समेत पत्रकारिताको धर्मबाट विचलित नहुने बताउँदै छन् । त्यहाँका पत्रकारहरूले उच्च मनोबलका साथ आफ्नो कर्तव्य निर्वाह गर्दै छन् । त्यो स्थिति र यो स्थितिबिच तुलना गरेर हाम्रो अगाडिको बाटो तय गर्न आवश्यक छ । साथै आज ६८ दिन भयो गाजापट्टीमा भइरहेको हमला । आजकै दिन ६५९ दिन भयो युक्रेनमा अमेरिकाले 'प्रोक्सी वार' सुरु गरेको । युक्रेनमा त्यो लडाइँ अमेरिकाले नाटो देशहरूको साथ लिएर रुसविरुद्ध सुरु गऱ्यो । मस्को कब्जा गर्ने र पेचिङसम्म पुग्ने त्यो छद्मयुद्धको वास्तविक उद्देश्य हो । वर्तमान विश्वमा यसरी दुईवटा ठूला युद्ध चल्दै छन् । यसको पनि तुलनात्मक अध्ययन गरी वास्तविकता बताउन आवश्यक छ । अमेरिका यो किन गर्दै छ ? किन अमेरिका गाजापट्टीमा आततायी हमला गर्दै छ ? किन इजरायललाई बोक्छ ? भर्खरै मात्र पनि १०५.६ मिलियन डलर बराबरको सैन्य सहयोग फेरि पनि अमेरिकाले इजरायललाई दियो । आजको खबर हो यो । अमेरिका किन यसरी मान्छे मार्न सहयोग गर्दै छ ? महाशक्ति कायम रहनकै निम्ति उसले सारा दुनियाँलाई तह लगाउन खोज्दै छ । एक ध्रुवीय विश्व कायम राख्न लाखौँ मानिसहरूको हत्या गर्ने, नरसंहार गर्ने, जातीय सफाया गर्ने अनि त्यसलाई संसारले सहेर बस्नुपर्ने ! यो कस्तो शान्ति ? यो कस्तो न्यायको परिभाषा ? विश्वमा उसको प्रभुत्व कायम गर्नका निम्ति संसारले त्राहित्राहिको जीवन बाँच्नुपर्ने ! यो कस्तो मानवअधिकार ? अमेरिकाको बाइडेन प्रशासनको यो कस्तो अपराध कर्म ? यी विषयमा पनि हामीले नयाँ पुस्तालाई बताउन आवश्यक छ, बुझाउन आवश्यक छ ।

आजसम्ममा २० हजारभन्दा बढी प्यालिस्टिनीहरूको हत्या भइसकेको छ । त्यसमध्येमा ८ हजारभन्दा बढी त बालबालिकाहरू हुन् । त्यसमध्येमा ६ हजार २ सय छोरीहरू, आमाहरू, दिदीबहिनीहरू हुन् । यो के हुँदै छ ? अस्पतालहरूमा बमबारी युद्धको नियमविपरीत छ । अन्तर्राष्ट्रिय कानुनको ठाडै उल्लङ्घन भइरहेको छ । अस्पताल, स्कूल, मानिसहरूको बस्ती र शरणार्थी शिविरमा बमबारी भइरहेको छ । फेरि पनि अमेरिका मानवअधिकारको कुरा गर्छ, फेरि पनि अमेरिका प्रजातन्त्रको कुरा गर्छ र प्रजातन्त्रको अन्तर्राष्ट्रिय सम्मेलन गर्न ऊ थाक्दैन । यो के हुँदै छ ? अमेरिकी प्रजातन्त्र उदाङ्गो भएको आज मानिसहरू अनुभव गर्दै छन् ।

भियतनाम युद्धपछि अमेरिकी युद्धको विरोध संसारभरि यतिखेर हुँदै छ । वासिङ्टन डीसी, क्यानडा, अस्ट्रेलिया, लन्डनमा लाखौँ लाखको जुलुस अहिले युद्धको विरुद्ध, मानवताको पक्षमा भइरहेको छ । प्यालेस्टिनीहरूलाई बाँच्न दिनुपर्छ, स्वतन्त्रता दिनुपर्छ र तिनीहरूको भूमि तिनीहरूले नै फिर्ता पाउनुपर्छ भन्ने आवाज युरोप, अफ्रिका, अरब, एसिया, सारा संसारमा उठ्दै छ । हाम्रो देशमा हामी पनि त्यस विषयमा बोल्दै छौँ, सङ्घर्षलाई अगाडि बढाउँदै छौँ । ५२ हजार प्यालेस्टिनीहरू ७८ दिनमा घाइते भइसकेका छन् । ६ हजार ७ सय जना पुरिएका या हराइरहेका छन् । ७५ वर्षको हिसाबकिताब त गर्नै बाँकी नै छ । १९४८ देखिको मानवीय तथा भौतिक क्षतिको हिसाब त गर्नै बाँकी नै छ । ७० प्रतिशतभन्दा पनि बढ्ता गाजाका घर ध्वस्त पारिएको छ । प्यालेस्टिनको गाजापट्टीका ३५ वटा अस्पतालहरूमध्ये अहिले जसोतसो ५–७ वटाले काम गर्दै छन् । त्यहाँका गर्भवती महिलाहरू, ज्येष्ठ नागरिकहरू, बिरामीहरू, घाइतेहरू उपचार नपाएर, औषधि नपाएर, कुनै पनि चीजबिज नपाएर मरिरहेका छन् । स्टार्भेसन अर्थात् भोकको कारण, खान नपाएर मान्छे मर्दै छन् । एक बोतल पानीको अभावमा प्यालेस्टिनीहरू लड्दै छन् । पानीसमेत खान नपाउँदाको पीडा हामी कल्पना पनि गर्न सक्दैनौँ । फ्याँकिएको बोतलको बाँकी अलिकति पानीको चुस्कीको भरमा प्यालिस्टिनीहरू प्यास मेटाउँदै छन् । तर, ती लडिरहेका छन् । यो वीरता र देशप्रेमको उत्कृष्ट उदाहरण हुन सक्छ ! पानीबिना, सामान्य हाइजिनबिना, खानेकुराबिना मान्छेहरूलाई राख्नु नै के अमेरिकाको बाइडेनको स्वतन्त्रता र प्रजातन्त्र हो ? यो प्रश्न अहिले सारा संसारमा उठ्दै छ । यस विषयमा हामीले पनि हाम्रो भूमिबाट सङ्घर्षलाई अगाडि बढाउँदै छौँ । प्यालिस्टिनीहरूको न्यायपूर्ण सङ्घर्षमा ऐक्यबद्धता जनाउँदै छौँ ।

यो २१ औँ शताब्दीमा हामी इन्जिनियरिङ कलेजहरू बनाएर नयाँ-नयाँ संरचना निर्माणको शिक्षादीक्षा दिँदै छौँ । नयाँनयाँ प्रविधिको विकासको परिकल्पना गर्छौँ । सुन्दर बस्तीको आकृतिप्रकृति तयार गर्दछौँ । यहाँ त्यही प्रयत्न गर्दै हामी अगाडि बढ्दै छौँ । तर, टाढाको त्यो ठाउँको त्यो अशान्तिले, ध्वस्त भइरहेका भवनहरूले हामीलाई गिज्याउँदै छ । त्यहाँ भइरहेको नरसंहार, विध्वंशले हामी सबैलाई छुन्छ कि छुँदैन ? त्यहाँको असुरक्षा, अशान्ति हामी सबैलाई दुख्छ कि दुख्दैन ? आज प्यालेस्टिन जलेको नदेख्ने नेपाली शासक नेताहरूलाई के रोग लाग्यो ? के ती कायर हुन् या विदेशी दलाल ? अहिलेको सन्दर्भमा यी सवाल पनि त्यतिकै महत्त्वपूर्ण सवाल हुन् ।

यो ६५ दिनमा ४० हजारभन्दा बढी टन विस्फोटक पदार्थ गाजापट्टीमा खसालिसकेको अवस्था छ । अमेरिकाले दिएको विस्फोटक पदार्थ इजरायलले खसालेको हो । दोषी को हो ? इजरायल मात्र होइन, प्रमुख दोषी अमेरिका हो भनेर स्वयम् बाइडेनका स्टाफहरू भन्दै छन् । बाइडेनका कर्मचारीहरू आज विरोधमा उत्रेको खबर भर्खरै हामीले सुन्यौँ । उनीहरू आफैँ, 'योर स्टारुस डिमान्ड सिजफायर', भन्दै बाइडेनकै कार्यालय बाहिर प्रदर्शन गर्दै छन् । तिनीहरू प्लेकार्ड बोकेर सडक सङ्घर्षमा उत्रेको हामी देख्दै छौँ । संसारको इतिहासमा अहिले जति 'पिस', 'प्रोस्पेरिटी' आदि इत्यादिको कुरा सायदै उठ्यो होला ! तर, 'पिस', 'प्रोस्पेरिटी' को कुरा गर्ने तर विध्वंश मच्चाउन नछोड्ने ! यसको दोषी को हो ? जवाफको खोजी हरेक सचेत नागरिकले गर्न आवश्यक छ ।

हाम्रा कक्षाकोठाहरूमा यी विषयमा छलफल नगरी अगाडि बढ्नु भनेको अधुरो शिक्षाझैँ हुनेछ । हामी सबैको चाहना विश्व शान्ति हो तर त्यो सरल उपायबाट सम्भव रहेनछ ! बाटो सहज रहेनछ ! विशेषगरी अमेरिका नेतृत्वको महाशक्तिको गुटको कारण संसारभरि आतङ्क फैलिँदै छ । ऊ 'वार अगेन्स्ट टेररिज्म' भन्छ, आफैँ 'टेररिज्म' फैलाउँदै हिँड्छ । यी राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयहरू, हाम्रो देशका समस्याहरू, सङ्कटहरू तथा अन्तर्राष्ट्रिय आर्थिक–राजनीतिक क्षेत्रमा आउँदै गरेका चुनौती, सङ्कटबारे पनि गहन छलफल गर्न आवश्यक छ । संसार अहिले आर्थिक सङ्कटको त्राहित्राहिमा बसिरहँदा युद्धमाथि युद्ध थोपरेर भोलि के होला ? यस्तो सङ्कटको बाटोबाट मुक्ति कसरी पाउने ? कसरी सम्भव होला त्यो मुक्ति ? यी विषयहरूमा पनि हामीले सर्वसाधारण जनतालाई, नयाँ पुस्तालाई वास्तविकता बताउन आवश्यक छ । अन्त्यमा, हाम्रा यी दुईवटै कलेजले आगामी दिनमा अझ बढी सफलता हासिल गरून् भन्ने कामना गर्दै मेरो भनाइ टुङ्ग्याउँदछु ।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईंले ख्वप इन्जिनियरिङ कलेजको २२ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १५ औँ वार्षिकोत्सव समारोहमा मङ्सिर २८ गते दिनुभएको मन्तव्य सामान्य सम्पादनसहित प्रस्तुत छ । केही तथ्याङ्क संशोधन गरी पछिल्लो तथ्याङ्क समावेश गरिएको छ ।)*

# माओको व्यक्तित्वका आयामहरू

राकस्था

**विनयशील माओ त्सेतुङ**

सन् १९६० को डिसेम्बर पहिलो साता नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता निरञ्जनगोविन्द वैद्य चीन भ्रमणमा हुनुहुन्थ्यो । चिनियाँ क्रान्ति सम्पन्न भएको एक दशक नाघिसकेको थियो । वैद्य सोभियत सङ्घमा सम्पन्न मजदुर सङ्गठनहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिई प्रजग कोरिया हुँदै चीन पुग्नुभएको थियो । नेपाली नेता वैद्यले चिनियाँ नेता माओसँग भेट गर्ने अवसर पाउनुभयो । भेटमा माओले नेपालका मजदुर-किसानलगायत श्रमजीवी जनताबारे विभिन्न जिज्ञासा राख्नुभएको रहेछ । कुराकानीको क्रममा माओले वैद्यसँग 'चीनमा के के देख्नुभयो, अनि कस्तो लाग्यो चीन यहाँलाई' भनी सोध्दा वैद्यले चीन एक विशाल देश हो, चारपाँच दिनको भ्रमणमा सबै कुरा हेर्न र बुझ्न सम्भव नभएको तर आफू पुगेका ठाउँमा चीनको प्रगति देखेर निकै प्रभावित भएको उल्लेख गर्नुभएछ । वैद्यको उत्तर सुनेर माओले 'हाम्रा कार्यकर्ताले तपाईंलाई राम्रो-राम्रो ठाउँ मात्रै घुमाए होलान्, वास्तविक चीन फरक छ' भन्नुभएछ । चीनका थुप्रै कमजोरी र समस्या भएको र चीनको विकास गर्न अझै निकै मेहनत गर्नुपर्ने कुरा माओले भन्नुभएछ । माओले चिनियाँहरू दृढ भएर लागिरहेको कुरो निरञ्जनगोविन्द वैद्यलाई भन्नुभएको प्रसङ्ग वैद्यकै पुस्तकलाई उद्धृत गरी उहाँका छोरा शिशिरले नेपालको एक दैनिक पत्रिकामा केही महिना अगाडि लेख्नुभएको छ ।

प्रस्तुत घटनाले माओको बहुआयामिक व्यक्तित्वको उजागर गर्छ । माओको नम्रता र सरलताले एउटा विशाल देशको कम्युनिस्ट पार्टीलाई अझ विशाल एवम् अटल बनाएको बुझिन्छ । माथि प्रस्तुत घटना केही नगरेरै पनि धेरै गरेको स्वाङ पार्ने, भड्किलो प्रचारमै रम्ने, देखावटी काममै रमाउने नेपाली शासक दलका नेताहरूको प्रवृत्तिप्रतिको ठूलो कटाक्ष हो । माओको व्यक्तित्वबाट सिक्नुपर्ने यो पहिलो कुरा लाग्यो मलाई ।

माओको व्यक्तित्व झल्काउने नेपालसँग जोडिएको एउटा अर्को सन्दर्भ पनि छ । आजभन्दा करिब ६० वर्ष अगाडि सगरमाथाबारे नेपाल र चीनबिच विवाद भयो । चीनका विज्ञहरूले सन् १७२१ आसपासमा कोरिएका विश्वका सर्वोच्च शिखरको नक्सा आफूसँग भएको दाबी गरिरहेका थिए । सन् १९६१ मा तत्कालीन राजा महेन्द्रले चिनियाँ नेता माओसँग कुराकानी गरेपछि सगरमाथाको विवाद निरूपण भयो । माओ सगरमाथालाई सीमाको रूपमा लिन तयार हुनुभएको थियो । दक्षिणी छिमेकीसँग दशकौंदेखिको सीमा विवाद यथावत् रहिरहेको अवस्थामा अन्तर्राष्ट्रिय महत्त्व बोकेको विश्वको सर्वोच्च शिखरबारेको विवाद सजिलै टुङ्गिने विषय थिएन । माओमा ठूलो देशको राष्ट्राध्यक्ष भएकोमा पटक्कै अहङ्कार थिएन । माओको विशाल सोचको कारण सगरमाथाबारेको नेपाल र चीनबिचको विवाद सहजै सल्टिएको थियो । यसबाट माओ तथ्य र प्रमाणको आधारमा स्पष्ट मत राख्ने नेता भएको स्पष्ट हुन्छ । सामरिक क्षमता, भूगोल, अर्थतन्त्र आदि कुनै पनि हिसाबले नेपालभन्दा अत्यन्तै विशाल मुलुकले नेपालप्रति देखाएको सहृदयता सबभन्दा अमूल्य छ ।

**माओको सद्भाव**

यो पङ्क्तिकार केटाकेटी छँदा मनाउने गरेको माओ त्सेतुङको जन्मदिवस (२६ डिसेम्बर) का कार्यक्रममा वक्ताहरू उहाँको बाल्यावस्थाका केही घटना र अध्ययनप्रति उहाँको लगावबारे नछुटाई बोल्थे । विद्यार्थीका निम्ति अत्यन्त चासो तथा महत्त्वका विषय थिए ती । माओजस्ता महान् नेताको बाल्यावस्थाबारे जान्न जो कोही इच्छुक हुनु स्वाभाविकै थियो ।

एकदिन बालक माओलाई आमाबुबाले अन्नको बिस्कुन हेर्ने जिम्मा दिनुभएको थियो । गाउँका किसानहरू पनि अन्न सुकाउँदै थिए । अचानक पानी पऱ्यो । बालक माओ आफ्नो घरको अन्न थन्क्याउनुभन्दा पहिले एउटा गरिब किसानको अन्न बटुल्न सहयोग गर्न लाग्नुभयो । त्यसले गर्दा माओको केही अन्न नोक्सानी भयो । माओका पिता खरो मिजासका हुनुहुन्थ्यो, माओले पिताको गाली खानुपऱ्यो । तर, माओले आफ्ना पितासँग भन्नुभयो- "थोरै अन्न खेर गएर हामीलाई धेरै फरक पर्दैन तर ती गरिब किसानको निम्ति धेरै फरक पर्छ ।" त्यस्ता प्रसङ्गले नयाँ पुस्तालाई गरिबका बारे सोचन उत्साहित गर्दोरहेछ ।

**अध्ययनशील माओ**

आजको युवा पुस्तामा अध्ययनको संस्कृति दिनप्रतिदिन कमजोर भइरहेको सर्वत्र अनुभव गरिएको छ । चलचित्र, युट्युव, टिकटक र केही अनलाइनका हल्का ज्ञानमै सन्तुष्ट हुने प्रवृत्ति मौलाइरहेको बेलामा माओको अध्ययनशीलताबारेको चर्चा गर्नु यहाँ सान्दर्भिक हुन्छ होला !

पुस्तकालयमा बिहान ढोका खुलेदेखि साँझ बन्द नभएसम्म पुस्तकको अध्ययनमै युवा माओको दिनचर्या सकिन्थ्यो । स्वाध्ययनको हुटहुटीले नै माओलाई पुस्तकालयको कारिन्दासमेत बनायो । उहाँ रात-दिन पुस्तकको संसारमा डुब्नुहुन्थ्यो । ज्ञान-विज्ञानको तृष्णा लागेपछि माओ दियो बालेर रातभर



पढ्नुहुन्थ्यो । विद्यालय वा कलेजको परीक्षा उत्तीर्ण गर्नुभन्दा विश्वको ज्ञानसँग साक्षात्कार गर्ने उत्कट चाहनाले उहाँलाई अध्ययनमा लीन हुन प्रेरित गरेको थियो । चीनको मात्र नभई विश्वको इतिहास, भूगोल, साहित्य, दर्शन, अर्थशास्त्रलगायतका उपलब्ध सामग्री अध्ययन गर्नुहुन्थ्यो । यो प्रसङ्ग युवाहरूलाई अध्ययनमा उत्साहित गर्न पुग्दो हुन सक्छ ।

सन् १९४१ को मे महिनामा माओले येनानमा आयोजित कार्यकर्ताको बैठकमा 'हाम्रो अध्ययनलाई सुधारौँ' भन्ने प्रस्ताव (लेख) समेत राख्नुभएको सन्दर्भ यहाँ उल्लेखनीय छ । लेखमा उहाँले कार्यकर्ताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको गम्भीर अध्ययन गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले कार्यकर्तालाई मनोगत आधारमा कुनै निर्णय नलिन सचेत गराउनुभएको थियो । परिस्थितिको गम्भीर अध्ययन गरी वस्तुगत यथार्थको आधारमा अघि बढ्नुपर्ने माओको विचार थियो । माओले इतिहासको अध्ययनमा पनि उत्तिकै जोड दिनुभएको थियो । मार्क्सवाद र लेनिनवादको अध्ययन फोस्रो आडम्बरको निम्ति नभई व्यवहारमा उतार्नको निम्ति हो भन्ने विचार आजको नेपाली परिप्रेक्ष्यमा पनि महत्त्वपूर्ण छ । सिद्धान्तनिष्ठ व्यवहारमाथि नै माओको मुख्य जोड थियो । त्यसो नगर्नुको अर्थ पार्टी भावना नुहुनु वा ज्यादै कमजोर मानिस भएको भन्ने निष्कर्ष माओ - शिक्षाको मूलभूत आधार हो ।

**माओको उच्च मनोबल**

माओको परिवार कहिल्यै कमजोरी सिद्ध भएन । माओको जीवनसङ्गिनी याङकाई हुईलाई च्याङकाई सेकको सरकारले चरम यातना दिएर मारेको थियो । त्यो घटनाले माओलाई विचलित बनाएन । त्यस्तै जेठा छोरा माओ एनिङले २८ वर्षको उमेरमा कोरियाली युद्धमा सहादत प्राप्त गरे । साम्राज्यवादविरुद्ध लड्दालड्दै जसरी चिनियाँ युवाहरूले सहादत प्राप्त गरे, त्यसरी नै एनिङको मृत्यु भएको भनेर माओ त्सेतुङले चित्त बुझाउनुभयो । युद्ध मैदानमा हवाइ आक्रमणबाट एनिङको निधन भएको थियो । अक्टोबर १९३० मा कोमिन्ताङको सेनाले समातेर चरम यातना दिएर पार्टी र माओलाई छोड्न दबाब दिए पनि याङकाई हुईले आत्मसमर्पण गर्नुभएन । त्यतिबेलै माओ त्सेतुङका जेठा छोरा ८ वर्षका एनिङलाई समेत यातना दिइएको थियो । कोमिन्ताङ सेनालाई याङकाई हुईले दिएको जवाफले माओ परिवार क्रान्तिप्रति कति दृढ हुनुहुन्थ्यो भन्ने प्रस्ट हुन्छ । उहाँको एउटा संस्मरण यस्तो छ - "तिमीहरू मलाई मार्न सक्छौ तर तिमीहरूले मेरो मुखबाट केही पनि बकाउन सक्दैनौ, मेरो टाउकोलाई टुक्राटुक्रा पारेर हावामा फ्याँकिदेऊ, मृत्युले डरपोकहरूलाई मात्र तर्साउँछ तर कम्युनिस्टहरूलाई होइन, चाहे सागर सुकोस् वा चट्टान टुक्राटुक्रा होस्, म माओसँगको सम्बन्धलाई तोड्न सक्दिनँ !"

**माओको सरलता**

तत्कालीन सोभियत सङ्घको नेतृत्वसँग भइरहेको सैद्धान्तिक सङ्घर्षको क्रममा सोभियत सङ्घसँगको चीनको सम्बन्ध बिग्रियो । स्तालिनको निधनपछि सोभियत सङ्घमा खुस्चेभको संशोधनवादी नीति लागु भइसकेको थियो । चीन र सोभियत सङ्घबिच सहयोगको आदानप्रदान करिब बन्द भइसकेको थियो । चीनमा कार्यरत रुसी इन्जिनियरहरूसमेत फर्काइएका थिए । यसैबिच सन् ६० को दशकमा चीनमा ठूलो आर्थिक सङ्कट आइपऱ्यो । जनताका आधारभूत आवश्यकता पूरा गर्न पनि कठिनाइ हुन थाल्यो । माओ जनताको समस्यासँग आफू पनि समाहित हुन चाहनुहुन्थ्यो । दुःखको त्यो अवधिमा माओले माछामासु, फलफूलसमेत खान छोड्नुभयो । उहाँले आफैले उमारेको तरकारीले काम चलाउनुभयो । उहाँको खानपान सामान्य थियो । कोठामा कुनै महँगा सामान थिएनन्, पुरानै रुमाल, लुगाफाटो, जुत्ता र चप्पल थिए ।

१ अक्टोबर १९४९ मा जनवादी गणतन्त्र चीनको घोषणा हुँदा माओले च्यातिएको सैनिक पोशाकलाई टालेर लगाउनुभएको कुरा उहाँकै अङ्गरक्षक याङ्ची क्वाकले आफ्नो संस्मरणमा उल्लेख गरेका छन् । सन् १९६१ मा चीनमा भएको ठूलो भोकमरीमा त्यहाँका जनताले कन्दमूलको रोटी पकाएर खाएको थाहा पाएपछि द्रविभूत हुनुभएका माओले ६ महिनासम्म मासु नै नखाएकोजस्ता धेरै प्रसङ्गहरू याङ्चीको पुस्तकमा पाइन्छ ।

नेपालका एकजना राणा शासकसँग एक नागरिकले 'भोकै छु सरकार' भन्दा 'दूध र भात पनि खान पाएनौ' भनी प्रतिक्रिया दिएको कथा सुनेका, कम्युनिस्टकै नाममा चप्पल लाएर राजधानी छिरेका शासक नेताहरू भव्य महलका मालिक भएको देखेका नेपालीको निम्ति त्यो कुरा निकै आश्चर्यजनक हो ।

**आधुनिक चीन निर्माणका आधारशिला**

चीनमा माओलाई अहिले पनि अध्यक्षको रूपमा सम्बोधन गरिन्छ । चिनियाँ मुद्रामा माओकै चित्र अङ्कित छ । कतिपय 'विद्वानहरू' ले १९७८ को खुलापनपछि मात्र चीनको आर्थिक परिवर्तन भएको भनी चिनियाँ नेता माओको अवमूल्यन वा बदनाम गर्ने कुचेष्टा गर्छन् । कतिपय निन्दकले लामो समयसम्म 'एसियाको रोगी मान्छे' भनेर उपहास गरेको देशको अर्थतन्त्र सन् १९७८ सम्ममा पाँच गुनाले बढेको इतिहास लुकाउन खोजे । माओको शासनको अन्तिम दुई दशक सन् १९५७ देखि १९७५ मा प्रतिव्यक्ति राष्ट्रिय आयको हिसाबले ६३ प्रतिशतले बढेको तथ्याङ्क सार्वजनिक नै छ । त्यो आर्थिक विकास दर अन्य विकसित देशको भन्दा बढी थियो । माओको पालामा सोभियत सङ्घबाट प्राप्त केही आर्थिक तथा प्राविधिक सहयोगबाहेक कुनै अन्तर्राष्ट्रिय सहायता र वैदेशिक ऋणविना चीनले त्यो सफलता पाएको थियो । १९७४ तिरै चीनले जेट प्लेन, रेल, पानीजहाज, अन्तरमहाद्विपीय ब्यालेस्टिक क्षेप्यास्त्र, हाइड्रोजन बम र स्याटेलाइट निर्माण गरिसकेको थियो । माओ निर्देशित औद्योगिक क्रान्तिविना आधुनिक चीनको सफलता असम्भव थियो । माओको पालामा बाढी नियन्त्रण संरचना, बाँध, सिँचाइ प्रणाली निर्माण नगरिएको भए के चीनले आजको आर्थिक-सामाजिक समृद्धि हासिल गर्न सक्थ्यो ? निश्चितरूपमा सम्भव थिएन ।

पश्चिमी संसारले २५ वर्षसम्म चीनलाई खाद्यान्न, वित्तीय, प्राविधिक, औषधी र कृषि उपकरण आदिमा कठोर नाकाबन्दी लगाई विश्व समुदायबाट बहिष्करण गर्दा पनि चीनको औसत आयु बढेर दोब्बर भएको लेखक गडफ्री रोबेर्ट्सले एक लेखमा उल्लेख गरेका छन् । माओकै पालामा चीनको साक्षरता दर ८४ प्रतिशत पुगेको थियो, महिलालाई शिक्षित बनाई दासताबाट मुक्त गरिएको थियो, आर्थिक असमानता हटाइएको थियो । माओकै पालामा चीनको विकास तथा निर्माणको गति तीव्र थियो भन्ने लेख रोबेर्ट्सको सार भनाइ हो ।

माओको जीवनीमा लेखक हरिबहादुर श्रेष्ठ लेख्नुहुन्छ- "अक्टोबर १९६४ मा चीनले आणविक बमको पहिलो परीक्षण गरेर साम्राज्यवादी र रुसी संशोधनवादीहरूलाई हाँक दियो । तर, माओको विदेशनीतिअनुसार आणविक बम प्रयोग गर्नमा चीन कहिल्यै पहिलो हुने छैन भनेर संसारलाई चकित पारिदियो ।"

हरिबहादुर श्रेष्ठ अगाडि भन्नुहुन्छ - "माओ सान्है नम्र, विवेकी, विशाल हृदयको र स्पष्ट वक्ता हुनुहुन्थ्यो । माओ सम्पूर्ण चिनियाँ जनताको आँखाको नानी हुनुहुन्थ्यो ।"

माओ त्सेतुङको व्यक्तित्वले विश्वभरका शोषितपीडित मजदुर वर्गलाई सधैं उज्यालो दिइरहनेछ ।

# ललितपुरमा स्तालिन दिवसमा अन्तरक्रिया

ललितपुर । विश्व सर्वहारावर्गका महान् नेता जोसेफ स्तालिनको १४५ औं जन्म दिवसको अवसरमा नेमकिपा ललितपुरको आयोजनामा शुक्रबार त्यागलमा कार्यकर्तामाझ एक अन्तरक्रियात्मक प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले भन्नुभयो, शोषणबाट मुक्ति पाउने बन्दोबस्त गर्ने कार्य स्तालिनले गर्नुभयो । लेनिनको नेतृत्व र स्तालिनको सक्रियतामा सन् १९१७ मा रुसमा समाजवादी क्रान्ति भयो । मार्क्सवादी-लेनिनवादी सिद्धान्त लागु गर्ने प्रमुख नेता स्तालिन सैद्धान्तिक हतियारबाट सुसजित भएको हुँदा सोभियत सङ्घ (रुस) द्रुततर परिवर्तन गर्न स्तालिन सफल हुनुभयो । समाजवादी व्यवस्था पुँजीवादीभन्दा उत्तम छ भन्ने देखाइदिनुभयो । कृषिमा आधारित देश रुसलाई औद्योगिक देशको रूपमा परिणत गर्नुभयो । पुँजीवादी देशको १५० देखि २०० वर्षको विकास सोभियत रुसमा ४० वर्षमा भयो ।"

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एनवी श्रेष्ठले स्तालिनको व्यक्तित्वबारे जानकारी दिँदै भन्नुभयो, "स्तालिन एक साहसिला व्यक्ति हुनुहुन्थ्यो । उहाँ सिद्धान्तनिष्ठ, कर्तव्यनिष्ठ र जिम्मेवार भएर मार्क्सवाद-लेनिनवाद लागु गर्ने व्यक्ति हुनुहुन्थ्यो । जनताको अगाडि नौनीझैं नरम र शत्रुको अगाडि ढुङ्गासरि कडा व्यक्तिको रूपमा परिचित हुनुहुन्थ्यो । उहाँ अध्ययनशील, सङ्गठक र एक जन लेखक हुनुहुन्थ्यो ।"

नेमकिपा ललितपुरका सचिव नरेश महर्जनले भन्नुभयो, "पुँजीपतिवर्गले कहिल्यै पुँजीपतिवर्गको हितविपरीत काम गर्दैन, नीति बनाउँदैन । पुँजीवादी बन्दोबस्तमा सरकार भनेको पुँजीपतिवर्गको सञ्चालक समिति हो । तिनीहरूले कामदार जनताको हितमा काम गर्छ भन्नु बरफ तापेर ताप पाउनुजस्तै हो ।"

कर्मचारी समाजका अध्यक्ष एलपी गौतमले भन्नुभयो, "स्तालिन एक लेखक पनि हुनुहुन्थ्यो भने उहाँ कुशल सङ्गठक र रणनीतिज्ञमात्र नभई कुशल नेता पनि हुनुहुन्थ्यो । उहाँले वास्तविक लेनिनका शिष्यको रूपमा कार्य गर्दै मार्क्सवाद रुसमा लागु गर्नुभयो ।

नेक्रायुसङ्घका केन्द्रीय सचिव मुना स्याङ्बोले भन्नुभयो, "स्तालिनको नेतृत्वमा रहेको सोभियत रुसले आफ्नो लालसेनाको बाहुबलले हिटलरको प्रतिकार गर्दै जर्मनी पराजित गरेको हो । उहाँले भन्नुभयो, "नेपालमा पनि कामदार जनतालाई राजनैतिकरूपले सचेत गर्न सके नेपालमा पनि समाजवादी क्रान्ति सम्भव छ ।"

नेक्रायुसङ्घका केन्द्रीय सदस्य सुवर्ण शाक्यले सोभियत सङ्घकै उदयले गर्दा एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरू क्रमशः उपनिवेशबाट स्वतन्त्र बन्न सफल भएको, चीन, प्रजग कोरिया, भियतनाम र क्युवामा समाजवादी क्रान्ति गर्न सफल भएको हो भन्नुभयो ।

नेक्रामजदुरसङ्घ ललितपुरका संयोजक अशोक महर्जनले भन्नुभयो, "आमाले स्तालिनलाई एक असल र शिक्षित व्यक्ति बनाउनुभयो । पछि स्तालिन संसारकै एक महान् क्रान्तिकारी नेता बन्न सफल हुनुभयो । उहाँ जनताको सेवामा लाग्नुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय सदस्य कवीन्द्र डंगोलले नेपाल मजदुर किसान पार्टी नेपालको परिप्रेक्ष्यमा लेनिन र स्तालिनले नेतृत्व गरेको सोभियत रुसको बोल्सेभिक पार्टी हो भने पुँजीवादी सरकारमा गई पुँजीपतिवर्गको सेवा गर्ने, भ्रष्टाचारीलाई पार्टीमा भित्र्याउने, अपराधीलाई संरक्षण गर्ने एमाले र माओवादीजस्ता कम्युनिस्ट नामधारी पार्टी सोभियत रुसको मेन्सेभिकजस्तै हो भन्नुभयो ।

आरवी डंगोलको सभापतित्वमा भएको उक्त कार्यक्रममा अनिष महर्जन, दीप महर्जन र लक्ष्मी बज्राचार्यले स्तालिनको योगदानबारे चर्चा गर्नुभयो ।

# कीर्तिपुरमा अध्ययन गोष्ठी

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिकबारे बुधबार अध्ययन गोष्ठी भयो । कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले 'श्रमिक' र 'मजदुर' पत्रिकामा प्रकाशित आलेखबाट कीर्तिपुरका पाठकहरूको ध्यान गएको बताउनुभयो ।

'मजदुर' र 'श्रमिक' पत्रिकामा भएको आलेखले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे नेमकिपाको दृष्टिकोण बुझ्न मद्दत गर्ने र यथार्थ जानकारी दिने भएकोले उक्त पत्रिकाहरू नियमित अध्ययन गर्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

पुस १० गते योमरी पूर्णिमाको दिन नगाउँमा हुने दसौँ नेपालभाषा साहित्य सम्मेलनको तयारीबारे जानकारी दिँदै केन्द्रीय सदस्य महर्जनले सम्मेलन भव्यरूपमा सफल पार्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपा कीर्तिपुर नगर समितिका हरिकुमार महर्जनले राजनीतिक कार्यकर्तामा देशको वस्तुस्थिति र भूगोलबारे ज्ञान हुनुपर्ने बताउनुभयो । रामकृष्ण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा अविरमान महर्जन र कान्छाबाबु महर्जनले पनि बोल्नुभएको थियो ।

# गाजापट्टीको लागि इजरायलको 'प्लान बी'

✍ लोरेन्जो कामेल

इजरायली सेनाले बल प्रयोग गरेर गाजाको जनसङ्ख्यालाई ठुलो मात्रामा निष्कासन गर्न सक्दैन, त्यसैले यो पट्टीलाई बस्न नसकिने बनाउन खोजेको छ ।

इजरायली अधिकारीहरूले यसको दक्षिणी क्षेत्रहरूमा हमासको आक्रमणको प्रतिक्रियामा गाजामा युद्ध सुरू गरेको दुई महिनाभन्दा बढी भइसक्यो । हमासको आक्रमणको परिणामस्वरूप लगभग १,२०० मानिसहरू मारिए, जसमा अधिकांश इजरायली नागरिकहरू थिए । अथक इजरायली बमबारी र भूमि आक्रमणले सम्पूर्ण छिमेकीहरूलाई समतल बनाएको छ र लगभग २०,००० भन्दा बढी प्यालेस्टिनीहरूलाई मारेको छ, जसमध्ये एक तिहाइभन्दा बढी बालबालिकाहरू छन् ।

इजरायली आक्रमणको घोषित लक्ष्य गाजापट्टीबाट हमासको 'उन्मूलन' भएको छ, तर व्यवहारमा त्यो हासिल भएकोमा विदेशी अधिकारीहरू र विश्लेषकहरूले बढ्दो रूपमा प्रश्न उठाइरहेका छन् । यसको सट्टा, गाजामा ठुलो मात्रामा विनाश र आन्तरिक सञ्चारले इजरायली अधिकारीहरूले पछ्याएको अर्को उद्देश्यलाई सङ्केत गर्दछ ।

इजरायलको गुप्तचर विभागले अक्टोबरको अन्त्यमा इजरायली प्रेसमा दिएको कागजातअनुसार गाजाका २३ लाख प्यालेस्टाइनी बासिन्दाहरूलाई इजिप्टको सिनाई प्राय:द्वीपमा जबरजस्ती र स्थायी स्थानान्तरण गर्ने उल्लेख थियो । कागजात कथित रूपमा एक संस्थाको लागि बनाइएको थियो जसलाई 'सेटलमेन्टको लागि एकाइ' भनिन्छ । इजरायलले घेराबन्दीमा राखेको गाजापट्टीबाट १८ वर्षअघिमात्र आफ्नो सेना त्यहाँबाट फिर्ता गरेको थियो ।

तैपनि, हामी सन् १९४८ मा बाँचिरहेका छैनौं । ७५ वर्षअघि प्यालेस्टिनी जनसङ्ख्याको ठुलो प्रतिशतलाई इजरायली मिलिशियाहरूले आफ्नो मातृभूमिबाट निष्कासन गर्दा गरिएझैं आज सहर र गाउँहरू मेटाउन धेरै गाह्रो हुनेछ । कारण पहिले मिडियाको पहुँच अहिलेको भन्दा धेरै कम मात्र थियो । त्यसकारण इजरायली अधिकारीहरू हामीले 'योजना बी' भन्न सकिने निर्णयमा फर्केका छन्: त्यो हो हजारौं टन बम खसालेर गाजापट्टीलाई बसोबास गर्न नसकिने बनाउने ।



नयाँ रणनीति विद्यालय, विश्वविद्यालय, अस्पताल, बेकरी, पसल, खेतबारी र हरितगृहहरू, पानी स्टेशनहरू, ढल निकास प्रणाली, पावर स्टेशनहरू, सौर्य प्यानलहरू र जेनेरेटरहरू लगायत गाजापट्टीमा जीवनलाई समर्थन गर्ने नागरिक पूर्वाधारहरूलाई लक्षित गरेर लागू गरिएको छ ।

यो गाजामा पूर्ण घेराबन्दीको साथ समानान्तररूपमा गरिइँदै छ, जसमा खाना, पानी, बिजुली र औषधि आदिको आपूर्ति काटिएको छ । इजरायली सेनाले दिनमा केही ट्रकहरू जान दिन्छ, यदि हो भने, जुन मानवीय सङ्गठनहरूले प्यालेस्टिनी जनसङ्ख्याको थोरै मात्र पनि आवश्यकताहरू पूरा गर्दैन भनेका छन् । प्यालेस्टिनी जनसङ्ख्याको १८ लाख आन्तरिक रूपमा विस्थापित भएका छन् ।

इजरायली आक्रमणले गाजापट्टीलाई एक अर्थमा मानवीय 'विपद्', 'विपत्ति', 'कब्रिस्तान' र 'नरक' मा परिणत गरेको छ । गाजाका प्यालेस्टिनीहरूलाई बाँच्न पाउने हकको सिमान्तमा धकेलिएको छ । रोग र भोकको व्यापक महामारीको सम्भावित आँधी नजिकमै आइसकेकोरूपमा बुझेका छन् । इजरायली राष्ट्रिय सुरक्षा परिषद्का पूर्वप्रमुख जिओरा इल्यान्डले दावी गरेझैं: "गाजापट्टीको दक्षिणमा गम्भीर महामारीले इजरायलको विजयलाई नजिक ल्याउनेछ ।"

एकपटक गाजापट्टीलाई बस्न नसकिने स्थान बनाइयो भने जनतासँग स्वेच्छाले छोड्नुबाहेक अर्को विकल्प हुने छैन । अर्को चरण भनेको छिमेकी देशहरू, इजिप्ट सबैभन्दा पहिले र 'उनीहरूलाई भित्र्याउन' गर्न तयार छन् भन्ने सुनिश्चित गर्नु हो । यो कुरा इजरायलका राष्ट्रिय गुप्तचर एजेन्सी मोसादका पूर्वउपनिर्देशक राम बेन बराकलगायतका धेरै प्रमुख व्यक्तिहरूले स्पष्ट गरेका छन् ।

हिब्रु भाषामा गरिएको एक ट्वीटमा, बेन बाराकले लेखे, "देशहरूको गठबन्धन र अन्तर्राष्ट्रिय कोष निर्माण गर्ने आवश्यकता व्यक्त गरे जसले गाजापट्टी छोड्न चाहनेहरूलाई ती देशहरूको नागरिकता प्राप्त गरेर समाहित गर्नमा सहायता दिनेछ ।"

नोभेम्बर १२, १९१४ मा, अमेरिकी राष्ट्रपति वुडरो विल्सनले जातीय समानता अधिवक्ता विलियम मोनरो ट्रोटरलाई लेखे कि "पृथकीकरण अपमानजनक होइन तर एक लाभ हो र तपाई सज्जनले यसलाई सम्मान गर्नुपर्छ ।" १०० वर्ष भन्दा बढीपछि, पृथकीकरणसँग कम र जातीय सफायासँग धेरै सम्बन्ध रहेको इजरायलको योजना उस्तै सर्तहरूमा प्रस्तुत गरिएको छ । बेन बराकको शब्दमा, निष्कासन भन्नाले "गाजाका बासिन्दाहरूका लागि हमासको डरको शासनबाट उम्कने अवसर हो, जसले तिनीहरूलाई मानव ढालको रूपमा प्रयोग गर्दछ" भन्ने बुझिन्छ ।

विडम्बना, नि:सन्देह, प्यालेस्टिनी नागरिकहरूलाई प्राय: हमास लडाकूहरूले 'मानव ढाल' को रूपमा प्रयोग गरेको छ । तर त्यसभन्दा माथि, यस 'उदारवादी दृष्टिकोण' मा 'स्वैच्छिक' प्रस्थानमा जोडको साथसाथै, जबरजस्ती पुनर्वासलाई पनि अन्तर्राष्ट्रिय समुदायको लागि थप स्वादिष्ट बनाइन्छ कि प्यालेस्टिनीहरू वास्तवमा केवल अरबहरू हुन् र त्यसैले सजिलै अन्य अरब देशहरूमा स्थानान्तरण गर्न सकिन्छ ।

इजरायल सरकारले लामो समयदेखि १,५६,००० प्यालेस्टिनीहरू ( र तिनीहरूका सन्तानहरू) जो १९२८ पछि आफ्नो सिमाना भित्र रहन सफल भएका 'अरबहरू' भनी उनीहरूको प्यालेस्टिनी पहिचानलाई अस्वीकार गर्दै आएको छ ।

प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले एक पटक दाबी गरेझैं, "इजरायलमा २२ राष्ट्रियताहरू छन् । उनीहरूलाई अरब नागरिकहरूको रूपमा अर्को राष्ट्रियता चाहिँदैन ।"
यहाँ यो बुझ्न महत्त्वपूर्ण छ कि जिब्राल्टरको स्ट्रेटदेखि स्ट्रेट अफ हर्मुजसम्मका स्थानीय जनतालाई 'अरबहरू' भनेर उल्लेख गर्नु भनेको उनीहरूको देश उल्लेख नगरी दक्षिण अफ्रिका, संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलिया, न्यूजील्यान्ड, आयरल्यान्डका मानिसहरूलाई अङ्ग्रेज भनी बोलाउनुजस्तै हो । तिनीहरूले भाषा साझा गर्छन् तर धेरै स्पष्ट विचित्र इतिहास, परम्परा र पहिचानहरू प्रदर्शन गर्छन् ।

एक हजार वर्षभन्दा बढी पहिले, यरूशलेमका भूगोलवेत्ता अल-मुकाद्दसी (९४६-१०००) ले आफूलाई प्यालेस्टिनीको रूपमा बुझेको स्पष्ट शब्दमा व्याख्या गरे : "मैले उनीहरूलाई 'शिराजका कामदारहरू' प्यालेस्टाइनमा निर्माणको बारेमा बताएँ र मैले उनीहरूसँग यी विषयमा छलफल गरें ।। ढुङ्गा काट्ने मास्टरले मलाई सोधे : के तिमी इजिप्टियन हो ? मैले जवाफ दिएँ: होइन, म प्यालेस्टिनी हुँ ।

शताब्दीयौंपछि, सेप्टेम्बर ३, १९२१ मा, अरबी भाषाको अखबार फालास्टिनमा प्रकाशित एउटा सम्पादकीयले यसो औंल्यायो, "हामी प्यालेस्टिनी पहिले र त्यसपछि मात्र अरब हौं ।"

यी दुईवटा उदाहरण मात्र हुन्, अरू धेरैमध्ये, लिखित स्रोतहरूको जहाँ 'प्यालेस्टिनी' लाई स्पष्टरूपमा पहिचान मार्करको रूपमा प्रयोग गरिन्छ ।

प्यालेस्टाइनीहरू केवल 'अरबहरू' होइनन् भन्ने कुरा अझ प्रस्ट देखिन्छ यदि हामीले वेस्ट बैङ्कलाई जोर्डनले कब्जा गरेको (१९४८-१९६७) वर्षहरूमा हेर्यौं : त्यो कब्जा जसको त्यतिबेला स्थानीय जनताले विरोध गरेको थियो, सबैभन्दा धेरै फतह लडाकुहरूद्वारा । जोर्डनका राजा हुसेनले मार्शल ल लागू गर्न बाध्य भए ।

जुन सोही अवधिमा गाजा इजिप्टको नियन्त्रणमा थियो । त्यहाँ प्यालेस्टिनीहरूले कठोर दमनको सामना गरे, नागरिकता दिन अस्वीकार गरियो र स्थानीय प्रशासनमा धेरै कम नियन्त्रण थियो । तिनीहरूमध्ये धेरैजसो धेरै गरीब अवस्थामा बसेका थिए, धेरै हदसम्म शरणार्थी शिविरहरूमा बसेका प्यालेस्टिनीहरूलाई इजरायली मिलिशियाहरूले हुज, नजद, अबुसिट्टा, माजदल, अल-जुरा, यिब्ना र बेत दराससहित गाजापट्टी वरपरका गाउँहरूबाट निष्कासित गरेका थिए । यी विशेष गरी अन्तिम तीन गाउँहरूबाट हमासका तीन संस्थापकहरू (अहमद यासिन, अब्द अल-अजीज अल-रन्तिसी र इब्राहिम अल-याजुरी ) उनीहरू बालक हुँदा उनीहरूका परिवारसहित निष्कासित गरिएका थिए ।

आज, प्यालेस्टाइनीहरू मात्र गाजा र सम्भवत: वेस्ट बैङ्कबाट आफ्नो सामूहिक निष्कासनविरूद्ध सङ्घर्ष गरिरहेका छन्, तर इजरायलले प्यालेस्टिनीहरूलाई शरणार्थीको रूपमा स्वीकार गर्न दबाब दिइरहेका छिमेकी देशहरूले पनि प्रतिरोध गरिरहेका छन् । इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीले बारम्बार र स्पष्ट रूपमा 'प्यालेस्टिनीहरूलाई उनीहरूको भूमिबाट विस्थापित गर्न' वा आफ्नो देशमा भित्र्याउन अस्वीकार गरेका छन् । उनले आफ्ना पूर्ववर्तीहरूले जस्तै प्यालेस्टिनीहरूलाई सुरक्षा जोखिमको रूपमा हेर्छन् । यदि उनीहरूलाई सिनाइ प्राय:द्वीपमा निष्कासित गरियो भने, सिनाइ प्यालेस्टिनी लडाकुहरूको लागि अपरेशनको आधार बन्नेछ र त्यसले इजिप्टलाई अर्को युद्धमा तान्न सक्छ भनी डराउँछन् ।

जोर्डन पनि वेस्ट बैङ्कबाट प्यालेस्टिनीहरूलाई आफ्नो क्षेत्रमा निष्कासन गरिनेमा चिन्तित छ र राजा अब्दुल्लाह र उनको सरकारले त्यसको स्पष्ट विरोध गरेका छन् । यसरी जोर्डनका विदेश मन्त्री अयमान सफादीले तर्क गरेका छन् : "तिमीहरू इजरायली अधिकारीहरू जे चाहन्छौ त्यही गर । जाऊ, गाजालाई नष्ट गर । तिमीहरूलाई कसैले रोक्ने छैन र एकचोटि तिमीले काम सकिसकेपछि हामी तिम्री फोहोर सफा गर्ने छैनौं ।"

इजरायलको आफ्नो 'प्लान बी' पूरा गर्ने क्षमता साँच्चै प्रश्नमा छ । सन् १९५० मा संयुक्त राष्ट्र सङ्घले गाजापट्टीबाट विस्थापित हजारौं प्यालेस्टिनीहरूलाई सिनाई प्राय:द्वीपमा पुनर्वास गर्न सुझाव दिएको थियो । यो प्रस्तावको शरणार्थीहरू स्वयम्ले कठोर विरोध गरे र अन्तत: विफल भयो । आजको विरोध त्यतिबेलाको भन्दा कडा छ । प्यालेस्टिनीहरूलाई 'अस्थायी बसोबास' भनेको के हो भन्ने थाहा छ - उनीहरूका लागि 'फिर्तीको अधिकार' छैन, यसैले उनीहरू आफ्नो भूमिमै रहन चाहन्छन् ।

(लेखक प्रोफेसर लोरेन्जो कामेल टुरिन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धको इतिहास अध्यापन गर्नुहुन्छ ।)

***- अल जजिराबाट***
***अनुवाद : प्रकाश***

# चिनियाँ बहिष्कार ऐनको छाया चीनप्रतिको अमेरिकी रणनीतिमा छ

✍ तिङ काङ

के चिनियाँ बहिष्कार ऐन साँच्चै खारेज भएको थियो ? धेरै चिनियाँ जनताको मनमा यो प्रश्न छ । यो प्रश्न उठ्नुको कारण एकदमै सरल छ, किनभने ८० वर्षदेखि कानुनीरूपमा खारेज भइसकेको भए पनि वास्तविकता र चीनप्रतिको अमेरिकी रणनीति दुवैमा हामीले त्यो ऐनको छाया देख्छौं ।

डिसेम्बर १७ का दिन संयुक्त राज्य अमेरिकामा चिनियाँ बहिष्कार ऐन खारेज भएको ८० औं वार्षिकोत्सवमा राष्ट्रपति जो बाइडेनले एक बयानमा स्वीकार गरे कि "हामीले गरेको प्रगतिको बाबजुद पनि घृणा कहिल्यै हट्दैन । यो लुकेको मात्र छ ।" तर, उनले घृणा हटाउनका लागि कुनै प्रयास भने गरेनन् ।

अमेरिकी समाजमा सिनोफोबिक (चिनियाँविरोधी) व्यवहार बढ्दै गएको छ । वासिङ्टनको चीन नीति परिवर्तन भएपछि यसले एसियाली विरोधी र चिनियाँविरोधी लहरमा निरन्तर उकालो लागेको छ । यसको कारण यो हो कि अमेरिकामा श्वेत वर्चस्वका मूल्यहरू गहिरो जरा गाडेका छन् र वासिङ्टनको चीन नीतिमा बोल्नेहरूको नेतृत्वमा अमेरिकी नीति निर्माणको आधार बन्छन् ।

अमेरिकी इतिहासको ज्ञान भएको जो कोहीले अमेरिकी अन्तर्राष्ट्रिय सम्बन्ध रणनीतिमा गोरा सर्वोच्चताको प्रभाव यसको विदेश नीति र युद्ध मेसिनहरूको आध्यात्मिक स्रोतको लामो समयदेखिको विरासत हो भनी बुझ्न सक्छन् । सेन्टर फर इन्टरनेशनल पोलिसीका अध्यक्ष र सीईओ सालिह बुकर र फ्रेन्ड्स कमिटी अन नेशनल लेजिस्लेसनमा विदेश नीतिका लागि वरिष्ठ रणनीतिकार र विधायिकी निर्देशकको रूपमा काम गर्ने डायना ओहलबमले सेप्टेम्बर २०२१ मा प्रकाशित एक अध्ययनमा हालको सैन्यकरण अमेरिकी दृष्टिकोणलाई यसरी व्याख्या गरे: 'राष्ट्रिय सुरक्षा' ले जातिवादलाई स्थायी बनाउँछ र देश र विदेशमा रङ भएका मानिसहरूलाई ठूलो हानि पुर्‍याउँछ ।

"अमेरिकी अपवादवाद र राष्ट्रिय श्रेष्ठताको भावना, अमेरिकी नीति निर्माताहरूबिच व्यापक रूपमा साझा प्रवृत्ति रहेको छ, अमेरिकी जीवन र विशेषगरी गोराहरूको जीवन अरूहरूभन्दा बढी मूल्यवान छ भन्ने विषाक्त विश्वासमा आधारित छ," डायना ओहलबमले भनिन् ।

चिनियाँ बहिष्कार ऐन खारेज भएको आठ दशक बितिसक्दा पनि चिनियाँ मूलका मानिसहरू र अन्य रङ्गका मानिसहरूप्रतिको आधारभूत दृष्टिकोणले अझै पनि गोरोपनमा जरा गाडिएको सामूहिक अचेतनको छाप बोकेको छ ।

गोरो छालाका अमेरिकीहरूका बिचमा चिनियाँ र एसियाली मूलका व्यक्तिहरूविरुद्धको गहिरो भेदभाव पक्कै पनि चीनको उदयप्रतिको उनीहरूको धारणामा प्रतिबिम्बित हुन्छ । 'चीनलाई रूपान्तरण गर्ने' पहिलेको महत्त्वाकाङ्क्षादेखि "चीनसँग प्रतिस्पर्धा गर्ने" को वर्तमान अडानमा समेत । अनिवार्य रूपमा, यसले 'पहेंलो जाति' ले 'उच्च जाति' - गोराहरूलाई पार गर्न सक्दैन र गर्नुहुँदैन भन्ने धारणालाई कायम राख्छ ।

उच्च प्रविधि र अन्य क्षेत्रमा चीनको बलियो प्रगतिलाई लिएर अमेरिकी कङ्ग्रेसका केही सदस्यहरूले देखाएको चिन्ता र यी घटनाहरूलाई कुनै पनि हालतमा सम्बोधन गर्नको लागि गरिएको आग्रहले चीनविरोधी भावनामा रूपान्तरण हुने चरम डरको अभिव्यक्ति हो । यसले चीन र यसका जनताको उदयलाई स्वीकार गर्न असमर्थता झल्काउँछ ।

लोकतान्त्रिक मूल्यहरू वा राष्ट्रपतिले 'अमेरिकाको आत्मा' भनेर अमेरिकाको महानतालाई परिभाषित गर्दै अमेरिकी सरकारले लामो समयदेखि विदेश नीतिको मूल्यमा आधारित दृष्टिकोणलाई जोड दिँदै आएको छ । यी पक्षहरू चीनप्रतिको अमेरिकी रणनीतिमा बारम्बार उच्च महत्त्व दिइएका छन् र चीनसँग सम्बन्धित मुद्दाहरूमा उच्च नैतिक आधारको रूपमा खडा गरिन्छन् ।

चीनविरुद्ध आर्थिक उपायहरू प्रयोग गर्नसमेत कङ्ग्रेसमा अमेरिकी राजनीतिज्ञहरूले चीनमा कथित मानवअधिकार मुद्दाहरूको बारेमा उच्चस्तरको चिन्ता व्यक्त गरेका छन् ।।

यद्यपि, देशभित्र चिनियाँ र एसियाली मूलका अमेरिकीहरूविरुद्ध जारी र बढ्दो भेदभावले बाइडेनको प्रजातान्त्रिक मूल्यमा आधारित कूटनीतिको रूपमा बुझाउने शक्तिलाई कमजोर बनाउँछ ।

संरा अमेरिका आफ्नो सिमानाभित्र चिनियाँ र एसियाली मूलका अमेरिकीहरूविरुद्ध हुने भेदभावलाई बढावा दिइरहेको छ वा आँखा चिम्लिएको देखिन्छ । यो अडान स्पष्ट रूपमा मूल्यहरूसँग जोडिएको छ र तिनीहरू गोरो मानिसको श्रेष्ठतामाथि हानिको बारेमा बढी चिन्तित छन् ।

राष्ट्रपति बाइडेन र उनको मन्त्रिपरिषद्का सदस्यहरूले बारम्बार जोड दिएका छन् कि चीन एक विशेष चुनौती हो; चीनले आफ्नो विश्वव्यापी प्रभाव विस्तार गर्ने, आफ्नो राजनीतिक मोडेललाई प्रवर्द्धन गर्ने र भविष्यका प्रविधिहरूमा प्रभुत्व जमाउन अनुसन्धान र विकासमा लगानी गर्ने लामो खेललाई अगाडि बढाउँदैछ ।

राष्ट्रपति बाइडेनको टिप्पणीले अनजानमा गोरा सर्वोच्चतामा जरा गाडेको मानसिकता झल्काउँछ । प्रश्न यहाँ स्वाभाविक छ - चीनले त्यस्ता अनुसन्धानका गतिविधिमा किन संलग्न हुनुहुँदैन ? यदि चीनको उदय शान्तिपूर्ण छ भने यसका कार्यहरूमा स्वाभाविक रूपमा के गलत छ र अमेरिकी हितहरू साँच्चै खतरामा छन् ?

जबसम्म यो सम्बन्ध कायम रहन्छ, चिनियाँ अमेरिकी र अन्य एसियाली मूलका अमेरिकीहरू जातीय उत्पीडन, हिंसा र भेदभावको सिकार भइरहनेछन् । चीन-अमेरिका सम्बन्धको स्थिर विकास सजिलो बाटो होइन ।

*(लेखक पिपुल्स डेलीका वरिष्ठ सम्पादक र हाल चीनको रेन्मिन विश्वविद्यालयको चोङयाङ इन्स्टिच्युट फर फाइनान्सियल स्टडीजका वरिष्ठ फेलो हुनुहुन्छ ।)*

***-ग्लोबल टाइम्सबाट***
***अनुवाद : प्रकाश***

# अर्जेन्टिनामा अति दक्षिणपन्थी बाहिरी व्यक्ति कसरी सत्तामा पुग्यो ? उनको कट्टरपन्थी प्रशासनको सम्भावना के हो ?

✍ माटियास बियान्ची



हाभियर मिलेइ



माउरिसियो म्याक्री



सर्जियो मासा



क्रिस्टिना फर्नान्डेज डे किर्चनर

केबल तीन वर्षमा एक विलक्षण उदारवादी अर्थशास्त्री र टीभी टक शोहरूमा नियमित सहभागी हाभियर मिलेइ एउटा राजनीतिक पार्टी बनाउन र अर्जेन्टिनाको राष्ट्रपति बन्न सफल भए । राष्ट्रपति निर्वाचनको दोस्रो चरणमा उनले आफ्ना पेरोनिस्ट ( पेरोनवादी) प्रतिद्वन्द्वी सर्जियो मासालाई हराए ।  मासा चुनावको समयमा अर्थमन्त्री थिए, मतदानमा पूर्वअनुमान गरेको भन्दा धेरै ठुलो अन्तर (५५.७ प्रतिशत र ४४.३ प्रतिशत) ले मासा पराजित भए । मिलेइको जीत यति प्रशंसनीय रह्यो कि उनले पहिलो चरणमा आफ्नो प्रतिद्वन्द्वीले अग्रता लिएका ऐतिहासिक पेरोनिस्ट ( पेरोनवादी) क्षेत्रहरूसहित २४ मध्ये २१ प्रान्तमा जीत हासिल गरे ।

मिलेइको अभियान कट्टरपन्थी दक्षिणपन्थी राजनीतिक र आर्थिक विचारमा आधारित थियो । उनको अनुदार कार्यक्रममा अर्जेन्टिनाको केन्द्रीय बैङ्क र सरकारी अनुदानको अन्त्य, अर्थतन्त्रको डलराइजेसन र स्वास्थ्य सेवा र शिक्षा प्रणालीको निजीकरण आदि समावेश थियो । राजनीतिकरूपमा उनले बन्दुकको स्वामित्वको नियमन, मानव अङ्गहरूको लागि बजारको सिर्जना र १९७० को दशकमा सैन्य सरकारको मानव अधिकार उल्लङ्घनलाई कम सजाय गर्ने प्रस्ताव गरे । आफ्नो अभियानको क्रममा उनले धेरै असाधारण, उच्च-प्रभावपूर्ण स्टन्ट (प्रचार) हरूमा पनि संलग्न भए । जस्तै आफ्ना विरोधीहरूलाई रचनात्मक अपमान गर्ने, पोपलाई 'पृथ्वीमा दुष्टको प्रतिनिधि' भनेर सम्बोधन गर्ने र सार्वजनिक र्‍यालीहरूमा चेनसा हल्लाउने आदि ।

**त्यसो भए उनी कसरी निर्वाचित हुन सफल भए ?**

उनको अप्रत्याशित चुनावी सफलताको व्याख्या गर्न मद्दत गर्ने पहिलो कारक भनेको दीर्घकालीन आर्थिक स्थिरता प्राप्तिमा व्यापक निराशा हो । लगातार गहिरो आर्थिक कठिनाइको एक दशकपछि, अर्जेन्टिनाको अघिल्लो सरकारको पालामा लगभग ४० प्रतिशत जनसङ्ख्या गरिबीमा बाँचिरहेको थियो र वार्षिक मुद्रास्फीति दर १४२ प्रतिशतका साथ चुनावी प्रक्रियामा प्रवेश गरेको थियो । यसले अघिल्लो राजनीतिक अनुभव नभएको मिलेइलाई आफ्नो कुलीनविरोधी र उदारवादी प्रवचनको लागि परिचित तथा मतदाताहरूका माझमा आकर्षक बनायो ।

कोभिड-१९ महामारी र भाइरसको फैलावट रोक्न लागू गरिएको तालाबन्दीले सामाजिक असन्तुष्टिलाई गहिरो बनायो र मिलेइको 'उदारता' समर्थक बयानलाई समाजका ठुला भागले आह्वानका रूपमा सुने र उनको सत्तामा उदय भयो । उनको विघटनकारी बयानबाजी, अनगिन्ती टीभी उपस्थितिहरू, सार्वजनिक वार्ताहरू र युटयुब भिडियोहरूको माध्यमले प्रचारद्वारा उनलाई युवा पुरुषहरूका बिचमा एउटा कल्ट फिगर (अग्लो व्यक्तित्व) मा परिणत गरियो र उनलाई २०२१ मा काङ्ग्रेस (संसद्) मा निर्वाचित गराइयो ।

यस अवधिमा आर्थिक स्थितिको कच्चा गिरावटले राजनीतिक आस्था र मूल्यको पर्वाह नगरी मानिसहरूलाई परिवर्तनको लागि बाध्य बनायो र उनीहरूलाई मूलधारका राजनीतिज्ञहरूको विरुद्धमा पुर्‍यायो । यही कारणले गर्दा पनि जब मासाको प्रदर्शनले अन्तिम राष्ट्रपतीय बहसमा मिलेइलाई पराजित गर्न सकेन बरु मानिसहरूले यसलाई 'पेशेवर राजनीतिज्ञ' द्वारा 'शौकिया' को धम्कीको रूपमा नकारात्मकरूपमा बुझे ।

मिलेइलाई सत्तामा आउन सम्भव गराउने दोस्रो कारक देशमा पेरोनवादीविरोधी भावनाको प्रभावकारी उपयोग थियो । पेरोनवादी आन्दोलनको मुख्य शाखा न्यायवादी पार्टी, १९८३ मा अर्जेन्टिनामा प्रजातन्त्रको पुन:स्थापना भएको ४० मध्ये २७ वर्षसम्म सत्तामा रह्यो । वामपन्थी र दक्षिणपन्थी दुवै विपक्षी दलहरूले मुख्य रूपमा पेरोनवादी पार्टीलाई दोष दिन्छन् । गहिरो हुँदै गइरहेको राजनीतिक भ्रष्टाचार, बिग्रँदै गएको सार्वजनिक स्वास्थ्य र शिक्षा प्रणाली र सामान्य 'राष्ट्रिय क्षय' धेरैले बुझेका छन् । देशमा वामपन्थी, प्रगतिशील एजेन्डाको मुख्य प्रतिनिधिका रूपमा धेरैले हेरेका पेरोनवादी पूर्वराष्ट्रपति क्रिस्टिना फर्नान्डेज डे किर्चनरप्रति सार्वजनिक वैमनस्य विशेषगरी गम्भीर भएको छ ।

मिलेइले आफ्नो राष्ट्रपतिको चुनावी अभियानमा यसको कुशलतापूर्वक फाइदा उठाए । उनी र उनका समर्थकहरूले मासालाई 'किर्चनेरिस्टा' भनेर लेबल लगाए, जसको अर्थ उनी पूर्वराष्ट्रपति र उनका पति नेस्टर किर्चनरलाई मूर्त रूप दिन आएका जस्टिसलिस्ट (न्यायवादी) पार्टीको बढी कट्टरपन्थी भागसँग सम्बन्धित छन् । किर्चनरहरूभन्दा बढी केन्द्रवादी स्थिति धारण गरेको र एक दशकभन्दा बढीको लागि उनीहरूको गुटको कडा प्रतिद्वन्द्वी भए तापनि मासाले त्यो लेबलबाट छुटकारा पाउन सकेनन् । चुनावको नतिजाले ब्राजिलको २०१८ को चुनावलाई प्रतिबिम्बित गर्‍यो, जब जायर बोल्सोनारोले फर्नान्डो हडाडलाई हराए । दुवै अवस्थामा उम्मेदवारहरू दोस्रो चरणमा पुग्न नसकेका राजनीतिक दलहरूलाई समर्थन गर्ने अधिकांश मतदाताहरूले मिलेइ (वा बोल्सोनारो) ले उत्प्रेरित गरेको 'डर' मा 'परिवर्तन' लाई विशेष महत्त्व दिए ।

मिलेइको चुनावी सफलताको तेस्रो निर्धारक चुनावको दोस्रो चरणमा पूर्वराष्ट्रपति माउरिसियो म्याक्रीले उनलाई दिएको समर्थन थियो । म्याक्री अर्जेन्टिनाको राजनीतिमा प्रमुख खेलाडी हुन् र पेरोनवादीको विरोध गर्ने सबैभन्दा महत्त्वपूर्ण गठबन्धन जुनटोस पोर एल क्याम्बियोका संस्थापक हुन् । मासा सुरुदेखि नै किर्चनेरिस्मो (किर्चनर समर्थक) का भएकाले जुनटोसका विपक्षी थिए र कुनै पनि हालतमा म्याक्रीको स्वाभाविक सहयोगी थिएनन् । आम चुनावमा जुनटोस उम्मेदवारको हारपछि म्याक्रीले आफ्ना सहयोगीहरूसँग परामर्श नगरी मिलेइलाई खुलेर समर्थन गरे ।

मिलेइको चुनावी सफलताका लागि दुईवटा कारणले म्याक्रीको समर्थन आवश्यक थियो । एउटा, यसले मिलेइलाई आफ्नो अभियानको कथालाई सरल बनाउन र जनतालाई उनी र मासाबिचको छनोट वास्तवमा 'स्वतन्त्रता र किर्चनेरिज्म' बिचको छनोट हो भनेर बताउन मद्दत गर्‍यो । दुई, आर्थिक सहयोग र चुनावी निरीक्षण पूर्वाधारमा पहुँच म्याक्रीले मिलेइलाई चुनावको दिनमा महत्त्वपूर्ण साबित गर्‍यो र दक्षिणपन्थी उम्मेदवारलाई आफ्नो विजय सुनिश्चित गर्न अनुमति दियो ।

अन्ततः, मिलेइले ब्राजिलदेखि संरा अमेरिका र इटालीसम्मका अन्य देशहरूमा अति दक्षिणपन्थी जनवादीहरूको सफलताको फाइदा उठाए । वास्तवमा, उनले व्यवस्थितरूपमा आफ्नो राजनीतिक उपकरण बक्समा बोल्सोनारो, डोनाल्ड ट्रम्प, जर्जिया मेलोनी र अन्यको प्रयास र परीक्षणविरोधी स्थिति, प्रगतिशीलविरोधी जलवायु परिवर्तन वार्ताका बुँदाहरू समावेश गरे । यी दक्षिणपन्थी व्यक्तित्वहरूको पाइलामा पछ्याउने मिलेइका प्रयासहरू, एलोन मस्क र टकर कार्लसनजस्ता प्रतिक्रियावादी गतिविधिहरूको परिणामस्वरूप उनले प्राप्त गरेको समर्थनको साथमा उनलाई मिडियामा अन्तर्राष्ट्रिय दृश्यता र एक्सपोजर ( व्यापक प्रचार) प्रदान गरियो ।

आज, हामी स्पष्टरूपमा देख्न सक्छौं कि मिलेइजस्ता अति दक्षिणपन्थी बाहिरी व्यक्तिले अर्जेन्टिनाको राष्ट्रपति पद जित्यो । तर, उनको प्रशासनको सम्भावना के छ ? के उनले आफूलाई मत दिनेहरूलाई वाचा गरेको कट्टरपन्थी एजेन्डालाई पछ्याउन सक्षम हुनेछन् ?

उनको पार्टीले संसद्को तल्लो सदनमा ३८ सीट (२५७ मध्ये) र माथिल्लो सदनमा ७ (७२ मध्ये) मात्रै नियन्त्रण गरेको छ । उनीसँग स्थानीय सरकारको समर्थन पनि छैन, किनकि उनको राजनीतिक दलले कुनै पनि गभर्नरशिप वा मेयरल सीटहरू सुरक्षित गर्न सकेको छैन ।

के उसले आफ्नो एजेन्डालाई अगाडि बढाउन म्याक्रीसँगको आफ्नो भर्खरको र कमजोर गठबन्धनमा भर पर्न सक्छ ? साथै उनले आफ्नो कट्टरपन्थी आर्थिक नीतिहरू लागू गर्न थालेपछि के आफूप्रतिको जनसमर्थन कायम राख्न सक्षम हुनेछन् ? यी सबै अज्ञात छन् । के निश्चित छ भने आर्थिक र सामाजिक सङ्कट, बढ्दो मुद्रास्फीति र आईएमएफ ऋणको भारी बोझ रातारात हट्ने छैन । मिलेइ प्रशासनले आधिकारिकरूपमा सत्ता लिएको केही दिनपछि नै प्रतिज्ञा गरिएको 'शक थेरापी' को भागको रूपमा अमेरिकी डलरको तुलनामा अर्जेन्टिनी पेसोको मूल्य ५० प्रतिशतभन्दा बढीले कमजोर पार्ने निर्णय सार्वजनिक खर्च कटौतीको घोषणा गरिसकेको छ । त्यस्ता नीतिहरूलाई विश्व बैङ्कद्वारा स्वागत गरिने छन् तर प्रगतिशील कार्यकर्ताहरूले 'सामाजिक हत्या' को रूपमा निन्दा गर्नेछन् र वाञ्छित परिणामहरू प्राप्त हुने छैनन् । परिणामहरू चाँडै प्राप्त भएनन् भने अर्जेन्टिनाको अति दक्षिणपन्थी जनवादको प्रयोग धेरै पीडादायी र अल्पकालीन हुनसक्छ ।

*(लेखक माटियास बियान्ची ग्लोबल साउथको प्रजातान्त्रिक आविष्कारहरूमा काम गर्ने बौद्धिक संस्था असुन्तो डेल सुर ग्लोबलको निर्देशक हुनुहुन्छ । उहाँले इन्स्टिच्युट डी'एट्यूड पोलिटिक्स ए पेरिसबाट राजनीति विज्ञानमा पीएचडी गर्नुभएको छ ।)*

**- 'अलजजिरा' बाट**

**अनुवाद : प्रकाश**

# 'यहुदीवादी नाजीहरू' भन्नु सही रहेछ

✍ जोनाथन ओफिर

प्रोफेसर येशायाहु लेबोविज बित्नुभयो । उहाँले सन् १९८० को दशकमा 'यहुदीवादी नाजीहरू' (जुडियो-नाजी) भन्ने शब्दवाली प्रयोग गर्नुभएको थियो । सर्वोच्च अदालतका पूर्वमहान्यायाधीश मेइर लेन्डाउलाई उहाँले 'यहुदीवादी नाजी' भन्नुभएको थियो । लेन्डाउले क्रूर यातनालाई वैधता दिएका थिए । प्रोफेसर लेबोविजले भन्नुभएको थियो, "इजरायल राज्य अन्धकारमय छ । त्यहाँ सर्वोच्च अदालतको मान्छेजस्तो देखिने अध्यक्षले नै राज्यको हितमा यातनालाई मान्यता दिन्छ ।"

सुरुमा मलाई प्रोफेसरको कुरा नैतिक बढाइचढाइ हो भन्ने लागेको थियो । केही खराब प्यालेस्टिनीहरूलाई व्यवस्थित यातना दिइएको कुरा मलाई थाहा थियो । तर, नाजीहरूले गरेको जातिसंहारसँग त्यसलाई दाँजिहाल्नु अतिशयोक्ति हो भन्ने मलाई त्यतिबेला लाग्यो ।

तर, आज म बेग्लै महसुस गरिरहेछु । केही दिनअघि जेरुसेलमका उपमेयर आरिया किङले एउटा फोटो ट्वीट गरे । फोटोमा सयजना जति प्यालेस्टिनीहरूलाई नाङ्गो पारेर बसालिएको थियो । तिनीहरूलाई इजरायली सेनाले गाजाबाट अपहरण गरेका थिए । सबैका हातमा हत्कडी थियो । नाङ्गै बालुवामा बसेका थिए । वरपर इजरायली सेनाको पहरा थियो । किङले लेखे, "इजरायली सेनाले गाजाका नाजी मुसलमानहरूलाई नष्ट गर्दै छ" र "हामीले यसको रफ्तार बढाउनुपर्छ ।" त्यसपछाडि उनले लेखे, "मेरो हातमा हुन्थ्यो भने मैले चारवटा डी-९ बुलडोजर लिन्थेँ र यिनीहरूलाई बालुवाको थुम्कोपछाडि राखेर यी सबका सब नाजीहरूलाई बालुवाले पुर्ने आदेश दिने थिएँ । यिनीहरू मान्छे होइनन्, मान्छेको सक्कलमा पशु हुन्, अर्धमानव हुन्, त्यसैले यिनीहरूसित यस्तै व्यवहार गर्नुपर्छ ।" ट्वीटको अन्त्यमा उनले अमालेकको प्रसङ्ग कोट्याएका छन् । अमालेक बाइबलमा उल्लेख एउटा घुमन्ते जाति थियो । इजरायल युद्धको आरम्भमा इजरायली प्रधानमन्त्री नेतन्याहुले अमालेकको उदाहरण दिँदै सेनालाई सम्पूर्ण प्यालेस्टिनीहरूलाई एकै चिहान बनाउन आदेश दिएका थिए । उपमेयर किङ लेख्छन्, "अमालेकको स्मृति नामेट पार । हामीले यो कुरा कहिल्यै भुल्ने छैनौं ।"

प्यालेस्टिनी व्यक्ति र बालकहरूलाई नाङ्गै पारेर इजरायलले 'हमासलाई पक्रेको' बतायो । वास्तवमा ती व्यक्तिहरू डाक्टर, पत्रकार, व्यवसायी र अन्य सर्वसाधारण थिए र पक्राउ पर्नेमा एकजना १३ वर्षका बालक पनि छन् । उनीहरू बेइत लाहिया सहरमा रहेको राष्ट्रसङ्घको उन्रा पाठशालामा शरण लिइरहेको अवस्थामा पक्राउ परेका थिए । तिनीहरूलाई मनपरी अपहरण गरेर तिनको परिवारबाट अलग्ग गरिएको थियो ।




उपमेयर किङको ट्वीटलाई मिडल इस्ट मोनिटरले पनि पुनः पोस्ट गरेको थियो । त्यसैले यो चर्चाको विषय बन्यो । नत्र यसलाई सेवाप्रदायक सञ्जालले हटाएको थियो । पढ्न पाइन भनेर चिन्ता गर्नुपर्दैन । केही दिनपछि एक बिहान किङले फेरि अर्को ट्वीट लेखे । फोटो उही थियो । केही नयाँ फोटो पनि राखिएको थियो । नयाँ फोटोमा नाङ्गै पारिएका केही प्यालेस्टिनी केटा र युवाहरू ट्रकमा बसिरहेको देखिन्छ । यसपालि आफ्नो ट्वीटलाई किङले बाइबलका हरफहरूबाट सुरु गरे । इन्टरनेटको अलगोरिदमलाई झुक्याउन उनले अमालेकको सन्दर्भ उप्काउँछन् । बाइबलको उद्धरण ( ड्युटरोनोमी २५:१९) अघि सार्दै उनी लेख्छन्, "परमेश्वरले तिमीलाई सबै शत्रुबाट टाढा विरासतमा पाएको भूमिमा आराम दिइरहेको बेला तिमीले यो पातालबाट अमालेकको नामनिसान मेटाउनेछौ । यो कुरा नबिर्स !"

त्यसपछि कुरा अस्पष्ट होला भनेर किङ जोड दिँदै लेख्छन्, "एक अमालेकका सन्तानहरूलाई, मुसलमान नाजीहरूलाई अब के गर्नुपर्छ, बुझ्नुभयो होला नि ?"

हामी नाजी युगमा छौं भन्नेमा अब दुईमत छैन । यहाँनिर नाजी यातनागृह वा होलोकस्टको कुरा आउँछ । नाजी अत्याचार र कुकार्यको झल्को दिने उदाहरणहरू अहिले जताततै देखिन्छ । पत्रकार यिनन मागल यहुदीघर पार्टीका तर्फदेखि सांसद थिए । पछि उनले रेडियो कार्यक्रम चलाउन थाले । केही दिनअघि कार्यक्रम प्रस्तोता मागलले तिनै बन्दीहरूको तस्बिर राखेर सन् १९६७ ताका बन्दी बनाइएका प्यालेस्टिनी बन्दीहरूसँग दाँजे । (त्यसबेलाका बन्दीहरूलाई लुगा खोल्न लगाइएको थिएन ।) पत्रकार मागलले लेखे, "इतिहास दोहोरिन्छ" । उनले अहिलेको तस्बिरलाई सन् १९४८ को नक्बा ( विनाशलीला) र नाजी यातनागृहका तस्बिरसँग दाँजेको भए पनि फरक खान्थेन । मागलले अलि स्पष्ट लेखेनन् । खासमा "इतिहास पटकपटक दोहोरिन्छ ।"

भर्खरैमात्र मागलले बेइत लाहियाको उजाड सडकमा नाङ्गै बसालिएका केटा र युवाहरूको फोटो राखेर पुनः ट्वीट गरे । मागलको प्रश्न थियो, "यसमा महिलाको तस्बिर किन छैन ?"

मागलले एउटा भिडियो पनि साझा गरेका छन् । भिडियोमा गाजामा केही इजरायली सैनिकहरूले गीत गाउँदै नाचिरहेका छन् । मागलले जातिसंहारको स्तुति-गीत अनुमोदन गर्दै लेखे :

*"आएको म गाजा कब्जा गर्न*
*हेजबल्लाको टाउकोमा हान्न*
*एउटै काम हो मेरो*
*अमालेकको जरो उखेल्ने*
*घर छोडेर आएँ म*
*नजितेसम्म फर्किन्न*
*जगजाहेर छ नारा हाम्रो*
*अन्जान कोही छैन ।"*

यो कुनै गाउँले केटाकेटीको गीत होइन । यिनीहरू गाजामा सक्रिय इजरायली सैनिक हुन् । यिनीहरूमध्ये केहीले हाम्रो आँखै अगाडि आततायी जातिसंहार गरे । यिनीहरूले हाकाहाकी गरेको जातिसंहारको वाहवाही गर्नेहरूमा दक्षिणपन्थी अतिवादीहरू मात्र छैनन् । यो भावना सर्वत्र व्याप्त छ ।

यी घटनाक्रम केलाउन असमर्थ केही अभियन्ताहरूसँग म कुराकानी गर्दै छु । त्रासदी र आतङ्कको बाढी लागेको छ । मृतक सङ्ख्या सम्भिसाध्य छैन । राष्ट्रसङ्घका अधिकारीहरू इजरायली आक्रमण चालु गतिमा जनवरीको अन्त्यसम्म जारी रहने बताउँछन् । त्यसपछि इजरायलले 'मन्दगतिमा, अझ स्थानीय शैली' मा युद्ध जारी राख्ने उनीहरूको आकलन छ ।

सारा संसारले प्यालेस्टिनलाई नजिकबाट नियालिरहेको बेला यो जमाना पनि कसरी यति ठुलो आकारमा जातिसंहार हुनसक्छ ? सबैले आफूसित यो प्रश्न गर्दै छन् । यसको उत्तर पनि सबैले थाहा पाएका छन् । सारा संसारले युद्ध रोक्नलाई केही गर्नुभन्दा पनि हात बाँधेर हेरिरहेका छन् । त्यसैले जातिसंहार जातिसंहार चालु छ । यो नरसंहार कहिले रोकिएला ? उत्तर हामीसँगै छ ।

**स्रोत : एमआर अनलाइन**

**अनुवाद : सम्यक**

# बैङ्किङ कसुर मुद्दा : 'सानालाई ऐन, ठूलालाई चैन'



✍ रामप्रसाद प्रजापति

**बैङ्किङ कसुर**

नेपालमा बैङ्किङ कसुरसम्बन्धी कानुन नेपाल बैङ्कको स्थापनादेखि नै हुन थालेको पाइन्छ । प्रख्यात हास्य कलाकार मदनकृष्ण र हरिवंश आचार्यको 'लक्ष्मी' टेली चलचित्रमा बैङ्कमा नक्कली सुन धितो राखी ऋण लिने, खोलामुनिको जग्गा धितो राखी ऋण लिई बैङ्कलाई हानी र आफूलाई नाफा लिई बैङ्किङ कसुर गरेको घटनामा आधारित फिल्म दशकौँअघि नेपाल टेलिभिजनमा प्रशारण भएकै हो ।

व्यापारिक कारोबार तथा बैङ्किङ कारोबारको विस्तारसँगै हाल आएर बैङ्किङ कसुरका प्रकृति र प्रकार व्यापक बनेको छ । अझ पछिल्लो चरणमा विकसित अनलाइन पेमेन्ट गेटवे र विभिन्न प्रकारका अनलाइन भुक्तानी सेवाहरूका कारण बैङ्किङ कसुरका प्रकृतिमा अनगिन्ती झन्झटिला र अप्ठेरा समस्याहरू बढ्न थालेको देखिन्छ ।

नेपाल सरकारले बैङ्किङ तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने कसुरजन्य कार्यबाट बैङ्क तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैङ्किङ तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न बैङ्किङ कसुर तथा सजायका सम्बन्धमा कानुनी व्यवस्था गर्न "बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४" जारी गरेको ऐनको प्रस्तावनामा उल्लेख गरेको पाइन्छ । जसअनुसार बैङ्किङ तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गर्ने उद्देश्य ऐनले बोकेको प्रस्ट हुन्छ ।

**कसुरको मात्रा अनुसार सजाय**

बैङ्किङ कसुर तथा सजायसम्बन्धी उल्लिखित ऐनको परिच्छेद २ का विभिन्न प्रकारका बैङ्किङ कारोबार वा क्रियाकलापलाई बैङ्किङ कसुर मानेर १२ वर्षसम्म कैद तथा बिगो (रकमको थैली) अनुसारको जरिवानासमेतको सजाय हुने व्यवस्था गरेको पाइन्छ ।

ऐनको दफा ३ मा 'अनधिकृत रूपमा खाता खोल्न वा रकम भुक्तानी माग गर्न नहुने' भन्दै नक्कली कागजात वा अरूको काजगपत्र वा काल्पनिक व्यक्ति वा संस्था सृजना गरी खाता खोल्न, रकम निकाल्न वा रकम जम्मा गर्न र खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिन नहुने व्यवस्था गरेको पाइन्छ ।

त्यस्तै दफा ५ मा "अनधिकृत रूपमा रकम निकाल्न वा भुक्तानी दिन नहुने" अर्थात् अनधिकृतरूपमा अन्य व्यक्तिको खाताबाट रकम निकाल्न वा ग्राहकको खाताबाट रकम रकमान्तर गर्न वा भुक्तानी दिन नहुने कानुनी व्यवस्था गरेको छ ।

दफा ६ मा अनुसार "विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिन वा दिन नहुने" अर्थात् क्रेडिट कार्ड, डेबिट कार्ड, अटोमेटेड टेलर मेशिन (एटीएम) कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग गरी रकम भुक्तानी लिन वा दिन हुँदैन ।

"अनधिकृत रूपमा कर्जा लिन वा दिन नहुने" लिए दिए बैङ्किङ कसुर हुने व्यवस्था ऐनको दफा ७ ले गरेको छ । गलत, झूटा वा नभए नरहेको विवरण पेश गरी, अस्वाभाविक रूपमा धितो मूल्याङ्कन गरी, झूटा परियोजनाको लागत बढाई, अख्तियारभन्दा बाहिर गई ऋण कर्जा लिए वा दिएमा बैङ्किङ कसुर ठहऱ्याई सजाय हुने व्यवस्था छ ।

दफा ८ मा कर्जाको दुरुपयोग गरेमा पनि बैङ्किङ कसुर हुने कानुनी व्यवस्था रहेको पाइन्छ । त्यस्तै दफा ९ मा बैङ्किङ स्रोत, साधन र सम्पत्तिको दुरुपयोग गरेमा पनि सजाय हुने व्यवस्था रहेको पाइन्छ ।

दफा १० ले बैङ्क तथा वित्तीय संस्थालाई तिर्नुपर्ने ऋणको भाखा नाघी कालो सूचीमा परेको ऋणीले आफूले तिर्नुपर्ने कर्जा नतिरी स्वदेश वा विदेशस्थित बैङ्क वा वित्तीय संस्थामा खाता खोली रकम राख्न वा त्यस्तो खातालाई निरन्तरता दिन वा सञ्चालन गर्न वा अन्य कुनै तरिकाले कुनै चल वा अचल सम्पत्ति खरिद गर्न वा त्यस्तो सम्पत्ति उपर कुनै तरिकाले हकभोग प्राप्त गर्न नहुने कानुनी व्यवस्था गरेको पाइन्छ ।

त्यस्तै कागजात वा खाताबही सच्याई कीर्ते वा जालसाजी गरी हानी नोक्सानी पुऱ्याउन नहुने, बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्था वा सङ्घलाई झुक्याई काम कारोबार गर्न नहुने, बढी, कम वा गलत मूल्याङ्कन तथा वित्तीय विवरण तयार गर्न नहुने, अनियमित आर्थिक तथा वित्तीय कारोबार गर्न गराउन नहुने, ढुकुटीको कारोबार गर्न नहुने र गैरकानुनीरूपमा बैङ्किङ कारोबार गर्न नहुने व्यवस्था गरी ती क्रियाकलाप गरे गराएमा बैङ्किङ कसुर हुने कानुनी व्यवस्था रहेको पाइन्छ ।

आज हामी ती विभिन्न प्रकृतिका, विभिन्न प्रकारका बैङ्किङ कसुरहरूमध्ये चेक काटी दिएका कारण सृजना हुने असर, परिणाम र लाग्न सक्ने बैङ्किङ कसुरसम्बन्धी मुद्दाका बारेमा सामान्य चर्चा गर्न खोज्दै छौँ ।

**चेक काटे कैद**

बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ ले अनधिकृत रूपमा खाता खोल्न वा रकम भुक्तानी माग गर्न नहुने शीर्षकमा हुन सक्ने बैङ्किङ कसुरका सम्बन्धमा शीर्षकसँग मेल नखाने गरी उक्त दफा ३ (क) र (ख) पछि २०७३ सालमा भएको ऐनको पहिलो संशोधनले उपदफा (ग) थप्दै "आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिएमा बैङ्किङ कसुर हुने र बिगो (थैली) रुपैयाँको मात्राअनुसार दश लाख रुपैयाँसम्मको बिगो भएमा एक वर्षसम्म कैद, सोभन्दा माथि पचास लाखसम्म भए दुईदेखि तीन वर्षसम्म कैद, एक करोडसम्म भए तीनदेखि चारवर्षसम्म कैद, दश करोडसम्म बिगो भए चारदेखि ६ वर्षसम्म कैद, पचास करोडसम्म भए ६ देखि आठ वर्षसम्म, एक अर्बसम्म भए आठदेखि दश वर्षसम्म र एक अर्बभन्दा माथि जतिसुकै भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था गरेको पाइन्छ ।

यसरी शीर्षकमा खाता खोल्न वा रकम भुक्तानी माग गर्न नहुने भनिए तापनि दफा ३ (ग) मा आफ्नो खातामा रकम नभएको जानी जानी चेक काट्नेलाई उल्लिखितबमोजिमको सजाय हुने कानुनी व्यवस्था जबरजस्ती प्रवेश गराएको देखिन्छ ।

कसले प्रवेश गरायो होला त ? भन्ने प्रश्नमा उल्लिखित कानुनी व्यवस्था रकम भुक्तानी लिन पर्ने ठूलठूला व्यापारीहरूले आफ्नो बाँकी बक्यौता उठाउन सक्ने कानुनी हतियार तयार गर्न बैङ्क तथा वित्तीय संस्था तथा सरकारी मानिसहरूको मिलोमत्तोमा उक्त कानुन तयार गरेको व्यापक चर्चा छ ।

अन्यथा बैङ्किङ कारोबार नभएका तथा कारोबार भए तापनि ससाना रकमको चेक काटी लिनेदिने गर्दै विश्वास र व्यावहारिक आधारमा कारोबार गर्दै आएका ससाना व्यापारीहरूका लागि उल्लिखित कानुनी व्यवस्थाले कुनै सकारात्मक असर र परिणाम ल्याउन सक्ने अवस्था देखिन्न । बरु उल्टै ठूला व्यापारी, उद्योपतिहरूले ससाना कारोबारीहरूलाईसमेत ससाना रकमको चेक काटी दिएका भरमा पनि प्रहरीमा जाहेरी दिई पक्राउ गर्न लगाउने, बैङ्किङ कसुरसम्बन्धी मुद्दा चलाउन लगाउने, थुन्न लगाउनेजस्ता नकारात्मक असर व्यापक देखिन थालेको छ ।

**सानालाई ऐन, ठूलालाई चैन**

यसकारणले पनि अहिले सामाजिक सञ्जालमा "नेपाल सरकारले मान्छे काट्नेलाई पक्राउ गरी थुन्न सक्दैन, चेक काट्नेलाई थुन्छ ।" भन्ने जस्ता ससाना व्यापारी तथा कारोबारीहरूको दुःख, पीडा, वेदनाका कुराहरू भाइरल भइरहेको देखिन्छ ।

दश लाख रुपैयाँसम्मको चेक काट्नेलाई एक वर्षसम्म कैद सजाय हुन सक्ने कानुनी व्यवस्थाले भन्दा जुनसुकै अङ्कको चेक काटेको बहानामा प्रहरीमा जाहेरी दिने र मान्छे पक्राउ गराई दुःख हैरानी दिने, अनधिकृतरूपमा रकम असुल गर्ने, थुनामा राख्ने, जुनसुकै व्यहोराले लिनुदिनु गरेको भए तापनि चेक काटेकै भरमा जाहेरी लिई प्रहरीले मान्छे हिरासतमा लिने, थुन्ने कार्य गर्दा ससाना व्यापारी, कारोबारीहरूलाई निक्कै नोक्सानी तथा अन्याय व्यहोर्नुपरेको, मानसिक तथा शारीरिक यातना भोग्न बाध्य हुनु परेकोले चेक काटेकै भरमा मान्छे पक्राउ गर्ने कानुनले "सानालाई ऐन र ठूलालाई चैन" भन्ने नेपाली उखाने चरितार्थ हुन पाइरहेको व्यापक चर्चाको विषय बनेको छ ।

सर्वोच्च अदालतले विभिन्न मुद्दाहरूमा चेक काटेकै भरमा बैङ्किङ कसुर गरेको भनी हाल्न, मानी हाल्न हुँदैन, कुनै किसिमको लेनदेनको क्रममा एक आपसमा विश्वसनियता कायम गर्न अथवा रकम, सेवा वा वस्तु भुक्तानीको सुनिश्चितताका लागि पनि चेक लिनुदिनु गरेको हुन सक्ने, कसैले अन्य कसैको जमानी (ग्यारेण्टी) को लागि पनि चेक काटी दिएको हुन सक्ने हुँदा चेक काटेकै कारणले मात्रै बैङ्किङ कसुर गरेको मानेर कारवाही गर्न वा थुनामा राख्न तथा सजाय गर्न हुँदैन भने तापनि प्रारम्भिक चरणमा अनुसन्धानकै नाममा पनि मान्छे पक्राउ गर्ने र हिरासतमा लिने, मुद्दा दायर गर्ने र अदालतबाट मागेको धरौटी रकम जम्मा गर्न नसके थुनामा बस्न बाध्य हुने परिस्थिति यथावत् कायम छ ।



**सर्वोच्च अदालतले के भने**

जबकि नेपाल सरकारविरुद्ध गीता स्थापित भएको नि.नं.९८९९ को मुद्दामा आफ्नो खातामा पर्याप्त रकम नभएको कुराको जानकारी हुँदाहुँदै खाताको रकमले नखाम्ने गरी चेक काटिदिएको अवस्थामा विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ (क) अन्तर्गत चेक अनादर मुद्दा चलाउन सक्नेमा सरकार वादी फौजदारी मुद्दाअन्तर्गत मान्न सकिने अवस्था नरहने भनी बैङ्किङ कसुर नमानेको नजिर पनि रहेको छ ।

त्यस्तै निर्मला सोडारीविरुद्ध नेपाल सरकार भएको नि.नं. १०४४६ को मुद्दामा पनि कानुनमा कार्यविधिको दोहोरोपन रहेको अवस्थामा दुनिया वादी भई चल्न सक्ने फौजदारी प्रकृतिका कसुरको न्यायिक उपचार पीडितको फिरादबाटै हुनसक्ने हुँदा सरकार वादी फौजदारी बनाई चलाउन उपयुक्त नहुने व्याख्या भएको पाइन्छ ।

यसरी सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा पटक पटक व्याख्या भइसकेको विषयलाई पनि महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रशासन तथा बैङ्क तथा वित्तीय संस्थामा आफ्नो एकाधिकार कायम राख्ने माफिया तथा केही ठूला उद्योगी व्यापारीहरूको पक्षमा सामान्य रकम अर्थात् केही हजार वा केही लाख रुपैयाँको चेकको कारोबार गर्ने मानिसदेखि एउटै चेकबाट अरबौँ रुपैयाँको कारोबार गर्ने मानिसहरूलाई एउटै टोकरीमा राखी चेक काटेकै भरमा प्रहरीले फोन गर्न लाउने, पक्राउ गरी गैरकानुनी रूपमा थुनामा राख्ने, रकम झरेन भने जाहेरी दर्ता गराई हिरासतमा लिने, अनुसन्धानको नाममा हिरासतमा राखीराख्ने, बैङ्किङ कसुर मुद्दा चलाई धरौटी माग गरेअनुसारको धरौटी जम्मा गर्न नसके थुनामा राखी सर्वसाधारण ससाना व्यापारी तथा व्यवसायीहरूलाई हैरानी, मानसिक यातना तथा अन्याय हुनुका साथै सरकारले हिरासत तथा जेलको क्षमताभन्दा चार गुणा थुनुवा कोचेर राख्न बाध्य भएको अवस्था छ ।

**चेक पनि लेनदेन नै हो**

चेक अनादर अर्थात् चेक बाउन्स भए लेनदेन सरह चेक काटेको मितिले ५ (पाँच) वर्षभित्र विनिमय अधिकारपत्र ऐन, २०३४ बमोजिम मुद्दा दायर गरी साँवा ब्याज भराई लिन पाउने तथा खातामा पर्याप्त रकम नभएको जानीजानी चेक काटेको भए ३ महिनासम्म कैद सजाय हुने कानुनी व्यवस्था हुँदाहुँदै बैङ्किङ कसुर तथा सजाय ऐनमा २०७३ सालमा पहिलो संशोधनद्वारा जबरजस्ती दफा ३ (ग) थपी चेक काटेकै भरमा मान्छे थुन्ने कानुन प्राकृतिक न्यायको सिद्धान्त, न्यायको सम्बन्धी प्रचलित कुनै पनि दृष्टिकोणबाट उपयुक्त नरहेकोले चेक काटेको विषयमा जुन सानालाई ऐन र ठूलालाई चैनको अवस्था छ त्यसलाई हटाई वा संशोधन गरी न्यायपूर्ण एवं स्पष्ट कानुनी व्यवस्था निर्माण गर्नु जरुरी छ ।

*२०८० पुस ७*

# साम्राज्यवादी युद्धविरुद्ध चाँगुनारायण नगरपालिकाको दाहाल गाउँदेखि न्यौपाने गाउँसम्म भएको जुलुस






# नेपाली जनता र चिनियाँ जनताबिचको सम्बन्ध अझ प्रगाढ हुनेछ

भक्तपुर नगरपालिकाको निमन्त्रणामा आउनुभएका मित्र देश जनवादी गणतन्त्र चीनको स्–छुवान प्रान्तको लशान नगरपालिकाका उपप्रमुख लेइ चियनसिन, टोलीमा सहभागी सम्पूर्ण प्रतिनिधिमण्डलका सदस्यहरू र यस समारोहमा उपस्थित जनप्रतिनिधिहरू तथा आदरणीय व्यक्तित्वहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछौँ ।

देशको सानो नगरमध्ये एक भक्तपुर नगरपालिका नेपालको राजधानी काठमाडौँबाट १३ कि.मि. पूर्वमा अवस्थित छ । सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक दृष्टिले यो अत्यन्त महत्त्वपूर्ण नगर हो । आठौँ शताब्दीमा स्थापित यो नगर १२ औँदेखि १५ औँ शताब्दीसम्म राजधानी नगरको रूपमा रहेको र १८ औँ शताब्दीसम्म स्वतन्त्र राज्यको रूपमा रहेको थियो ।

भक्तपुरको दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण क्षेत्रहरू हुन् । दरबार क्षेत्रमा अवस्थित ५५ झ्याल दरबार र सुनढोका, टौमढी टोलमा रहेको नेपालकै अग्लो पाँचतले मन्दिर (ङातापोल्हँ) र दत्तात्रयमा अवस्थित मयुर झ्याल वास्तुकलाको दृष्टिले अनुपम उदाहरणहरू हुन् । समय समयमा हुने जात्रा, पर्व, नाचगानजस्ता अमूर्त सम्पदाहरू र विश्व प्रख्यात सम्पदाहरूकै आधारमा सन् १९७९ मा युनेस्कोले ती क्षेत्रहरूलाई विश्व सम्पदा सूचीमा सूचिकृत गरेको थियो । ती क्षेत्रहरूको अवलोकन भ्रमणको लागि हरेक वर्ष संसारका विभिन्न देशबाट लाखौँ पर्यटकहरू आउने गर्छन् । भक्तपुर भ्रमण गर्ने पर्यटकहरूबाट केही शुल्क उठाई त्यस रकमबाट भक्तपुरको मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइ, खेलकुदलगायतका क्षेत्रमा खर्च गर्दै आएका छौँ ।

राजनैतिकरूपमा यो नगर १० वटा वडामा विभाजित छ । ९० प्रतिशतभन्दा बढी नेवार जाति रहेको यो नगरमा वि.सं. २०७८ को जनगणनाअनुसार ७८,८५४ जना स्थायी बसोबास गर्ने जनसङ्ख्या रहेको तथ्याङ्क छ । कृषि यहाँका मानिसहरूको मुख्य पेसा रहेको र घरेलु तथा साना उद्योग, व्यापार व्यवसाय, पर्यटन, हस्तकला आदि यहाँका नागरिकहरूका रोजगारीका क्षेत्रहरू हुन् ।

नगरसभा नगरपालिकाको उच्च निकाय हो । कानुनी व्यवस्थाअनुसार प्रमुख, उपप्रमुखसहित वडावडाबाट निर्वाचित जनप्रतिनिधिहरू नगरसभाका सदस्य रहनेछन् । नगरसभाले नगरको आवश्यकताअनुसार ऐन, नियम, विनियमहरू बनाउँछ । जनताको हितमा कानुनहरू निर्माण गरी हामीले कार्यान्वयन गर्दै आएका छौँ ।

२०७२ सालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणपछि दुईवटा स्थानीय तहका निर्वाचनहरू सम्पन्न भए । ती दुवै निर्वाचनहरूमा यस नगरपालिकाका सम्पूर्ण वडाहरूमा नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू निर्वाचित भए । नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवादलाई विश्वास गर्ने कम्युनिस्ट पार्टी हो । मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्ग निर्देशक सिद्धान्तको रूपमा अङ्गीकार गर्दै आएको यो पार्टीले निर्वाचनलाई पनि जनताको हितमा उपयोग गर्दै आएको छ । नेपाल मजदुर किसान पार्टीको नेतृत्व नेपालका वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले गर्दै आउनुभएको छ ।

उहाँले आजभन्दा दुई दशक अगाडि भक्तपुरको भविष्यको कल्पना गर्दै 'सय वर्षपछिको भक्तपुर' नामको पुस्तक प्रकाशित गर्नुभयो । त्यो पुस्तक नै भक्तपुर नगरपालिकाको अहिले काम गर्ने मार्गचित्र बनेको छ । हामी पार्टीको नीति र निर्देशनमा रहेर भक्तपुरको विकासको निम्ति जनताको सेवामा समर्पित भएर काम गर्दै छौँ । भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल, सांस्कृतिक नगर बनाउने हाम्रो उद्देश्य हो ।




- सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

यस नगरमा चिनियाँ कम्युनिस्ट पार्टीका नेता तथा सरकारका उच्चपदस्थ पदाधिकारीहरूले बराबर भ्रमण गर्नुभएको छ । २०८० जेठ १७ गते जनवादी गणतन्त्र चीनको स्–छुवान प्रान्तका पार्टी सचिव वाङ स्याओहुई, २०८० साउन ८ गते चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य तथा छोङछिङ नगरपालिकाको पार्टी समितिका सचिव युआन चियाच्युन र २०८० कार्तिक २६ गते चीनको सिन्चाङ (तिब्बत) स्वायत्त क्षेत्रका चिनियाँ कम्युनिस्ट पार्टीका सचिव वाङ च्युङचङले नेपाल मजदुर किसान पार्टीका आदरणीय नेता नारायणमान बिजुक्छेँ (रोहित) सित भेटघाट गरी दुई देश र दुई पार्टीबिच सम्बन्ध विस्तारको बारेमा छलफल गर्नुभएको थियो । त्यसैगरी २०८० असार १४ गते जनवादी गणतन्त्र चीनको सान्तोङ प्रान्तको हुआन थाई नगरपालिकाका प्रतिनिधिमण्डललगायतले भक्तपुरको अवलोकन भ्रमण गरेको थियो भने २०८० मङ्सिर ३ गते चिङकाङशान नगरपालिकाका उपप्रमुख ह्वामिङले पनि यस नगरपालिकाको भ्रमण गर्नुभएको थियो । त्यस क्रममा भएको भेटघाटमा दुई नगरपालिकाबिच सम्बन्ध विस्तार र आपसी अनुभव आदानप्रदान गरी अगाडि बढ्नेबारे सकारात्मक छलफल भएको थियो । अहिले हामी लसान नगरपालिकाका उपप्रमुखको नेतृत्वमा आएको प्रतिनिधिमण्डलाई स्वागत गर्दै छौँ । समयसमयमा हुने चिनियाँ उच्चस्तरीय प्रतिनिधिमण्डललाई हामीले यस नगरमा स्वागत गर्न पाउँदा हामी अत्यन्त खुसी छौँ । यस्ता अवसरहरू फेरि फेरि पनि पाइरहने आशा गर्छौं ।

कोभिड-१९ ले विश्व आक्रान्त भएको बेला चिनियाँ सरकारले त्यसको विरुद्ध खोपको उत्पादन गरी विश्वका जनतासँगै नेपाली जनतालाई पनि सहयोग गरेको थियो । त्यो गुणलाई नेपाली जनताले कहिल्यै बिर्सने छैनन् । त्यस सङ्कटको घडीमा भक्तपुर नगरपालिकाको भगिनी सम्बन्ध रहेको चीनको तिब्बत स्वशासित क्षेत्रस्थित सान्नान नगरपालिकाले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई विभिन्न स्वास्थ्य उपकरणहरू उपलब्ध गराएर सहयोग गरेको थियो । हामी यसै कार्यक्रममार्फत पनि उहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ ।

चिनियाँ कम्युनिस्ट पार्टीको तर्फबाट नेपाल मजदुर किसान पार्टीलाई त्यतिबेला स्वास्थ्य सामग्रीहरू उपलब्ध गराएको थियो । नेपाल मजदुर किसान पार्टीलाई प्राप्त ती स्वास्थ्य सामग्रीहरू पार्टी सचिव एवं सांसद प्रेम सुवाल स्वयम् ख्वप अस्पताललगायत देशका विभिन्न अस्पतालहरूमा पुगेर वितरण गर्नुभएको पनि यो अवसरमा जानकारी गराउन चाहन्छौँ ।

भक्तपुर नगरपालिकाले शिक्षामा वडावडामा शिशुस्याहार तथा बालविकास केन्द्रहरू सञ्चालन गर्दै आएको छ । यस नगरमा ९२ वटा विद्यालयहरू छन् । नगरपालिकाले उच्च शिक्षा प्रदान गर्न २ वटा इन्जिनियरिङ कलेजहरूसहित ८ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ । ती शिक्षण संस्थाहरूमा देशका ७७ वटै जिल्लाका विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । शिशुस्याहार केन्द्रदेखि उच्च शिक्षा प्रदान गर्ने कलेजहरू सञ्चालन गर्ने भक्तपुर नेपालको एक मात्र नगरपालिका हो । हामीले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी पनि गरिरहेका छौँ ।

घरदैलो नर्सिङ, वडावडामा स्वास्थ्य उपचार केन्द्र र १०० शय्याको आफ्नै स्वामित्वमा ख्वप अस्पताल तथा श्वासप्रश्वास केन्द्र सञ्चालन गरी कम शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएका छौँ भने नगरपालिकाकै व्यवस्थापनमा सञ्चालित ख्वप तिलगङ्गा आँखा अस्पताल र नागरिक आरोग्य केन्द्रले पनि जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल र शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्रसमेत गरी यस नगरमा ४ वटा सरकारी अस्पतालहरू सञ्चालनमा छन् ।

यहाँका सम्पदाहरूको संरक्षण गरी पर्यटन उद्योग विकास गर्नेतर्फ हामीले ध्यान दिइरहेका छौँ । २०७२ सालको भूकम्पले यहाँका धेरै घरहरू भत्केसँगै सयौँ सम्पदाहरू क्षतिग्रस्त भए । नगरपालिकाले तीमध्ये धेरै सम्पदाको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गर्‍यो । आत्मनिर्भरतालाई जोड दिँदै यस नगरपालिकाले स्थानीय सीप र प्रविधिको प्रयोग गरी मौलिक शैलीमा सम्पदाहरू संरक्षणमा जोड दिइआएको छ । अझै केही सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार कार्य जारी छन् ।

नेपालको जीवित सङ्ग्रहालयको रूपमा रहेको यस नगरलाई अझ समृद्ध बनाई देशको उत्कृष्ट नगरपालिका बनाउन हामी कार्यरत छौँ ।

नेपालको भक्तपुर नगरपालिका र चीनको स्–छुवान प्रान्तको लशान नगरपालिकाबिच मैत्रीपूर्ण सहकार्य र सम्बन्ध स्थापना गरी उपयुक्त समयमा भगिनी सम्बन्ध कायम गर्ने उद्देश्यले आज यो समझदारीपत्रमा हस्ताक्षर गर्दै छौँ । आगामी दिनमा यस समझदारी पत्रमा उल्लेख भएबमोजिम दुई नगरपालिकाबिच समानता र पारस्परिक हितलाई ध्यानमा राखेर अर्थतन्त्र, व्यापार, शिक्षा, स्वास्थ्य, संस्कृति, पर्यटन, हस्तकला, खेलकुदलगायतका क्षेत्रमा सहयोग आदानप्रदान हुने आशा गर्छौं ।

हामी चीनलाई सधैँ असल मित्रको रूपमा लिन्छौँ । नेपाली जनता र चिनियाँ जनताबिचको सम्बन्ध अझ प्रगाढ बन्दै जाने विश्वास व्यक्त गर्दछौँ । धन्यवाद !

*(सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको भक्तपुर नगरपालिका र जनवादी गणतन्त्र चीनको स्–छुआन प्रान्तको लशान नगरपालिकाबिच पुस ३ गते (१९ डिसेम्बर) का दिन मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापनासम्बन्धी समझदारी पत्रमा हस्ताक्षर समारोहमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

# देशका विभिन्न ठाउँमा स्तालिन जयन्ती मनाउने क्रम जारी

**काठमाडौँ**

विश्व सर्वहारावर्गका महान् नेता जोसेफ स्तालिनको जन्म दिवसको अवसरमा नेमकिपा काठमाडौँको आयोजनामा शुक्रबार क्षेत्रपाटीमा एक अन्तरक्रियात्मक प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले अक्टोबर क्रान्तिको सफलताले युरोपको सबभन्दा पिछडिएको रुस विश्वको महाशक्ति बनाउन सफल भएको बताउनुभयो ।

मार्क्सवादको पहिलो पटक व्यवहारिकरूपमा सफल प्रयोग सोभियत रुसमा भएको चर्चा गर्दै पुँजीवादले २ सय वर्ष लगाएर गरेको विकास सोभियत समाजवादले ४० वर्षमा गरेको थियो, उहाँले भन्नुभयो ।

केन्द्रीय सदस्य महर्जनले भन्नुभयो, "स्तालिन एक लेखक हुनुका साथै कुशल सङ्गठक र रणनीतिज्ञ हुनुहुन्थ्यो । स्तालिनले लेनिनको निधनपछि सन् १९२४ देखि १९५३ सम्म करिब ३० वर्ष सोभियत सङ्घलाई नेतृत्व दिई एक महाशक्ति देशको रूपमा स्थापित गर्नुभयो ।"

नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले भन्नुभयो, "स्तालिनको त्याग तपस्या र बलिदानी भावनाबाट हामीले शिक्षा लिन सकिन्छ । शत्रुको अगाडि ढुङ्गासरि कडा र जनताको अगाडि घ्युजस्तै नरम व्यक्तित्व हुनुहुन्थ्यो ।"

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले स्तालिनको दूरदर्शी नेतृत्वको कारण दोस्रो विश्वयुद्धमा हिटलरको पतन भएको बताउनुभयो ।

सोभियत सङ्घकै उदयले गर्दा एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरू उपनिवेशबाट स्वतन्त्र बन्न सफल भएको उहाँले बताउनुभयो ।

एन. महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा श्यामकुमार महर्जन, ज्ञानुमैया दराई, विश्वक डंगोल तथा राजु कपालीले पनि बोल्नुभएको थियो ।

**सुर्खेत**

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति सुर्खेतको आयोजनामा विश्व सर्वहारावर्गका गुरु जे. भी. स्तालिनको जन्मदिनको अवसरमा अन्तरक्रिया कार्यक्रम वीरेन्द्रनगरमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरुङले स्तालिनको योगदानको चर्चा गर्दै लोभलालच गर्ने मानिस कम्युनिस्ट पार्टीको कार्यकर्ता हुन नसक्ने बताउनुभयो । हाम्रा बालबालिकालाई असल शिक्षा दिनुपर्ने उल्लेख गर्दै उहाँले रुसमा स्तालिनको नेतृत्वमा समाजवादको रक्षा र विकासमा महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले स्तालिनले सोभियत सत्ताको रक्षा गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको चर्चा गर्दै विरोधीहरूले पार्टी सङ्गठनलाई तहसनहस पार्ने भएकाले पार्टी कार्यकर्ताहरू सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी सुर्खेतका पूर्वसचिव धनेन्द्र विक, नेक्रायुसङ्घका उपाध्यक्ष लालबहादुर थापा, नेक्राकिसङ्घका केन्द्रीय सदस्य प्रेम थापा, कर्मचारी समाजका उपाध्यक्ष धनबहादुर रावत, नेक्रा मजदुर सङ्घका केन्द्रीय सदस्य अकल राना, नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य विजुकला राना, नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका सचिव कल्पना शाही, कर्मचारी समाजका अङ्गबहादुर शाही र राधिका शाहीले बोल्नुभएको थियो

कार्यक्रम नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका अध्यक्ष तुल्सी खड्काको अध्यक्षतामा सम्पन्न भएको थियो ।

**कैलाली**



नेपाल क्रान्तिकारी विद्यार्थी हित समिति लम्किचुहा एकाइ समितिको आयोजनामा जोसेफ स्तालिन दिवसको अवसरमा लम्किचुहा न.पा.वडा नं ४ अमरपुरमा प्रशिक्षण कार्यक्रम तथा विद्यार्थी भेला सम्पन्न भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पुँजीवादी र प्रतिक्रियावादीहरूले कम्युनिस्टहरूको बारेमा गलत प्रचार गरेको कुरा स्मरण गराउनुभयो ।

उहाँले समाजवादी व्यवस्थाको निम्ति सङ्घर्ष गरेका महान् गुरु जोसेफ स्तालिनको जीवनीबाट समाजवादी व्यवस्थाको लागि सङ्घर्ष गर्ने प्रेरणा मिलेको बताउनुभयो ।

उहाँले महान् व्यक्तिहरूको अनुभवबाट हाम्रो जीवन र समाजमा आइपर्ने समस्या समाधान गर्न सकिने बताउनुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले विद्यार्थीले राजनीतिको बारेमा जानकारी लिनुपर्ने र असल राजनीतिमा संलग्न हुनुपर्ने बताउनुभयो ।

उहाँले एउटा गरिब परिवारमा जन्मेको जोसेफ स्तालिनले विशाल सोभियत सङ्घको नेतृत्व गरेर उदाहरणीय कार्य गरेको बताउनुभयो ।

भेलामा नेक्राशिसङ्घ कैलाली अध्यक्ष गुप्तबहादुर शाहीले जोसेफ स्तालिनको जीवनीबारे बताउनुभयो । उहाँले विद्यार्थी जीवनदेखि जनताको राजनीति र राज्य सञ्चालन कसरी गर्नुपर्छ भन्ने कुरा सिक्न आवश्यक भएको बताउनुभयो ।

भेलाबाट मीनराज जैशीको अध्यक्षतामा ५ सदस्यीय नेक्राविसङ्घ अमरपुर टोल एकाइ समिति गठन गरियो । भेलामा नेक्राविसङ्घ कैलाली अध्यक्ष हिक्मत भण्डारी र विद्यार्थी हित समिति अमरपुरका अध्यक्ष मीनराज जैशीले पनि बोल्नुभएको थियो ।

**कालीकोट**

नेपाल मजदुर किसान पार्टी तिलागुफा नगरपालिका वडा नं. ९,१० र ११ को संयुक्त आयोजनामा स्तालिनको १४५ औँ स्थापना दिवस कार्यक्रम सम्पन्न भयो ।

नेमकिपा तिलागुफा नगर समितिका अध्यक्ष चन्द्रबहादुर रोकायाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय उपाध्यक्ष नरदिप शाहीले स्तालिनले सोभियत सङ्घमा सामान्य परिवारमा जन्मिएर पनि रुसका सर्वहारावर्गका जनताको पक्षमा गरेको योगदानको चर्चा गर्नुभयो ।

स्तालिनको दूरदृष्टिले नै तत्कालीन सोभियत सङ्घले पुँजीवादले ३ सय वर्षमा गर्न नसकेको विकास सोभियत सङ्घले ४० वर्षमै गरेर देखाएको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी अन्तर्राष्ट्रवादी कम्युनिस्ट पार्टी भएकोले संसारका कामदार जनताको दु:खलाई एक एक गरी नियाल्ने र सबैखाले अत्याचारको निन्दा गर्ने बताउनुभयो । संसारभर प्रजातन्त्र र मानव अधिकारको चर्को कुरा गर्ने अमेरिकी साम्राज्यवादले प्यालेस्टिनमाथि हमला गरेर हतियार व्यापार गरिराखेको उहाँले बताउनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटका अध्यक्ष खड्गराज शाहीले स्तालिनको जीवनीबारे चर्चा गर्दै पार्टी कार्यकर्ताले स्तालिनको जीवनीबाट सिकेको कुरा पार्टी समर्थकलाई बताउनुपर्ने बताउनुभयो । कम्युनिस्ट नामको सरकार देशका बेरोजगार युवाहरू विदेशमा सस्तो ज्यामीको रूपमा पठाउन र देश दिनप्रतिदिन खन्डहर बनाउन तल्लीन रहेको बताउनुभयो ।

कार्यक्रममा पार्टी जिल्ला समिति सचिव धनञ्जय अधिकारी र जिल्ला समिति सदस्य नरेन्द्रबहादुर रोकायाले बोल्नुभएको थियो ।

**भैरहवा**

विश्व सर्वहारा वर्गका महान् नेताहरू जोसेफ स्तालिन र माओ त्सेतुङ जन्मजयन्तीको अवसरमा शनिबार भैरहवामा छलफल कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी रूपन्देहीका अध्यक्ष हरिसुन्दर वासीले महान् नेताहरू स्तालिन र माओको जीवनबाट सिकेर नेपाली कामदार जनताको हितमा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षशील हुनु आवश्यक छ भन्नुभयो ।

स्तालिनको षड्यन्त्रपूर्वक हत्यापछि विश्व साम्राज्यवादी अमेरिकाको एक धुव्रमा केन्द्रित भएको चर्चा गर्दै अध्यक्ष वासीले पतनोन्मुख साम्राज्यवादी अमेरिका र समाजवादी विशेषतासहितको उदीयमान चीनको अवस्थाको कारण विश्व व्यवस्थामा परिवर्तन आइरहेको छ भन्नुभयो ।

साम्राज्यवादी अमेरिकाको उक्साइमा फासीवादी इजरायलले प्यालिस्टिनी अस्पतालहरूमा समेत क्रूर आक्रमण गरिरहेको उल्लेख गर्दै अध्यक्ष वासीले फासीवादी - साम्राज्यवादी आक्रमणको विरोधमा विश्वका न्यायप्रेमी जनताको आन्दोलन उर्लिरहेको छ भन्नुभयो ।

छलफलमा नेपाल क्रान्तिकारी युवा सङ्घ रूपन्देहीका अध्यक्ष हिमलाल पाण्डे र नेपाल क्रान्तिकारी महिला सङ्घ रूपन्देहीका अध्यक्ष सुशीला पौडेलले हरिबहादुर श्रेष्ठद्वारा लिखित स्तालिन र माओको जीवनीबारे प्रकाश पार्नुभयो ।